# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल सानो भए तापनि प्राकृतिक स्रोत साधनले सम्पन्न विश्वमा परिचित भएको एक कृषि प्रधान देश हो । २ करोड ६४ लाख ९४ हजार ५०४ जनसंख्या भएको हाम्रो सुन्दर देश नेपालमा १२५ वटा जाति/जनजाति छन् । यहाँ १२३ प्रकारका भाषाहरु मातृभाषाको रुपमा रहेको पाइन्छ जसमध्ये ४४.६% ले नेपाली भाषालाई नै मातृभाषा माग्दछन् । नेपालमा १० प्रकारका धर्महरु मानिन्छन् जसमध्ये हिन्दु धर्म मान्ने ८१.३% छन् । नेपालको साक्षरतालाई हेर्दा ६५.९% देखिन्छ जहाँ महिलाको साक्षरता ५६.४% र पुरुषको साक्षरता ७५.१% छ (केन्द्रीय तथ्याङ्क विभाग, २०११)

हाम्रो देश नेपालमा अनेक जातजाति छन् । अनेक थरिका भाषा बोलिन्छन् । अनेक थरीका धर्मप्रति आस्था राखिन्छन् र अनेकथरी चाडपर्व र जात्रा मनाइन्छन् । त्यसैले नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो । अवसर हिन्दु धर्मको बाहुल्यता भए पनि यहाँ बौद्ध, क्रिश्चियन, इसाई, प्रकृति र जैन जस्ता धर्महरु मानिन्छ । नेपालमा विभिन्न जातजाति र धर्मालम्बीको बासस्थान भए पनि साम्प्रदायिकताको गन्ध नआउने मुलुक हो ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराइसम्म बसोबास गरेका सबै जाति जनजाति, सिङ्गो नेपाली संस्कृतिका अभिन्न अंगका रुपमा रहेका छन् । यहाँ ५९ वटा जनजाति रहेको पाइन्छ । चौँरीको रगत पिउने पर्व, लासलाई टुक्रा पारी चिल र गिद्धलाई खुवाउने चलनदेखि लिएर देवतालाई बली दिएको पशुको कलेजो हेरेर सकुन, अपशकुन छुट्याउने परम्परा बोकेका जनजाति छन् । (पाण्डे, २०६३) केन्द्रीय तथ्याङ्क विभाग २०११ को प्रतिवेदनमा नेपालमा १२५ वटा जाति जनजाति रहे पनि चेपाङ्ग राउटे जस्ता अति कम संख्याका आदिवासी समूह देखि मगर, गुरुङ, राई, लिम्बु जस्ता बढी जनसंख्या भएका जनजाति समूह पनि यहाँ बसोबास गर्दछन् । यिनीहरुका आ-आफ्नै संस्कार, भेषभुषा र परम्पराहरु रहेका छन् । त्यसैले नेपाल एक जातीय विविधता भएको मुलुक हो भन्न सकिन्छ ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने पर्वत जिल्ला नेपालको चौंथो सानो जिल्ला हो । धौलागिरी अञ्चलको प्रवेश द्वारको रुपमा रहेको यो जिल्लामा ४७ गा.वि.स. र एक नगर पालिका रहेका छन् । नेपालको अग्लो झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने यस जिल्ला अन्तर्गत पर्ने थापाठाना गा.वि.स. जिल्ला सदरमुकाम कुस्मा देखि झण्डै ५.५ को टाढा रहेको छ । ९ वटा वडा र २४ वटा वस्तीमा विभक्त भएको यो गा.वि.स.मा कूल ६४९ घरधुरी रहेका छन् भने जनसङ्ख्या ४२१५ देखिन्छ । जसमध्ये पुरुषको जनसंख्या २१६४ र महिलाको जनसंख्या २०५१ छ । कूल २५ वटा जाति जनजाति वसोवास भएको यो गा.वि.स.मा  मुख्य पेशाको रुपमा कृषि, स्वदेशी एवं विदेशी नोकरी, व्यापार, पशुपालन आदि देखिन्छ । हिन्दु धर्मको बाहुल्यता बढी भएको यो गा.वि.स. पहाडी दुर्गम गा.वि.स.को रुपमा चिनिन्छ । गा.वि.स.मा हाल ४६१ जना बैदेशिक रोजगारका लागि विदेश गएको तथ्याङ्क देखिन्छ । (गा.वि.स वस्तुगत विवरण २०६९)

थापाठाना गा.वि.स अन्तर्गत वडा नं १ मा पर्ने खुम भन्ने गाउँ २ वटा वस्तीमा विभाजित छ । कूल ९९ वटा घर परिवार रहेका २ वटा वस्तीमा दुई थर भएका राना मगर र थापा मगर परिवारहरु वसोवास गर्दछन् । भिरालो भु-बनोटमा बनाईएका वाक्ला घरहरु धार्मिक एवं पर्यटकीय दृष्टिकोण महत्वपूर्ण मानिने डहरेदेउरालीको काखमा अवस्थित छन् । कूल जनसंख्या ५०४ रहेको यस मगर समुदायमा हिन्दु धर्म अनुसार विभिन्न चाड पर्व मनाईन्छन् र सस्कारहरु सम्पन्न गरिन्छ । कृषि, वैदेशिक रोजगार, पशुपालन जस्ता पेशा अँगालेका यस गाउँका मगर समुदायको शैक्षिक स्थिति भने कमजोर देखिन्छ । खानेपानी र विद्युतको राम्रो सुविधा भएको यस गाउँ सम्म पुग्न मोटरको लगि कच्चि बाटो बनेको छ भने कक्षा १-५ सम्मको एक प्रा.वि. रहेको छ ।

पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं १ मा रहेका यिनै मगर समुदायको पेशाले उनीहरुको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावलाई अध्ययनको केन्द्रविन्दु बनाएर प्रस्तुत शोध ग्रन्थ तयार गर्न खोजिएको छ । यहाँका मगर समुदायको हाल सम्म कुनै अध्ययन नभएको पाईएकोले यस क्षेत्रमा बस्ने मगर समुदायका ९९ वटै परिवारमा जनगणना विधिबाट तथ्याङ्क संकलन गरी उनीहरुको सामाजिक आर्थिक अवस्था पत्ता लगाउने, वर्तमान पेशाहरुको विवरण पत्ता लगाउने तथा पेशा परिवर्तनको स्थिति समेत पत्ता लगाई पेशा परिवर्तनले मगर समुदायको वर्तमान सामाजिक आर्थिक अवस्थामा ल्याएको सकरात्मक वा नकरात्मक प्रभावलाई अध्ययन गर्न खोजिएको छ ।

नेपालमा बसोवास गर्ने ५९ वटा जनजाति मध्ये मगर कुल जनसंख्याको हिसाबले तेस्रो तथा जनजातिको जनसंख्याको हिसावले पहिलो स्थानमा पर्ने नेपालको एउटा महत्वपूर्ण जनजाति हो । जनगणना २०६८ अनुसार मगर जातिको जनसंख्या १८,८७,७३३ देखिन्छ । जुन नेपालको कुल जनसंख्याको ७.१२ प्रतिशत छ । नेपालको वोलिने १२३ मातृभाषा मध्ये जनगणना २०६८ अनुसार मगर भाषा बोलिनेको संख्या झण्डै ३ प्रतिशत अर्थात् ७८८५३० छ । (भट्टराई - २०७०)

## १.२ समस्याको कथन

नेपालका विभिन्न भागमा छरिएर रहेका मगर जातिहरुमा फरक फरक विशेषता पाइन्छ । भौगोलिक बनावट, पेसा आदिका आधारमा सामाजिक, आर्थिक, जीवनपद्धतिमा थुप्रै असमानताहरु देखिन्छन् । भेषभुषा, रहनसहन, धार्मिक अवस्था, परम्परा तथा संस्कारहरुमा देखिने फरकपनले मगर जातिहरुमा पनि विविधता पाइन्छ । नेपालमा विभिन्न ठाउँमा बस्ने मगर समुदाय मध्ये पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ मा बस्ने मगर समुदायको सामाजिक अवस्था कस्तो रहेको छ ? सामाजिक जीवन कसरी चलिरहेको छ ? आर्थिक अवस्था सबल वा कमजोर कस्तो रहेको छ ? यस क्षेत्रका मगर समुदायको शैक्षिक स्थिति कस्तो छ ? शैक्षिक स्थितिले मगर समुदायको सामाजिक, आर्थिक जीवनमा कस्तो प्रभाव पारिरहेको छ ? उनीहरुको धार्मिक अवस्था कस्तो रहेको छ ? उनीहरुले कस्ता कस्ता संस्कारहरु कसरी सम्पन्न गर्ने गर्दछन् ? उनीहरुका मौलिक परम्परा र संस्कृतिहरु के के रहेका छन् ? उनीहरु कस्ता कस्ता चाडपर्वहरु कसरी मनाउँछन् ? मगर समुदायमा जग्गा जमिनको स्थिति कस्तो रहेको छ ? कस्ता कस्तो अन्नबालीहरु लगाउँछन् ? उनीहरुको मुख्य पेसा के हो ? उक्त पेसाले उनीहरुको आर्थिक स्थितिलाई कस्तो प्रभाव पारेको छ ? रोजगारीका अवसरहरुको स्थिति कस्तो देखिन्छ ? मगर समुदायमा आधुनिकीकरणको प्रभाव कस्तो रहेको छ ? आदि जस्ता समस्यालाई अध्ययन गर्न यस शोधपत्रमा खोजिएको छ । नेपालमा बसोबास गर्ने मगर जनजातिमध्ये यस क्षेत्रका बसोबास गर्ने मगर समुदायको निश्चित परिधिभित्र रही मूलतः निम्न समस्याको अध्ययन गरी शोधपत्र तयार गर्न खोजिएको छ ।

- मगर जातिको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?
- उनीहरुको मुख्य पेसा के हो ? उनीहरुले सहायक पेसाको रुपमा के के पेसा अपनाउछन् ?

- उनीहरुको पेसाले सामाजिक आर्थिक जीवनमा कस्तो प्रभाव पारिरहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन, अनुसन्धान निश्चित उद्देश्य राखी उक्त उद्देश्य पुरा गर्ने गरी गरिएको हुन्छ । उद्देश्य छनोटले विषय वस्तुको गहिराइमा पुगी अध्ययन गर्न सहयोग गर्दछ साथै आवश्यकता भन्दा बाहिर विषयवस्तुलाई जान दिँदैन । यस शोधपत्रमा साधारण उद्देश्यको रुपमा "पर्वत जिल्ला थापाठाना गा.वि.स. १ का मगर समुदायको सामाजिक, आर्थिक अवस्थामा पेशाले पारेको प्रभावको अध्ययन गर्नु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) मगर जातिमा रहेको सामाजिक आर्थिक अवस्था पत्ता लगाउने ।

(ख) वर्तमान पेसाले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावको विश्लेषण गर्ने

## १.४ अध्ययनको महत्व

अनेकतामा एकता भएको हाम्रो देश नेपालमा जातीय हिन्दु संस्कारको रुपमा परिचित भए पनि यहाँ अनेक सामाजिक, धार्मिक, आर्थिक, साँस्कृतिक जातीय विविधताहरु पाइन्छन् । नेपालमा बसोबास गर्ने ५९ वटै जनजातिहरुको छुट्टाछुट्टै सामाजिक, आर्थिक विशेषता छ । एउटै जनजातिको पनि भौगोलिक विविधताले फरक फरक भाषा, रहनसहन, भेषभूषा र परम्परा अँगालेको पाइन्छ ।

जनजातीय अध्ययनको मूल संरचनादेखि लिएर वर्तमानमा देखिएका ५९ वटै जनजातिको विभिन्न शिर्षकमा अनुसन्धान गरी अध्ययन गर्न प्राय असम्भव हुन्छ । त्यसैले कुनै एक खास जनजातिलाई आधार मानी उक्त जनजातिको कुनै एउटा खास सानो इकाइलाई लिएर पनि समग्रताको अवधारणालाई बुझ्न सकिने विश्वास लिएर हिन्दु धर्म र परम्परालाई शिरोधार्य गरेका पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ निवासी मगर समुदायको सामाजिक आर्थिक अवस्थाको अध्ययन गर्न खोजिएको छ । नेपालका विभिन्न भागमा बसोबास गर्ने मगर समुदायको विभिन्न विषय र क्षेत्रको अध्ययन भएको पाइए पनि यस थापाठाना गा.वि.स. वडा नं. १ का मगर समुदायको हालसम्म कुनै विषयको अध्ययन नभएको पाइएकोले यो अध्ययन गर्न खोजिएको छ । यसले यहाँका मगर समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक तथा शैक्षिक अवस्थाको चित्रण गर्ने छन् । भविष्यमा कुनै

जनजातीय अध्ययनको लागि थप सहायक सामग्री समेत बन्न सक्नेछ भन्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

कुनै पनि विषयको समग्रताको अध्ययन गर्नु निकै कठिन कुरा हो । त्यसैले अध्ययन गर्न खोजिएको विषयवस्तुको सिमा निर्धारण गर्नु अपरिहार्य देखिन्छ । सिमा निर्धारणले सम्बन्धित विषयको खास इकाइमा मात्र केन्द्रित रही अनुसन्धान प्रक्रिया अगाडि बढाउन सहयोग मिल्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तवरले समेत यसमा प्रभाव पार्दछ । अझ खास भन्नु पर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस, पोखराको समाजशास्त्र, मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पार्न खोजिएको हो । यस अध्ययन भित्र नेपालका सबै जनजातिहरुको अध्ययन गर्न सम्भव छैन । नेपालका सबै क्षेत्रमा बसोबास गर्ने मगर जातिको अध्ययन पनि सम्भव छैन । कुनै एउटा निश्चित क्षेत्रमा बसोबास गर्ने मगर समुदायको विविध पक्षको समग्र अध्ययन पनि सम्भव नहोला । त्यसैले पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ मा बसोबास गरेका मगर जातिहरुको सम्बन्धित विषयमा उद्देश्य पूरा हुने गरी यस शोधपत्रको सिमाङ्कन गरी यथार्थता पत्ता लगाउने प्रयास गरिएको छ ।

यो अध्ययन मुख्य गरी मगरहरुको मुख्य पेसा पत्ता लगाउनु, उनीहरुको सामाजिक, आर्थिक अवस्था पत्ता लगाउनु र पेसाले मगर समुदायको सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव अध्ययन गर्ने गरी सिमाङ्कन गरिएकोले समग्र नेपाल अधिराज्यभित्र बसोबास गर्ने मगर समुदायको अध्ययनको लागि सामान्यीकरण नहुन पनि सक्छ । जे होस् यो अध्ययन पर्वत जिल्ला थाठापाना गा.वि.स. वडा नं १ मा बसोबास गर्ने मगर समुदायको सामाजिक, आर्थिक, अवस्था पेसाको चित्रण गर्ने गरी सीमित रहने छ ।

## १.६ अध्ययनको सङ्गठन

यस शोधपत्रमा अध्ययनको सङ्गठन यस प्रकार रहेको छ ।

अध्याय एक परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, मगर जाति एक परिचय, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, अध्ययनको सङ्गठन रहेका छन् । त्यस्तै अध्याय दुई साहित्य समीक्षा अन्तर्गत अवधारणा पुनरावलोकन,

सैद्धान्तिक पुनरावलोकन, पूर्व साहित्यको समीक्षा रहेका छन् । अध्याय तिन अन्तर्गत अनुसन्धान पद्धतिमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, समग्रता र नमुना छनौट, प्राथमिक तथ्याङ्क सङ्कलन विधि, विश्वासनियता र वैधता, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण रहेका छन् । त्यस्तै गरी अध्याय चार अन्तर्गत अध्ययन क्षेत्र र उत्तरदाताका सामाजिक, आर्थिक विशेषताहरु, अध्ययन क्षेत्रको सामान्य परिचय, उत्तरदाताका सामाजिक, आर्थिक, विशेषताहरु रहेका छन् । अध्याय पाँचमा उत्तरदाताको पेसाले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावको विश्लेषण गरिएको छ । अध्याय ६ मा सारांश, निष्कर्ष र सुझावहरु दिइएको छ । त्यस्तै सन्दर्भग्रन्थ सूची र अनुसूचीहरुलाई पनि क्रमशः समेटिएको छ ।

# अध्याय दुई
# साहित्य समीक्षा

सामान्यतया कुनै विषयसँग सम्बन्ति पूर्व-लिखित, अध्ययनात्मक, अनुसन्धनात्मक वा रचनात्मक कृतिहरुको अध्ययन गर्नुलाई नै साहित्य समीक्षा भनिन्छ । अनुसन्धान कार्यमा साहित्य समीक्षा वा पुनरावलोकनको महत्वपूर्ण स्थान रहेको हुन्छ । अनुसन्धान एकातिर नयाँ ज्ञान वा तथ्यको खोजी हो भने अर्कोतिर यो कुनै ज्ञान वा तथ्यको बारेमा गरिने पुनः खोजी पनि हो । अनुसन्धानकर्ताले अध्ययन गर्न लागिएको विषयसँग त्यसभन्दा पहिले भएका अध्ययन एवम् अनुसन्धानहरुबाट प्राप्त तथ्यहरुले प्रत्यक्ष एवं अप्रत्यक्ष सम्बन्ध राखेका हुन्छन् जसलाई अनुसन्धानकर्ताले पछ्याउनुपर्ने हुन्छ । त्यसैले अनुसन्धान शिर्षकसँग सम्बन्धित पत्रिका, किताब, जनरल, शोधपत्र, लेख, रचना आदि पूर्व साहित्यको समीक्षाबाट मात्र सम्बन्धित विषयको अनुसन्धानको उद्देश्य पूरा हुन सक्छ । पूर्व साहित्यको समीक्षाले अनुसन्धानसँग सान्दर्भिक परिवर्त्यहरु पहिचान गर्न, पुनरावृत्ति हटाउन, पूर्व कार्यहरुको संश्लेषण गर्न तथा परिवर्त्यहरु बिचको सम्बन्ध र अर्थ पहिचान गर्न सहयोग मिल्दछ ।

## २.१ अवधारणा पुनरावलोकन

यो अध्ययन पर्वत जिल्ला थापाठाना वडा नं १ का मगर समुदायको अध्ययन भएकाले मगर जाति सम्बन्धी तथ्य वा अवधारणाको पूर्व साहित्यहरुको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

नेपालका ५९ वटा जनजातिहरु मध्ये मगर एउटा मुख्य जनजाति हो । नेपाल एकिकरण पूर्व तत्कालीन नेपालका बाइसी राज्यहरुमा मगर राज्य थिए । ती मगर राज्यलाई सुरुमा मगराज र त्यसपछि मगरात भनिएको अनुमान छ । मगरात क्षेत्रमा रहेका सेन र ठकुरी राजाहरु पनि मगर नै थिए भन्ने भनाइ छ । त्यसैले यिनीहरु शासक वर्गमा गनिन्छन् । (विष्ट, २०५५)

मगर जातिको उत्पत्ति तथा आदिम इतिहास रहस्यमै सीमित छ । पूर्वी यूरोपको हंगेरिका वासिन्दालाई मग्यार भन्दछन् र हंगेरीको जातीय नाम पनि मग्यार नै हो । आफूलाई हूणका सन्तान मान्ने मगर मध्ये एसियाबाट नेपाल पसेको कुरा मान्ने एउटा मत

छ । हूणका एक शाखाका सन्तान मगरहरु तिब्बत हुँदै नेपाल पसेको विश्वास गरिन्छ । ( बुढा मगर, २०५३)

जे होस् हंगेरिका मग्यार जाति र नेपालका मगर जातिहरुबिच रक्त लगायत अन्य समानता पाइने अनुसन्धानकर्ताहरुको राय देखिन्छ । यस सम्बन्धमा प्रसिद्ध हंगेरियाली विद्वान अलेक्जेण्डर द कोरेस द चोमा को नाम विशेष रुपमा उल्लेखित छ । (खत्री, २०५८)

मगर शब्दको जे जति व्याख्या गरिए पनि यो शब्द मंगोल शब्दको रुप बदलिएर मगर बनेको हो भन्ने तर्कमा धेरै जसो लेखक र खोजकर्ताहरु सहमत भएको देखिन्छ । मगर जातिको उत्पत्ति हाल चीनको सीम भन्ने स्थानबाट भएको हो भनेर किराँत संस्कृतिका विशेषज्ञ इमानसि) चेमजोङले लख्नु भएको छ । यिनीहरु त्यस ठाउँबाट 'सिङ र चितु' भन्ने दुई मगरहरुको नेतृत्वमा सर्वप्रथम नेपालको दक्षिणी भागमा प्रवेश गरे । तिनीहरुलाई स्थानीय व्यक्तिले तानसाङ थापा भन्ने गर्दथे । स्थानीय भाषामा उत्तरबाट आएकालाई तानसाङ भन्ने गर्थे । तानासाङलाई दुई शब्दमा विच्छेद गर्दा तानस+साङ हुन्छ । जसको अर्थ क्रमशः उत्तर+मा भन्ने हुन्छ । त्यसैले उत्तरबाट आएको मानिसलाई मगर भाषामा तानासान भनिन पनि सक्छ (चेमजोङ, २०५०)

मगर जाति नेपालका आदिवासी हुन् भन्ने कुरामा दुई मत छैन तर छोटो अवधिको अनुसन्धान र ऐतिहासिक प्रमाणहरुको अभावमा यो जातिको मूल थलो यो नै हो भनेर किटान गर्न नसकिए पनि के भन्न सकिन्छ भने यिनीहरुको थलो पश्चिम नेपालको मध्य पहाडी भागमा हुन सक्छ । मगरहरु यी भागबाट नेपाल अधिराज्यको विभिन्न भागमा छरिएर बसेको इतिहास साक्षी छ । (बराल मगर, २०५०)

मगरहरु पहिले मध्य एसिया निवासी हेप्ताल (सेता गुण भएका) थिए । मुस्ताङ घाँटीबाट नेपाल प्रवेश गर्ने मगरहरु खास गरी रोल्पा, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, प्यूठान, रोल्पा र रुकुमका उत्तरी क्षेत्रमा बस्ने मगरहरु १००० देखि १५०० इसा पूर्वतिर नेपाल प्रवेश गरेका हुन् । (बुढा मगर, २०६५)

- नेपाल अधिराज्यको मध्य पश्चिमी पहाडी क्षेत्रमा बसोबास गर्ने भोट, बर्मेली भाषिक समूहको एक जाति मगर जाति हो । (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५०)
- मगर भन्नाले मगर संस्कृति एवं परम्परामा रही बसेका सम्पूर्ण मगरहरुलाई जनाउँछ । (मगर संघको विधान २०४९, २ (घ)

मगर जातिको मूल थलो कर्णाली र गण्डकी प्रदेशको बिचको भू-भाग हो । एकिकरण पूर्व बाह्र मगरात राज्य थिए र मगरात क्षेत्रको केन्द्र विन्दु पाल्पा थियो । आज पनि धेरै जसो मगरहरु लुम्बिनी, राप्ती र धौलागिरी अञ्चलको पहाडी क्षेत्रमा बसोबास गरेका पाइन्छन् । नवलपरासीको रकुवा, रुचाङ, डेढगाउँ, नरम, देउराली आदि गा.वि.स. र पाल्पा जिल्लाको वाकामलाङ गा.वि.स मा आज पनि मगरहरुको बाहुल्यता छ । त्यस बाहेक हालको रुकुम, रोल्पा, दाङ सुर्खेत, दैलेख, जाजरकोट अर्घाखाँची, गुल्मी, कपिलवस्तु, बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा आदि जिल्लामा मगरहरुका बाक्लै बस्ती हुन् । (पाण्डेय, २०६३)

नेपाल अधिराज्यको जुनसुकै ठाउँमा गए पनि मगरहरुको अस्तित्व देखिन्छ । यिनीहरु अथवा जहाँ सुकै पाइए पनि यिनीहरुको मूलथलो पश्चिमी नेपाल हो । पश्चिम नेपालको खास गरी नवलपरासीको माथिल्लो भाग र महाभारत पर्वत श्रृङ्खलाको दक्षिण विभाग हुँदै कालीगण्डकीको पश्चिमदेखि लिएर पश्चिममा बर्दियाको माथिल्लो भागको पहाडदेखि लिएर हुम्ला जुम्लासम्म पनि छुन पुगेको देखिन्छ । भनाइको तात्पर्य हो, कालिगण्डकी भन्दा पश्चिम, कर्णालीभन्दा पूर्व, चुरे वा सिवालिक पर्वत श्रृङ्खला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भेगभन्दा दक्षिणको विशाल भू-भाग मगरहरुको मूल थलो हो । मगरहरुको चर्चा पृथ्वीनारायण शाहले पनि गरेका छन् । गोरखा राजवंशका राजाहरुका कागज पत्रमा मगरहरुको उल्लेख पाइन्छ । यी मगरहरु सर्वप्रथम कहाँबाट आए र यि को हुन् ? त्यस विषयमा विचार गर्नु आवश्यक छ ।

हूणहरुले उत्तरबाट जुन समय हाम्रो प्रायद्धीपमा बाटो खोले त्यसको पछि पछि अर्को जाति पनि आयो । हूणहरुको लगत्तै पछि आएको हुँदा यिनलाई पनि लोकले हूण नै भन्यो तर यी हूण नभएर हेप्ताल थिए । हेप्तालमा हूण संस्कृतिको छाप थियो त्यो अर्को कुरा हो । यिनीहरुमा हूणको रक्त थियो, थिएन त्यो त्यसै भन्न सकिन्न । जुन संहारको कारणले हूणहरु आफ्नो भमि छाडेर अन्यत्र जान बाध्य भए त्यस्तै कारणबाट हेप्तालहरु पनि अन्यत्र जान बाध्य भएको अनुमान हुन्छ । हेप्तालहरु मूलतः मध्य एसियाका निवासी थिए । उनीहरु आफ्नो भूमिबाट दक्षिणाभिमुख हुँदै हाम्रो प्रायद्धिपमा पनि प्रवेश गरे । हूणहरुले झैँ यिनीहरुले पनि हिन्दु धर्म अपनाएर वर्ण व्यवस्थामा प्रवेश गरे । यस प्रकार वर्ण व्यवस्थापनमा प्रवेश गरे पनि त्यसको प्रभाव पछिसम्म पूर्णतया कायम रहन सकेन । हूणहरु जस्तै हेप्तालहरु पनि आयुध जिवी थिए । इसाको आठौँ शताब्दिपछि हिन्दु धर्म अपनाउनेमा हेप्तालहरु पनि हुन् । यी हेप्तालहरु हूण जातिसँग यस प्रकार मिसिएका थिए जसले गर्दा

यिनलाई हूणबाट अल हुन् भन्न कठिन पर्छ । हूणहरु उत्तर र दक्षिणबाट आएर हाम्रो पार्वत्य प्रदेशमा स-साना राज्य खडा गरे । हूणहरुले यहाँ आएर मगर कहलाए । इसाको आठौं शताब्दी पछि हेप्तालहरु हिन्दु धर्ममा दिक्षित भएर अगीय भए पनि अघि भनिए जस्तै पछि त्यसलाई कायम राख्न असमर्थ भए । त्यसकारण जाति भ्रष्ट भएका ठकुरीहरु नै पछि गएर मगर भएका हुन् भन्ने जनविश्वास भएको हो । (शर्मा, २०५८)

"ठकुरीका कुलमा गिरी जो गएका
गिरिगिरीकन जो मगर भएका
मगरको वंशावली हराएर जान्छ ।
ठकुरीका गाउँमा पसे पत्ता लाग्छ ।" (सुवेदी, १९११)

मगरहरु नेपालका आदिवासी जनजातिमध्ये एक हुन् । मगरहरुको उत्पत्तिको बारेमा आजसम्म लेखिएका र उपलब्ध भएका साहित्यकारहरुको पुस्तक, लेख अध्ययन गर्दा विभिन्न किसिमका तर्कहरु दिएको पाइन्छ । आजसम्म आइपुग्दा यिनीहरुको मूल थलो र प्रवेश नेपालको कुन ठाउँबाट भएको हो भन्ने बारेमा विभिन्न विद्वानले विभिन्न तर्कहरु राख्ने गर्दछन् । नेपाल राज्यलाई भूगोलका ज्ञाताहरुले कोशी, गण्डकी र कर्णाली प्रदेश गरी ३ भागमा विभाजन गरी क्रमशः किराँत मगरात र खस प्रदेश पनि भन्ने गर्दछन् । सुरु सुरुमा गण्डकी प्रदेशमा आएका सबै जातिहरु मगर जातिमा परिणत भए भन्ने पनि भनाइ छ । प्राध्यापक बालकृष्ण पोखेलका अनुसार मगरात प्रदेशमा बसोबास गर्ने जातिलाई मगर भनिन्थ्यो । नेपालमा मगरहरु ५ समूह गरि प्रवेश गरेका थिएँ । पहिलो समूह पश्चिमी भेगबाट आएका मुनाङवाका सन्तानहरु सर्वप्रथम २३०० इ. पूर्वतिर नेपालमा प्रवेश गरे दोस्रो आसामबाट, तेस्रो समूह उत्तरी भेगबाट, चौथो सिक्किम र पाचौं दक्षिणी भेगबाट नेपाल प्रवेश गरे । (श्रीस, २०३८)

वर्तमान नेपालमा बोलिने भाषाहरुलाई भाषाभाषीहरुले आग्नेयी परिवार ( अष्ट्रोएशियाली), द्रविड (उत्तरी कुरु), भोट चिनियाँ र भारोपेली परिवार गरी चार भाषा परिवारमा विभाजन गरेका हुन् । जसमध्ये भोट चिनियाँ परिवार अन्तर्गत नेपालमा करिब ३२ भाषा बोलिन्छन् र मगर जातिले बोल्ने भाषा यो परिवार अन्तर्गत तेस्रो स्थानमा पर्दछ । (निरौला, २०६३)

जनगणना २०५८ अनुसार नेपालमा गणना गरिएका ५९ वटै जनजातिको कुल जनसंख्या ८४, ५४७८२ थियो जसमा मगर जातिको जनसंख्या मात्र १६२२,४२१ थियो । (

सिलवाल, २०६७) त्यस्तै २०६८ सालको जनगणनामा मगर जातिको नेपालमा कुल जनसंख्या १८,८७,७३३ अर्थात् कुल जनसंख्याको ७.१२% छ । जुन जाति ब्राह्मण, क्षेत्री पछि तेस्रो स्थानमा पर्दछ । आफ्नो छुट्टै साँस्कृतिक पहिचान भेषभुषा र भाषा भएको मगर जातिको जनगणना २०६८ अनुसार नेपालमा बोलिने १२३ मातृभाषा मध्ये मगर भाषा झण्डै ३% अर्थात् ७,८८५३० जनाले बोलिने देखिन्छ । (भट्टराई, २०७०)

## २.२ सैद्धान्तिक पुनरावलोकन

समाज एउटा अमूर्त अवधारणा हो । जुन सामाजिक व्यवस्थामा अन्तरनिहित विभिन्न इकाइहरु र प्रति एकाइहरुको गठन र त्यसभित्रको अन्तरसम्बन्ध तथा प्रकार्यात्मक निर्भरताबाट अघि बढेको हुन्छ । समाजका कुनै पनि सामाजिक इकाई, स्वतन्त्र र अपरिवर्तनशील छैनन् । त्यसैले आज हामीले भोगिरहेको समाज पनि लामो समयको सामाजिक, साँस्कृतिक प्रक्रियाको परिणाम हो । समाज विकासको क्रममा उत्पन्न हुने सामाजिक विचारधारालाई व्यवहारमा जाँच गरी तिनको सत्यतथ्यमा रहेको तार्किकता, वस्तुगत प्रकृति, व्यापकता तथा यथार्थता जस्ता अवस्था कै कारण ती विचारधाराले सिद्धान्तको रुप लिएको हुन्छ । तसर्थ सिद्धान्तका लागि विचारधाराको विकास पूर्व सर्त हो । समाज र सामाजिक प्रक्रिया लाई बुझ्न विभिन्न सैद्धान्तिक उपागमनहरुको विकास भएको पाइन्छ ।

### २.२.१ संरचनात्मक-प्रकार्यात्मक सैद्धान्तिक नमुना

समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धानमा यस संरचनात्मक-प्रकार्यत्मक सैद्धान्तिक नमुनाको निकै ठुलो महत्व रहेको छ । मूलतः समाजशास्त्रिय, मानवशास्त्रिय अनुसन्धानमा सामाजिक वास्तविकता लाई बुझ्ने सवालमा सन (१९४०-१९५०) को दशक सम्म यस सैद्धान्तिक नमूना प्रभुत्वमा रहन गएको थियो । यस नमूना का मूल व्याख्याकारहरुमा मेलिनोस्कि, दुर्खिम ,रेडक्लिफब्रोन, आर.के. मर्टन, टालकोट पार्सन लाई महत्वपूर्ण मान्न सकिन्छ । समाजशास्त्र तथा मानवशास्थमा यस सिद्धान्त वा नमुना एउट महत्वपूर्ण मान्न सकिन्छ । समाजशास्त्र तथा मानवशास्त्रमा यस सिद्धान्त वा नमूना एउटा महत्वपूर्ण अवधारणा को रुपमा प्रतिस्थापित भइ सकेको छ ।

यस सिद्धान्तले समाजलाई एउटा संरचना अर्थात व्यवस्थित संरचना मान्दछ र त्यस संरचना भित्र रहेको वा रहने विभिन्न इकाइहरु बिच अन्तर सम्वन्ध रहन्छ भन्ने मान्यता

राखेर अनेकौ सामाजिक बिषयहरुमा अध्ययन गरिन्छ । यसमा समाज एउटा शरिर जस्तै संरचना हो भन्ने मान्यता बिकास गरी जसरी शरिरका अङ्गहरुमा अन्तरनिर्भरता रहन्छ । त्यसैगरि सामाजिक, राजनैतिक, धार्मिक संगठन, मूल्य मान्यता, परम्परा जस्ता पक्षहरु सामाजिक व्यवस्था संचालन प्रक्रियामा महत्वपूर्ण इकाइहरु हुन र यी इकाइहरु बिच घनिष्ट सम्वन्ध छ । जस बाटै समग्र सामाजिक व्यवस्था संचालन भएको छ भन्ने ठानिन्छ । यहि प्रकृतिको सम्वन्ध लाई बुझ्न संरचनात्मक प्रकार्यात्मक नमूनाको प्रयोग गरिएको छ ।

यस सैद्धान्तिक नमूनाका सम्वन्धमा अब्राहम फ्रन्सिस भन्दछन– "The structure functional perspective also seek to delineate the way in which the different structures are co-ordinated and integrated to presume the unity of society as a complete system" यस भनाइमा समाजलाई विभिन्न संरचनात्मक स्वरुपमा आवद्ध व्यवस्था मानी त्यस भित्रको अन्तर सम्बधले व्यवस्थालाई अस्तित्ववादी बनाउछ भनिएको छ । यसै गरि यस नमूना सम्वन्धि कोलिन्स समाजशास्त्रिय शब्दकोषमा भनिएको छ । "Structural functionalism is a theoretical approach in which societies are conceptualized as social system" (Francis, 1992).

यस भनाइबाट के बुझिन्छ भने यस नमूनाले समाजलाई एउटा व्यवस्थाको रुपमा अवधारणागत परिभाषा गर्दछ । सामाजिक व्यवस्थाभित्रको सम्बन्धको तथा एकिकरणात्मक व्यवहार र प्रक्रियाको अध्ययन यस सैद्धान्तिक नमुनामा गरिन्छ ।

वास्तवमा भन्ने हो भने समाजशास्त्रमा यस नमुनाले सामाजिक व्यवस्थाभित्र रहेको अन्तर सम्बन्धको पथलाई वा घटनाक्रम र व्यवहारिकलाई बुझ्नका लागि व्यवस्थाका इकाइहरु बिच रहेको सम्बन्धलाई समग्रतात्मक अवधारणाबाट बुझ्नुपर्छ भन्ने दृष्टिकोण राख्दछ । समाजलाई एउटा स्थिर, एकिकृत, अन्योन्याश्रित व्यवस्था मानेर यसमा अध्ययन गरिन्छ ।

संरचनात्मक प्रकार्यात्मक नमुनालाई विश्लेषण गर्ने क्रममा विभिन्न विद्वानहरुले आफ्ना मत अगाडि राखेका हुन् । -हर्वट स्पेन्सरले समाजलाई शरीर रचनासँग तुलना गरी जसरी शरीरका अङ्गहरु बिच बाँच्नका लागि अन्योन्याश्रित सम्बन्ध छ त्यसैगरी सामाजिक व्यवस्थामा पनि विभिन्न इकाइहरु तिनको एकिकरणात्मक भूमिका र प्रकार्यले मात्र सामाजिक व्यवस्था अस्तित्वमा रहन सक्छ भन्ने मत राखेका छन् ।

- मेलीनोस्किले संस्कृतिलाई समाजमा यसको प्रकार्यमा निकै ठुलो भूमिका हुने सन्दर्भमा प्रस्तुत गरेका छन् । उनले सामाजिक व्यवस्था व्यक्तिको भूमिका र क्रियाकलापलाई जोड दिँदै समाजमा व्यक्तिले गर्ने जैविकीय तथा सामाजिक कार्यमा व्यक्तिको आवश्यकता परिपूर्ति प्राथमिक हुन्छ भन्ने तर्क राखे । त्यसैले उनीलाई व्यक्तिवादी प्रकार्यवादी पनि भनिन्छ ।
- इमाइल दुर्खिमले सामाजिक व्यवस्थालाई त्यसभित्र रहेका विभिन्न इकाइहरुको एकिकृत रुप मान्दछन् । उनले सामाजिक व्यवस्था वा यसले अङ्गिकार गरेको व्यवहार तथा मान्यताले व्यक्तिमा प्रभाव पार्दछ भन्ने तर्क राखे । समाजमा व्यक्तिका क्रियाकलापलाई सामाजिक, साँस्कृतिक परिवेशमा सम्बन्धित गराएर विवेचना गर्नुपर्ने धारणा राखेर समाजमा जति पनि व्यवहार र क्रियाकलाप हुन्छन् तिनको प्रकार्यात्मक महत्व छ भन्ने उनको निष्कर्ष छ । यसैले उनीलाई समाजपरक प्रकार्यवादी पनि भनिन्छ ।
- रेडक्लिफ ब्रोनले समाजलाई बुझ्न समाजको स्वरुप वा यसको गठन प्रक्रिया र त्यसभित्र रहेका एकाइहरुको अन्योन्याश्रित सम्बन्धलाई खोज्न सक्नु पर्दछ भन्ने धारणा राखे । त्यसैले उनीलाई संरचनागत प्रकार्यवादी भनिन्छ ।
- आर.के.मर्टनले प्रकार्यवादलाई पुर्न व्याख्या गरी सुकार्य मात्र होइन अकार्यको रुपमा पनि हुन्छन् । तिनको स्वरुपलाई बुझ्नुपर्ने धारणा राखे । यसैले उनीलाई व्याख्यावादी प्रकार्यवादी भनिन्छ ।
- टालकोट पार्सन्सले समाजलाई बुझ्न व्यवस्था उपागमन (System approach) को आवश्यकता माथि प्रकाश पारेका छन् ।

**संरचनात्मक प्रकार्यवादी सैद्धान्तिक नमुनाका मान्यताहरु :**

**(क) समाजमा प्रकार्यात्मक एकताप्रतिको मान्यता**

यस सैद्धान्तिक नमुनाले सामाजिक व्यवस्थामा रहेका सबै सामाजिक इकाईहरुको प्रकार्यात्मक एकताबाट सामाजिक व्यवस्था सञ्चालन हुन्छ भन्ने मान्यता राख्दछ ।

**(ख) प्रकार्यात्मक सर्वव्यापकता प्रतिको मान्यता**

यस नमुनाले समाजमा सामाजिक इकाइहरुको सक्रियता र तिनीहरुले गर्ने प्रकार्यलाई सार्वभौम सामाजिक प्रक्रियाका रुपमा लिन्छ । प्रत्येक एकाइले सामाजिक व्यवस्थामा रहेर सकारात्मक भूमिका निर्वाह गर्छन् भन्ने मान्यता राखिएको हुन्छ ।

**(ग) प्रकार्यात्मक अभिभाज्यताको मान्यता**

सामाजिक व्यवस्थामा रहेका इकाइहरु र तिनले निर्वाह गर्ने भूमिकालाई हटाएर वा सामाजिक अंगलाई वेवास्ता गरेर समाजको राम्रो विश्लेषण हुन सक्दैन भन्ने यस नमुनाले मान्यता राखेको पाइन्छ ।

**(घ) भाग, समग्रता र संरचना बिचको सम्बन्ध**

सामाजिक व्यवस्थामा समाजमा विभिन्न भाग, उपभाग हुन्छन् । त्यसभित्र रहने व्यक्तिगत एकाईको सम्बन्धले तथा भाग, उपभागहरु बिचको सम्बन्धले संरचना अस्तित्वमा रहन्छ भन्ने मान्यता यस नमुनाभित्र पाइन्छ ।

**(ङ) संघर्षमा भन्दा सहमतिमा जोड**

यस नमुनाले सामाजिक व्यवस्थालाई एउटा स्थिर अवधारणा मानी सो व्यवस्थाभित्र द्वन्द्व र संघर्ष नरहने मान्यता राख्दछ । द्वन्द्व र संघर्षले समाज विखण्डित गर्छ तसर्थ सहमतिमा सामाजिक व्यवस्था सञ्चालन हुन्छ भन्ने मान्यता राख्दछ ।

(च) सुकार्य, अकार्य, प्रकट तथा लुप्त प्रकार्यप्रतिको मान्यता

सामाजिक व्यवस्थामा सकारात्मक भूमिका निर्वाह गर्न विकसित भएका कार्यलाई सुकार्य, नकरात्मक भूमिका निर्वाह गर्ने कार्यलाई अकार्य भनिन्छ । सामाजिक व्यवस्थामा व्यक्तिहरुले चाहेर गरेका समाजमा मान्यता प्राप्त कार्यहरु प्रकट कार्य हुन् भने लुप्त प्रकार्य जसले सामाजिक व्यवस्थामा अप्रत्यक्ष प्रभाव पार्दछ तर ति कार्य इच्टित र मान्यता प्राप्त हुँदैनन् । यी सबै प्रकार्यको प्रकृति बुझ्नुपर्ने यस नमुनाको मान्यता रहेको छ ।

**(छ) प्रकार्यात्मक पूर्व आवश्यकताहरु**

समाज स्व सञ्चालित व्यवस्था हो । सामाजिक लक्ष्य प्राप्तिका लागि भूमिकाहरु क्रियाशील र स्पष्ट बन्दछन् । सामाजिक व्यवस्थामा मूल्य सहमति कायम भएको हुन्छ । समाजमा स्वनियन्त्रण रहेको हुन्छ । समायोजन प्रक्रियाबाट सामाजिक व्यवस्थाले निरन्तरता पाउँछ । सामाजिक एकता र अन्तरनिर्भरता सामाजिक इकाइहरु बिच रहन्छ जस्ता प्रकार्यात्मक पूर्व आवश्यकताहरुको मान्यतामा यो संरचनात्मक प्रकार्यात्मक नमुना देखिन्छ । अतः समाजको अध्ययन गर्न यो नमुना महत्वपूर्ण नमुनाको रुपमा स्थापित छ । (Francis, 1992)

### २.२.२ आधुनिकीकरणको सिद्धान्त

सामाजिक विकास र सामाजिक परिवर्तनका लागि विकसित विभिन्न सिद्धान्तहरुमध्ये आधुनिकीकरणको सिद्धान्त एउटा महत्वपूर्ण सिद्धान्त हो । समाजमा रहेका परम्परागत पद्धतिहरुको ठाउँमा आधुनिक पद्धतिहरुले ठाउँ लिने प्रक्रियालाई आधुनिकीकरण भनिन्छ । अल्पविकसित वा पिछडिएको समाजले विकसित वा आधुनिक समाजका विशेषताहरुलाई ग्रहण गर्ने प्रक्रियालाई आधुनिकीकरण भनिन्छ । आधुनिकीकरणको माध्यमबाट व्यक्ति, समूह र समाजमा विश्वलाई हेर्ने एक नयाँ दृष्टिकोणको जन्म भएको छ । यो नयाँ दृष्टिकोण विज्ञान र प्रविधिको उपलब्धिसँगै अत्यन्त घनिष्ट रुपमा सम्बन्धित छ । यसले परम्परागत समाजको संरचनालाई प्रवल रुपमा प्रभावित पार्दछ ।

विकासमा आधुनिकीकरणको सिद्धान्तले कुनै पनि समाज परम्पराबाट माथि उठ्न, नयाँ औद्योगिक उत्पादन ढाँचाको विकासका साथै केन्द्रबाट अघि बढेको विकासले त्यसका आसपासका क्षेत्रमा विकास गर्दै जाँदा सबै समाज विकसित हुने ठान्दछ । विकसित हुनका लागि विश्वका औद्योगिक देशहरुको नीतिको अनुशरणलाई जोड दिन्छ । नयाँ प्रजातान्त्रिक राजनैतिक व्यवस्था, नयाँ दृष्टिकोण र नयाँ प्रविधिको अवलम्बन, शहरीकरण तथा शिक्षा, स्वास्थ्य, सभ्यतामा मानिसको अग्रसरताको प्रक्रियालाई विकासका सन्दर्भमा आधुनिकीकरण मानिन्छ । समाजमा सबै मानिसहरु नयाँ सुविधाजनक जीवन पद्धति अवलम्बन गर्न चाहन्छन् । कतिपयले आधुनिकीकरणलाई अमेरिकीकरण तथा यूरोपीकरणका रुपमा पनि लिन्छन् तर यो गलत हो तथापी यी देशको प्रभाव स्वभाविक रुपमा परेको छ । यो एउटा विकासको प्रक्रिया हो जुन स्वस्फूर्त, क्रमिक तथा बाह्य प्रभावबाट प्रभावित हुन सक्छ । (Smelser,1993)

विकासका सन्दर्भमा आधुनिकीकरण आर्थिक वृद्धिसँग सम्बन्धित सिद्धान्त हो । जुन सन् १९५० को सुरुवातसँगै विकसित गरियो र यसको प्रचलित समयावधि सन् १९७० सम्म रह्यो । जसले आर्थिक प्रगतिका लागि विश्वका धनी देशले अवलम्बन गरेका नीतिहरु, कार्यक्रमहरु तथा उद्देश्यहरुको अनुशरण गर्न जोड दिन्छ । कुनै पनि देश र समाज विकसित हुनका लागि आधुनिकीकरणको प्रक्रियामा सरिक हुन आवश्यक ठान्दछ । समाजका आर्थिक, सामाजिक, राजनैतिक व्यवस्थामा परिवर्तन आउने प्रक्रिया वास्तवमा

आधुनिकीकरणको प्रक्रिया हो जुन पश्चिम यूरोप र उत्तर अमेरिकामा १७ औं शताब्दीदेखि १९ औं शताब्दी सम्म रह्यो ।

यस सिद्धान्तका व्याख्याकारका अनुसार प्रसारका माध्यमबाट नयाँ सोच, शैली, तरिका तथा सामाजिक, राजनैतिक सङ्गठनहरु विकसित देशहरुबाट अविकसित देशहरुमा पुग्छन् । आधुनिकीकरण बन्नका लागि सामाजको स्वभाविक विकास र परिवर्तनका साथै वाह्य प्रभाव परेको हुन्छ । आधुनिकीकरण एउटा प्रक्रिया हो जुन प्रक्रियामा समाजका सबै तह र पक्ष संलग्न र प्रभावित भएका हुन्छन् । जसबाट समाजमा परिवर्तन हुन्छ ।

समाजको आधुनिकीकरण प्रक्रियाका सम्बन्धमा डब्लु.डब्लु.रोस्टोले समाज क्रमैसँग परम्परागत समाजबाट पूर्वाधारका लागि तयार भएको समाज, परिवर्तनका लागि आधार विकास भएको समाजबाट परिवर्तनका लागि उन्मुख समाज र पूर्ण विकसित समाज गरी विकासको आधुनिकीकरणको प्रक्रिया अघि बढ्ने गर्दछ भन्दछन् ।

- निल जे. स्मेल्सरका अनुसार समाजमा उच्च प्रविधिको विकास, शहरीकरण, नयाँ मूल्य मान्यताको विकास तथा औद्योगिकीकरण जस्ता प्रक्रियामा समाज लम्कने प्रक्रियालाई आधुनिकीकरण मान्दछन् ।
- विल्वर्ट ई.मुरेका अनुसार आर्थिक विकासको रुपान्तरीकरण र विशिष्टीकरणको प्रक्रियालाई आधुनिकीकरण भनिन्छ ।

**आधुनिकीकरण सिद्धान्तका आधारभूत मान्यताहरु निम्न पाइन्छन् :**

(क) प्रत्येक समाज अग्रगमनका लागि लालयत हुन्छन् । नयाँ पद्धति र संरचनामा आफूलाई प्रतिस्थापित गर्न खोज्छन् ।

(ख) नयाँ संरचना र ढाँचामा समाज स्वतस्फूर्त र प्रसारका माध्यमबाट प्रवेश गर्दछ ।

(ग) आर्थिक विकासका माध्यमबाट अन्य विकासका ढोका खोल्न सकिन्छ ।

(घ) आधुनिकीकरणको प्रक्रियामा समाज परम्परागत उत्पादन प्रणाली र गुजारा कृषि प्रणालीबाट औद्योगिकीकरण तर्फ लम्कन्छ ।

(ङ) आन्तरिक सिप, स्रोत र साधनको अधिकतम परिचालन र प्रयोग हुन्छ ।

(च) माथिबाट तल जाने विकास संयन्त्रले क्रमैसँग सबै गरीब देशहरुसम्म प्रभाव पार्न सक्छ ।

(छ) प्रत्येक समाज आधुनिकीकरणको प्रक्रियाबाट विमुख हुन सक्दैनन् । (Ahamad, M. 1994)

नेपालको ग्रामीण समाजमा पनि आधुनिकीकरणको प्रभाव र प्रक्रिया तिव्र बन्दै गएको देखिन्छ। धेरै जसो परम्परागत सामाजिक संरचना, मूल्यमान्यता प्रणालीमा परिवर्तन आई नयाँ एवम् आधुनिक संरचना, प्रणाली, मूल्य र मान्यताले स्थान लिइरहेका छन् । नेपालको सबै जसो ग्रामीण जीवनमा सामाजिक गतिशिलता र सामाजिक परिवर्तनको दिसा प्रदान गरिने दृष्टिकोणले आधुनिकीकरणको प्रक्रिया महत्वपूर्ण छ । आधुनिकीकरणको प्रभावले गर्दा सामाजिक सङ्गठनमा, पारिवारिक महत्वमा कमी आएको छ । सामुदायिक भावना लोप हुँदै गएको छ । गाउँहरु विस्तारै शहरको रुपमा परिवर्तन गर्ने कुराहरुमा परिवर्तन आएको छ । जस्तैः सतिप्रथा, बहुविवाह, बालविवाह, दासप्रथा आदि आजको समाजमा अत्यन्त कम देख्न सकिन्छ । संयुक्त परिवार प्रणालीको विघटन, धार्मिक परम्पराको मान्यतामा कमी एवम् सुधार, सामाजिक व्यवस्थामा परिवर्तन आदिलाई परिवर्तनका सूचकका रुपमा लिन सकिन्छ (गौतम, २०६०)।

ग्रामीण समाजमा आधुनिकीकरणको प्रभावलाई हेर्दा मुख्यतया यसको प्रभाव, परिवार, विवाह संस्कार एवं वैयक्तिक व्यवहारहरुमा परेको देखिन्छ। व्यक्ति बाढितामा वृद्धि, परिवारको विघटन, रुढिवादी धारण एवं सोचमा परिवर्तन यसका प्रमुख असरहरु हुन् । आधुनिकीकरणको प्रभावबाट ग्रामिण समाजमा परिवर्तन भएका पक्षहरुलाई हेर्दा निम्न पक्ष देखिन्छन्।

- संयुक्त परिवारको विघटन
- परम्परागत धारणामा परिवर्तन
- जाति संरचनाको स्वरुपमा परिवर्तन
- कृषि प्रणालीमा नयाँ प्रविधिको विस्तार
- स्थानीय महत्वको प्रभावमा कमी
- बालविवाह, प्रथामा कमी
- महिलाहरुको स्थितिमा सुधार
- यातायात र संचारको
- यातायात र संचारको साधनमा विस्तार र प्रयोग।
- व्यक्तिवादी सोच र प्रवृत्तिमा विकास (गौतम, २०६०)

यसरी नेपाली समाजको विकास र परिवर्तनको अध्ययन गर्न आधुनिकीकरणको सिद्धान्तले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । जसले समाजमा विभिन्न इकाइहरुमा आएका

परिवर्तनलाई र त्यसले समाजमा पारेको सकारात्मक तथा नकरात्मक असरलाई सूक्ष्म रुपमा विश्लेषण गर्न सहयोग गर्दछ ।

### २.२.३ सामाजिक परिवर्तनका सिद्धान्तहरु

सामाजिक परिवर्तन समाज, सामाजिक घटना वा व्यवस्थामा कुनै निश्चित समयको अन्रालमा आउने वदलाव हो । अथवा समाज एवम् सामाजिक संरचना, व्यवस्था, प्रक्रिया, प्रकार्यमा आउने परिवर्तनलाईनै सामाजिक परिवर्तन भनिन्छ । सामाजिक परिवर्तनको सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्ना प्रकारका परिभाषाहरु दिएका छन् ।

- Gillin and Gillin का अनुसार "Social changes are variations from the acceped modes of life, whether due to alteration in geographical conditions, incultural equipment, composition of the population, or ideologies and whether brought about by diffusion our inventions with in the group". (Morre, 1994)
- Maclver and page का अनुसार "Our direct concern as sociologists is with social relationship, it is a change in these relationships which alolne we shall regard as social change" (Maclver & Page 1996)
- Ginsberg M. का अनुसार "By social change I understand a change in social structure e.g. the size of a society, the composition or balance of its parts or the type of its organization".
- Lundberg and others का अनुसार "Social change refers to any modification in established patterns of inter human relationship and standerds of conduct". (Morre, 1994)

माथिका विभिन्न पभिाषाहरु बाट के निष्कर्ष निकाल्न सकिन्छ भने सामाजिक परिवर्तन मानिसको जीवन पद्धतिमा आउने परिवर्तन हो । यसले समाजमा रहेका सबै परिवर्तनलाई संकेत गर्दैन कला, साहित्य, औद्योगिक प्रक्रिया, दर्शनमा आउने परिवर्तनलाई सामाजिक परिर्वतनमा समावेश गर्न सकिदैन । त्यसैले सामाजिक परिवर्तनलाई सङ्कुचित अर्थमा प्रयोग गर्नु पर्दछ जसले सामाजिक क्षेत्रको परिधी भित्र हुने परिवर्तनलाई सुचित गर्दछ । सामाजिक परिवर्तनका सिद्धान्तहरुमा आर्थिक सिद्धान्त, सङ्घर्ष सिद्धान्त, उद विकासवादी सिद्धान्त, सास्कृतिक आदान प्रदानको सिद्धान्त, अनुकुलनको सिद्धान्त, आलोचनात्मक सिद्धान्त तथा समतुल्य सिद्धान्त आदि महत्पपूर्ण मानिन्छन । (Ahamad M, 9994)

### २.२.४ पूर्व अध्ययनहरुको समीक्षा

प्रस्तुत शोधपत्रमा पर्वत जिल्ला, थापाठाना गा.वि.स. वडा नं. १ निवासी मगर समुदायको सामाजिक, आर्थिक पक्षको अध्ययन गर्न खोजिएकोले मगर समुदाय र मगर जातिसँग सम्बन्धित पूर्व साहित्यहरुको समीक्षा गर्नुपर्ने देखिन्छ । हालसम्म नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बसोबास गर्ने मगर जातिको विभिन्न विषय र पक्षमा अध्ययन अनुसन्धान भएको पाइन्छ । तिनै अध्ययनका आधारमा तयार पारिएका शोधग्रन्थहरुलाई पूर्व साहित्यको समीक्षाको रुपमा तल प्रस्तुत गरिएको छ ।

- मान बहादुर खत्री (२००५) ले बाग्लुङ जिल्लामा अवस्थित अर्गाल गा.वि.स. का मगरहरुको सामाजिक, आर्थिक, साँस्कृतिक क्रियाकलापलाई पर्यावरणसँग सम्बन्धित गरी अध्ययन गर्नु भएको छ । अर्गाली मगरहरुको धार्मिक दृष्टिकोण हिन्दुवादी दर्शनसँग नभई खेतिपाति र कृषि प्रणालीसँग गाँसिएको छ भन्ने उहाँको मत देखिन्छ । उनीहरु प्राकृतिक विपत्ती तथा महामारीबाट बच्न र हटाउन पूजाआजाका धार्मिक संस्कारलाई उपयोग गर्ने निष्कर्ष निकाल्नुभएको छ ।
- चन्द्रकुमारी राना (२००५) ले पाल्पा जिल्लाको मगर जातिको कृषि कार्यमा लैङ्गिक विश्लेषण गरी त्यस समुदायमा गरिने कृषि कार्य अन्तर्गत बाली लगाउने, स्याहार गर्ने, काट्ने जस्ता उत्पादन कार्यमा पुरुषको भन्दा महिलाको योगदान बढी हुने कुरा उल्लेख गर्दै निर्णय प्रक्रियामा भने पुरुषको भूमिका बढी हुने गरेको तथ्य माथि प्रकाश पार्नुभएको छ । महिलाको अग्रसरतामा सञ्चालन भएको परिवार पुरुषले सञ्चालन गरेको परिवारभन्दा व्यवस्थित र राम्रो देखिएको उहाँको निचोड छ ।
- मिनु जोशी (२०५९) ले स्याङ्जा जिल्ला तिन दोबाटो र तुलसी भञ्ज्याङ गा.वि.स.का मगरहरुको सामाजिक, आर्थिक र साँस्कृतिक अवस्थाको अध्ययन गरी सामाजिक रुपले अति मिलनसार र सोझा प्रकृतिका मगरहरु पाइने, सिँचाइको अभावले एउटा मात्र बाली लगाउने प्रथाले गर्दा आर्थिक अवस्था कमजोर भएको र शैक्षिक अवस्था पनि कमजोर रहेको विश्लेषण गर्नुभएको छ । उहाँका अनुसार मगरहरु करिब २३०० इ. पूर्वतिर फिरन्तेका रुपमा नेपालमा प्रवेश गरी बस्ती बसाएका हुन् । उनीहरु पहिले पश्चिम नेपालमा सर्वप्रथम बस्ती बसाएको पाइन्छ । पाल्पा, तनहुँ, स्याङ्जा, बाग्लुङ, पर्वत, म्याग्दी, सिन्धुपाल्चोक, अर्घाखाँची, सिन्धुली, डोल्पा आदि जिल्लामा मगरहरुको बाक्लो बस्तीरहेको तथ्य उल्लेख गर्नुभएको छ ।

- बलराम घिमिरे (२०६०) ले अर्घाखाँची जिल्लाको ढिकुर गा.वि.स. गौचरमा बस्ने मगर समुदायको सामाजिक, आर्थिक र साँस्कृतिक अवस्थाको अध्ययन गर्नुभएको छ । उहाँका अनुसार मगरहरु अत्यन्त सोझा, इमान्दार, कडा परिश्रमी हुनुका साथै मुख्य पेसाको रुपमा कृषिलाई अवलम्बन गरेको बताउनु भएको छ । यस बाहेक मगरहरु भारतीय सेना, नेपाली सेना, व्यापार तथा पशुपालन गरी आफ्नो जीवनयापन गरिरहेका छन् । हिन्दु धर्म र परम्परालाई मान्ने यहाँका मगरहरुमा अन्धविश्वासको रुपमा धामी झाँक्री प्रथा विद्यमान रहेको उहाँको निष्कर्ष छ ।
- कमलचन्द्र लामिछाने (२०६६) ले भुरुङ तातोपानी गा.वि.स. कास्कीका मगर जातिको सामाजिक, आर्थिक र साँस्कृति पक्षको समाजशास्त्रीय अध्ययन गरी यहाँका मगरहरु मगर भाषाको प्रयोग नगर्ने, हिन्दु धर्म र परम्परालाई मान्यता दिई सोही धर्मअनुसारको संस्कारहरु गर्ने, कृषि र पशुपालनलाई मुख्य पेसाको रुपमा अपनाउने उल्लेख गर्नुभएको छ । साथै युवा शक्तिको विदेश पलायन हुने दर बढ्दो रहेको, मगर परिवारमा जनसंख्या बढी भएको तथ्य पनि उल्लेख गर्नु भएको छ । त्यस्तै शिक्षा क्षेत्रमा यहाँको मगर समुदायपछि परेको, आधुनिकताको प्रयोग बढ्दै गइरहेको, एकात्मक परिवार ढाँचा रहेको तथा अन्धविश्वासको रुपमा यहाँका मगर समुदायमा धामी झाँक्री प्रथा कायमै रहेको तथ्य उल्लेख गर्नु भएको छ ।
- गोपालकृष्ण सुवेदी (२०६७) ले श्री सिद्धार्थ उच्च मा.वि. तनहुँमा आधारित रहेर 'मगर समुदायमा छात्राको शैक्षिक अवस्था' शीर्षकमा मगर छात्राहरुको एक समाजशास्त्रीय अध्ययन गर्नु भएको छ । उहाँले मगर छात्राका अभिभावकहरुको शैक्षिक स्तर ज्यादै कमजोर भाएकाले लैङ्गिक विभेद हुने र सो विभेदले छात्राहरुको शैक्षिक स्तर कमजोर भएको तथ्य उल्लेख गर्नुभएको छ । साथै मातृभाषामा कक्षा चलाउने प्रणाली नभएकाले शिक्षाको स्तरमा समेत प्रभाव पारेको, छिटो विवाह गर्ने प्रथाले छात्राको शैक्षिक अवस्था प्रभावित भएको र धेरैजसो परिवारहरु संयुक्त परिवार भएकाले शैक्षिक वातावरणमा कमी आई छात्राहरुले शैक्षिक स्तर कमजोर भएको तथ्य उल्लेख गर्नु भएको छ ।
- भोलानाथ अधिकारी (२०६८) ले लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटनका पुन मगरहरुको संस्कृति र संस्कारको अध्ययन गर्नु भएको छ । उहाँले यहाँका मगरहरु आफ्नो सिप र कलाले जीवनलाई दैनिक रुपमा सञ्चालन गर्ने परम्परा रहेको, शिरफुलैमाया, यानीमाया र सोरठी गीतको व्यापक प्रचलन रहेको तर परम्परागत

भेषभुषालाई कम प्राथमिकता दिने तथ्य उल्लेख गर्नुभएको छ । रोजगारीका अन्य अवसरहरुको कमीले यहाँका मगरहरु विदेश जाने परम्परा रहेको र सैनिक सेवामा प्रवेश गर्ने गरेका देखिन्छन् । यहाँका मगर समुदायमा कृषि दोस्रो पेसाको रुपमा देखिन्छ भने छोरालाई लाहुरे हुन पढाउने तर छोरीलाई सानै उमेरमा लाहुरेसँग विवाह गरी पठाइदिने परम्परा रहेको तथ्य उल्लेख गर्नुभएको छ ।

- दुर्गा बहादुर आले (२०६८) ले 'जनओन्दोलन २०६२/०६३ मा कास्की जिल्लामा मगरहरुको भूमिका, सहभागिता, धारणा र अपेक्षाको एक अध्ययन शिर्षकमा अध्ययन गर्नुभएको छ । मगर समुदायले आफ्नो जाति लगायत सम्पूर्ण आदिवासि, जनजाति र जातिहरुको विकासको लागि प्रजातन्त्र अपरिहार्य भएको, आफ्नो जातीय पहिचान र स्वतन्त्रका लागि विगत दिनहरुमा पनि आन्दोलनमा सहभागिता हुँदै आएको र स्वभावैले मगर जातिहरु प्रजातन्त्रप्रति विश्वास र आस्थावान भएको तथ्य उल्लेख गर्नुभएको छ । साथै नेपाल मगर संघ कास्कीले २०६२/०६३ को जनआन्दोलनमा विभिन्न क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गरेको, २०६२।१।१३ गतेको कार्यक्रममा आफ्नो जातिको भेषभूषासहितको जातीय पहिचान गर्दै र्‍यालीमा सहभागी भई कठिन परिस्थितिको सामना गरेको तथ्य उल्लेख गर्नुभएको छ ।
- खिम बहादुर पुन (२०६८) ले बाग्लुङ जिल्ला, कथा ८ मा अध्ययनरत मगर भाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरुको अध्ययन गर्नुभएको छ । मगर भाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्य गठन गर्दा प्रयोग गरेका वाक्य गठनका तत्वहरु ( वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव, वाच्य र ध्रुवियता (करण/अकरण) मा त्रुटिहरु देखिएको तथ्य उल्लेख गर्नुभएको छ । वाक्य गठनका तत्वहरुमध्ये सबैभन्दा बढी त्रुटि कालमा र सबैभन्दा सहि प्रतिक्रिया लिङ्गमा गरेको पाइयो । वाक्य गठनको सरलता र जटिलताको क्रमलाई हेर्दा मगरभाषी विद्यार्थीहरुलाई वाच्यमा सबैभन्दा जटिल र लिङ्गमा सरल भएको तथ्य उल्लेख गर्दै यस्ता त्रुटीले भविष्यमा उच्च शिक्षामा असर पर्ने निष्कर्ष दिनुभएको छ ।

यसरी विभिन्न जिल्लाका विभिन्न क्षेत्रमा वसोवासगर्ने मगर समुदायको विभिन्न शिर्षकमा माथि उल्लेख गरिएका अध्ययनहरु भएको पाइएपनि थापाठाना गा.वि.स. १ का मगर समुदायको हाल सम्म अध्ययन भएको नपाइएकोले अध्ययनको आवश्यकता ठानी रित्त स्थान लाई अध्ययनले परिपूर्ती गर्न यो शोधपत्र तयार पारिएको छ ।

# अध्याय तिन

# अनुसन्धान पद्धति

कुनै पनि सामाजिक घटना, समस्या र क्रियाकलापको अनुसन्धान कार्य सम्पन्न गर्नका लागि त्यससँग सम्बन्धित अनुसन्धान विधिका सम्पूर्ण चरणहरु पूरा गर्नुपर्ने हुन्छ । एकातर्फ अनुसन्धान व्यवस्थित र वैज्ञानिक हुनुपर्ने आवश्यकता हुन्छ भने अर्कोतिर अनुसन्धानका उद्देश्यहरु प्राप्तीका लागि पनि निश्चित विधिहरु अवलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धान प्रक्रिया पुरा गर्नका लागि उपयुक्त र प्रभावकारी अनुसन्धान विधिको उपयोग गरिन्छ । वैज्ञानिक अनुसन्धान विधिका विभिन्न चरणहरुको कार्य सम्पादनबाट अनुसन्धान पूर्ण र व्यवस्थित बन्न सक्छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बसोबास गर्ने मगर समुदायको विभिन्न विषयमा मानवशास्त्रीय एवं समाजशास्त्रीय अध्ययन भएको पाइन्छ । कुनै एक स्थानमा बसोबास गर्ने मगर समुदायको अर्को स्थानमा बसोबास गर्ने मगर समुदायसँग सामाजिक, आर्थिक, साँस्कृतिक अवस्थामा फरक पाइन्छ । तसर्थ यो अनुसन्धान पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ 'खुम' मा बसोबास गर्ने मगर जातिमा यो अध्ययन केन्द्रित रहने गरी अध्ययन क्षेत्रको छनोट गरिएको छ । हालसम्म यो मगर समुदायमा अध्ययन, अनुसन्धान नभएको भेटिएकाले यहाँका मगर समुदायको अध्ययन गर्न उत्सुकता जागेर यहाँका मगर समुदायको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्नुपर्ने देखिएकाले यो अध्ययन क्षेत्र छनोट गरिएको छ । यहाँका मगर समुदायको अध्ययनले भविष्यमा हुने कुनै मगर जातिको अध्ययन अनुसन्धानलाई समेत सहयोग पुऱ्याउने छ भन्ने आशाका साथ यो अध्ययन क्षेत्रको छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै अनुसन्धानको योजना, संरचना र रणनीतिलाई अनुसन्धान ढाँचा भनिन्छ । अध्ययन गरिने समस्याको विषयमा उठाइएको प्रश्नको उत्तर पाउनका लागि एक वृहत योजना बनाइएको हुन्छ जसलाई अनुसधान ढाँचा भनिन्छ । यो अध्ययन मगर जातिको सामाजिक, आर्थिक, साँस्कृतिक अवस्थामा केन्द्रित रहेकाले अन्वेषणात्मक ढाँचामा रहने छ ।

मगर जातिको सामाजिक, आर्थिक, शैक्षिक पक्षलाई वणर्नन गर्नुपर्ने भएकाले वर्णनात्मक प्रकृतिको पनि रहने छ । अध्ययनको उद्देश्य प्राप्त गर्न मगर जाति सम्बन्धी विभिन्न पक्षहरुको अन्वेषण पश्चात आवश्यकतानुसार वर्णन गरिने भएकाले यो अनुसन्धान अन्वेषणात्मक तथा वर्णनात्मक ढाँचामा रहेको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा मगर जातिसँग सम्बन्धित सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, साँस्कृतिक पक्षका संख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय स्रोतबाट लिएको छ । प्राथमिक स्रोतबाट लिइने प्राथमिक तथ्याङ्कको स्रोत घरधुरी सर्वेक्षण हुनेछ । घरधुरी सर्वेक्षणका आधारमा अन्तर्वार्ता अनुसूची, अवलोकन र वैयक्तिक अध्ययन विधि प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिने छ । त्यस्तै द्वितीय स्रोत अन्तर्गत मगर जातिसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, लेख, रचना, सन्दर्भ, पुस्तकहरु, जनरल, अनुसन्धान कृतिहरु, शोधपत्र, विद्यालय तथा गा.वि.स. कार्यालयबाट प्राप्त सूचनाहरु लगायत अन्य प्रकाशित एवं अप्रकाशित लेख, रचना एवं पुस्तकहरु रहेका छन् ।

यस अनुसन्धानमा मगर जातिका सामाजिक, आर्थिक धार्मिक एवं साँस्कृतिक पक्ष, शिक्षा, पेसा आदिसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक दुवै प्रकृतिका तथ्याङ्क रहेका छन् । मात्रात्मक तथ्याङ्क अन्तर्गत पारिवारिक विवरण, लिङ्ग, उमेर, शैक्षिक स्थिति, रोजगारको स्थिति आदि पर्दछन् भने गुणात्मक तथ्याङ्क अन्तर्गत पेशाले पारेको परिवर्तनका विभिन्न धार्मिक, साँस्कृतिक पक्ष र संस्कारसँग सम्बन्धित पक्षहरु, सामाजिक पहिचान र संरचना तथा आर्थिक हैसियत आदि पर्दछन् ।

## ३.४ समग्रता र नमुना छनौट

प्रस्तुत अध्ययन पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ का मगर समुदायको हो । यस गा.वि.स.को वडा नं १ मा मात्र बाक्लो मगरबस्ती छ । यस अध्ययन क्षेत्रमा कुल ९९ वटा मगर परिवारका घरहरु रहेका छन् । तसर्थ प्रस्तुत अध्ययनको समग्रता ९९ घर परिवार रहेका छन् । यस अध्ययनमा समग्र ९९ मगर परिवारको अध्ययन गर्ने भएकाले जनगणना विधि प्रयोग गरी मगर जातिको उद्देश्य अनुरुपको तथ्याङ्क सङ्कलन गरिने छ । समग्र ९९ मगर परिवारका पुरुष वा महिला घर मुली उत्तरदाता रहने गरी जनगणना विधिबाट यो अध्यन गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अनुसन्धानको उद्देश्य प्राप्त गर्न उद्देश्य अनुरुपका सही तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त हुनु अत्यन्तै महत्वपूर्ण रहन्छ । सही, तथ्यपूर्ण तथा विश्वसनीय तथ्याङ्क सङ्कलन भएमा मात्र अध्ययनको उद्देश्य पूरा हुने र त्यस्तो अध्ययनको औचित्य रहन्छ । त्यसैले प्राथमिक तथ्याङ्क सङ्कलनका विभिन्न विधिहरु अवलम्बन गरी सही तथ्याङ्क लिने गरिन्छ । यो अध्ययनमा मगर जातिका विविध पक्षका गुणात्मक तथा मात्रात्मक तथ्याङ्कहरु निम्न विधिबाट सङ्कलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

प्रस्तुत अध्ययनमा मगर जातिसँग सम्बन्धित उद्देश्य अनुरुपका प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अनुसूचीमा दिइएअनुसारका अन्तर्वार्ता अनुसूची तयार गरिएको छ । समग्र ९९ घर परिवारका ९९ जना घरमुली उत्तरदाताहरुसँग अनुसन्धानकर्ता स्वयंले अन्तर्वार्ताका माध्यमबाट प्रश्नावली भरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । मौखिक अन्तर्वार्ताका माध्यमले छुट्टाछुट्टै ९९ परिवारका उत्तरदाताबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

समाजशास्त्रीय अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्दा अन्तर्वार्ता विधिमा आइ पर्ने कठिनाईहरु हटाउन, तथ्याङ्कहरुको प्रमाणीकरण गर्न, गुणात्मक प्रकृतिका तथ्याङ्कहरु सङ्कलन गर्न अवलोकन विधि अपनाइन्छ । प्रस्तुत अध्ययनमा मगर जातिको उद्देश्यसँग सम्बन्धित विभिन्न पक्षहरुको अवलोकन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । गाउँको अवस्थिति, रहनसहन, भेषभुषा, सामाजिक चेतना, सामुदायिक विकास, जनसहभागिता, सामुदायिक विकृति सामाजिक वातावरण आदि पक्षको समेत अवलोकन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययनको अर्थ कुनै व्यक्ति वा समूहका सम्बन्धमा गरिने खोज हो । यो एक प्रकारको कुनै व्यक्ति, स्थिति वा समुदायको सम्बन्धमा गरिएको पूर्ण अवलोकन र सतर्कता समावेश भएको गुणात्मक विश्लेषणको स्वरुप हो । यो कुनै एकाइको विशेष पक्ष वा त्यसको समस्त पक्षको सम्बन्धमा तथ्याङ्कहरुको सङ्कलन, सङ्गठन एवं विश्लेषण हो ।

प्रस्तुत मगर जातिको अध्ययनमा मगर जातिभित्र विभिन्न पेसा अँगालेका ३ जना पुरुष र १ जना महिलाको वैयक्तिक अध्ययन गरी प्रस्तुत गरिने छ । उक्त अध्ययनले प्राथमिक तथ्याङ्कलाई प्रमाणीकरण गर्न तथा मगर समुदायको सामाजिक, आर्थिक अवस्थाको गहिरिएर अध्ययन गर्न सहयोग गर्नेछ ।

## ३.६ विश्वसनियता र वैधता

कुनै पनि अनुसन्धानका उद्देश्यहरुलाई पूर्ण रुपमा सबल र सफल गराउन लिइने प्राथमिक तथा द्वितीय तहका स्रोतबाट प्राप्त तथ्याङ्कहरु विश्वसनीय र वैद्य हुनुपर्छ । तथ्याङ्क सङ्कलनमा विश्वासनियता भएन भने त्यस्तो अनुसन्धानले वैधता प्राप्त गर्न सक्दैन र अनुसन्धान त्रुटिपूर्ण हुन जान्छ । अतः प्रस्तुत अनुसन्धानमा विश्वसनियता र वैधता प्राप्त गर्न निम्न उपायहरु अवलम्बन गरिएको छ ।

- पूर्व परीक्षण गरिएका प्रश्नावली तयार गरिएको छ ।
- अनुसन्धानका उद्देश्यसँग सम्बन्धित विभिन्न पक्षका यथेष्ठ प्रश्नहरु निर्माण गरी प्रश्नावली बनाइएको छ ।
- प्रश्नावलीलाई अनुसन्धानकर्ता स्वयंले घरमुली उत्तरदातासँग प्रत्यक्ष अन्तर्वार्ताका माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।
- अध्ययनकर्ता स्वयंले अनुसन्धानसँग सम्बन्धित पक्षको अवलोकन गरी प्राथमिक तथ्याङ्क लिइएको र परीक्षण गरिएको छ ।
- अध्ययन क्षेत्रमा रहेका कुल ९९ घरपरिवारमा नै घरधुरी सर्वेक्षण गरी अनुसन्धानकर्ता स्वयंले जनगणना विधिबाट अन्तर्वार्ता अनुसूचीका माध्यमले तथ्याङ्क सङ्कलन गरिएको छ ।
- प्रश्नावलीमा साधारण प्रकृतिको भाषामा सबै घरमुली उत्तरदाताले बुझ्न सक्ने गरी प्रश्नहरु चयन गरिएको छ ।
- तथ्याङ्कलाई विभिन्न शिर्षकका आधारमा प्रस्तुतीकरण गरी, तालिका तयार गरी प्रशोधन गरिएको छ ।
- तथ्याङ्कहरुको छड्के परीक्षण र प्रमाणीकरण आवश्यकताअनुसार गरिएको छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुती र विश्लेषण

कुनै पनि अनुसन्धानका लागि सङ्कलित तथ्याङ्कहरुलाई अर्थपूर्ण तरिकाबाट सबैले बुझ्न सक्ने गरी प्रस्तुत गर्नु तथ्याङ्कको प्रस्तुतीकरण हो । यस अध्ययनमा सङ्कलन गरिएमा तथ्याङ्कहरुलाई विभिन्न शिर्षकका आधारमा वर्गीकरण गरी तालिकाबाट देखाइएको छ र आवश्यकता अनुसार वृत्तचित्र, स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ । तथ्याङ्कहरुको तालिकीकरण पश्चात प्रत्येक शिर्षकका तथ्याङ्कको विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक विशेषताहरु

प्रस्तुत अध्ययन नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धवलागिरी अञ्चलको पर्वत जिल्लामा पर्ने थापाठाना गा.वि.स. वडा नं. १ खुम भन्ने गाउँका मगर समुदायको रहेको छ । यस क्षेत्रमा रहेका मगर समुदायका कुल ९९ मगर परिवारमा जनगणना विधिबाट सामाजिक, आर्थिक अवस्थाको चित्रण गर्ने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनलाई सबल बनाउन अध्ययन क्षेत्रको सामान्य परिचय दिनु सान्दर्भिक हुनेछ ।

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१.१ पर्वत जिल्लाको सामान्य परिचय

पर्वत जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने धवलागिरी अञ्चलको प्रवेशद्वाराका रुपमा चिनिने मध्य पहाडी जिल्ला हो । नेपालका ७५ जिल्ला मध्ये चौथो सानो जिल्लाको रुपमा रहेको भौगोलिक विविधताले भरिएको एक रमणीय जिल्ला हो । विश्व मानचित्रमा पर्वत २८$^{0}$ ००' १९" देखि २८$^{0}$ २३' ५९" अक्षांश र ८३$^{0}$ ३३' ४०" देखि ८३$^{0}$ ४९' ३०" देशान्तरमा रहेको छ । यस जिल्लाको सिमानामा पूर्वमा कास्की र स्याङ्जा दक्षिणमा स्याङ्जा र गुल्मी, पश्चिममा गुल्मी, बाग्लुङ र म्याग्दी तथा उत्तरमा म्याग्दी जिल्लाहरु पर्दछन् ।

कुल क्षेत्रफल ५३६.८६ वर्ग कि.मी. रहेको यस जिल्ला उचाइका हिसाबले सामुन्द्रिक सतहबाट ५२० मीटर उचाइमा रहेको सेतिवेणी देखि ३३०९ मीटर उचाइमा रहेको हम्पालको लेकसम्मको भू-भागमा अवस्थित छ । पर्वत सानो जिल्ला भए पनि हावापानीको भिन्नता, माटोको विविधता, धरातलीय स्वरुप र मोहोडामा ठुलो अन्तर भएकाले कृषि उत्पादनमा पनि विषमता पाइन्छ । कृषि खाद्य बालिका रुपमा धान, मकै, गहुँ, कोदोको उत्पादन हुन्छ भने फलफूलको रुपमा सुन्तला, लप्सी, केरा, लिची, आरु, ओखर र नास्पति उत्पादन हुने गर्दछ । अदुवा, आलु, अलैची, कफी, बेसार जस्ता नगदेबाली प्रशस्त उत्पादन हुने यस जिल्लामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत, क्यान्डी, जाम, जेली, अचार, छालाजुत्ता, अल्लोका कपडा, टिका, साबुन, माहुरीपालन, बाख्रापालन, गाईपालन जस्ता व्यवसाय सुरु गरेका छन् । साथै यस जिल्लामा टिमुर, सिल्टीमुर, लौंठ सल्ला, लोक्ता,

अल्लो, अर्गेली, सत्तुवा, चिराइतो धसिङ्रे, पाखनवेत, खोटो जस्ता महत्वपूर्ण गैरकाष्ठ वन पैदावारको उत्पादन भइरहेको पाइन्छ ।

२०६८ सालको जनगणना अनुसार यस जिल्लामा कुल ३५७१९ घरधुरी छन् र जम्मा जनसंख्या १४६५९० छ । जसमध्ये पुरुषको जनसंख्या ६५३०१ र महिलाको जनसंख्या ८१२८९ देखिन्छ । राजनैतिक विभाजन अन्तर्गत पर्वत जिल्लालाई २ निर्वाचन क्षेत्र, ११ इलाका, ४७ गा.वि.स. र १ नगरपालिकामा विभाजन गरिएको छ । मानविय विकासक्रमको दृष्टिले १५ औँ स्थानमा पर्ने यस जिल्लामा ब्राह्मण, क्षेत्री, मगर, कामी, गुरुङ, दमाई, सार्की कुवँर, नेवार, घर्ती, ठकुरी, सन्यासी, कुमाल, बोटे, माझी, थकाली र मुस्लिम जातिको बसोबास भएको पाइन्छ । गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, शालिग्रामशिला, नेपालको अग्लो झोलुङ्गे पुल, हम्पालको लेक, पञ्चासे, डहरे देउराली आदि यस जिल्लाका धार्मिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थान हुन् । यहाँ स्लेट ढुङ्गाका खानी, फलामखानी, तामाखानी आदिको उत्पादन हुने गरेको ऐतिहासिक प्रमाण पाइए पनि हाल स्लेट ढुङ्गा, वालुवा गिटी मात्र निकासी हुने गर्दछन् । शिक्षा क्षेत्रमा हेर्दा ५ क्याम्पस, २९ उच्च मा.वि. ४६ मा.वि., ३२ नि.मा.वि., २३८ प्रा.वि. निजी स्तरका बोर्डिङहरुमा प्रा.वि. २६, नि.मा.वि.४ र मा.वि.को संख्या ७ रहेको छ । यस जिल्लाको साक्षरता प्रतिशत ५७.०३% रहेको छ ।

(जिल्ला विकास योजना, पर्वत २०६८/०६९)

### ४.१.२ थापाठाना गा.वि.स. को एक परिचय

पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजारदेखि झण्डै ५५ कोष टाढा रहेको थापाठाना गा.वि.स समुद्री सतहबाट ९०० मी. देखि २२०० मी. सम्मको उचाइमा रहेको छ । विश्व मानचित्रमा थापाठाना गा.वि.स. २८° ०९' ३०" देखि २८° ११' १६" सम्मको उत्तरी अक्षांश र ८३° ४१' ३३" देखि ८३° ४४' ४२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस गा.वि.स. मा ९ वटा वडाहरु र २४ वटा बस्तीहरु रहेका छन् । कुल क्षेत्रफल ९९४ हेक्टर रहेको यस गा.वि.स.मा कुल घरधुरी ६४९ तथा कुल जनसंख्या ४२१५ मध्ये महिलाको जनसंख्या २०५१ र पुरुषको जनसंख्या २१६४ रहेको छ । कुल २५ वटा जाति/जनजातिको बसोबास भएको यस गा.वि.स.मा साक्षरता % ८१.०४ छ । मुख्य पेशाको रुपमा कृषि, पशुपालन, स्वदेशी एवं विदेशी नोकरी, सैनिक सेवा र व्यापार रहेको यस गा.वि.स. मा १ मा.वि., २ नि.मा.वि. तथा ५ प्रा.वि. र १ निजी स्कुल रहेको छ ।

मोटरको कच्ची बाटो तथा विद्युतको सुविधा भएको यस गा.वि.स. मा अन्न बालीको रुपमा धान, मकै, गहुँ, कोदो, जौं, आलु, फलफुलको रुपमा नासपति, सुन्तला, कागती, अम्बा, आँप, मेवा, कटहर, नगदेबालीको रुपमा अलैंची, अदुवा, बेसार, लसुन, प्याज, उँखु, कफि दलहन बालीको रुपमा सिमी, मास, भटमास, बोडी र तेलहन बालीको रुपमा तोरीको उत्पादन हुने गर्दछ । हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्ने मानिसहरु पाइए पनि हिन्दु धर्मको बाहुल्यता बढी छ । नेवारी भाषालाई मातृभाषाको रुपमा बोलेको पाइए पनि अन्य जाति जनजातिहरुले यहाँ मातृभाषाको रुपमा नेपाली नै प्रयोग गर्दछन् । हिन्दु धर्मालम्बीहरुले मनाउने चाडपर्वहरु नै यहाँका सबै जातिहरुका मुख्य चाडपर्वहरु मानिन्छन् । गा.वि.स.मा हाल ४६१ जना वैदेशिक रोजगारका लागि गएका देखिन्छन् । यो गा.वि.स. पहाडी दुर्गम गा.वि.स. को रुपमा  देखिन्छ । (गा.वि.स.को वस्तुगत विवरण, २०६९)

### ४.१.३ अध्ययन गाउँ (खुम) एक परिचय

थापाठाना गा.वि.स. मा रहेको कुल ९ वटा वडा नं. २४ वटा बस्ती मध्ये वडा नं. १ अन्तर्गत पर्ने रमणीय गाउँ खुम हो । 'तल्लो खुम' 'उपल्लो खुम' गरी २ वटा टोलमा विभाजित यो गाउँ थापाठाना गा.वि.स. को वडा नं. ७ पछि दोस्रो जनसंख्या बढी भएको वडा हो । मगरहरुको बाक्लो बस्ती भएको यो गाउँमा मगर जातिका कुल ९९ वटा घर परिवार देखिन्छन् । जम्मा जनसंख्या ५४० मध्ये पुरुषको संख्या २६७ र महिलाको संख्या २७३ देखिन्छ । भिरालो भू-बनोटमा बनाइएमा बाक्ला घरहरु भएको यो गाउँमा मगर समुदायका २ थरहरु थापा मगर र राना मगर देखिन्छन् । यी दुई थरहरु बिच आपसी सद्भाव र गहिरो मित्रता तथा सहयोगको पारस्परिक सम्बन्ध देखिन्छ । साथै यी दुई थरहरु बिच एक आपसमा बिहेबारी समेत पाइन्छ । पहिले स्याङ्जा, कास्की लगायतका विभिन्न ठाउँबाट आवातजावत गर्ने क्रममा यही गाउँको बाटो भएर मानिसहरु जमघट हुने र हिँडडुल गर्ने खुवा परेको ठाउँ भएको हुँदा खुवा भन्दाभन्दै अपभ्रंश भएर खुम भनिएको हो भन्ने बुढापाका मगरहरुको भनाइ पाइन्छ । मगर जातिको बस्ती भएको प्राकृतिक दृष्टिकोणले लालीगुराँस फुल फुल्ने डहरेको लेकमुनी अवस्थित अन्नपूर्ण हिमश्रृङ्खला दृश्यावलोकन गर्न सकिने रमणीय गाउँ खुम हो । विशेष गरी विभिन्न गोत्र हुने थापा मगर भित्रका सिञ्जाली, घर्ती, दर्लामी र लामिछाने उपथरका मगरहरु उपल्लो खुममा र आत्रेय गोत्रका राना मगरहरु तल्लो खुममा बसोबास गरेको देखिन्छ । मुख्य पेसा कृषिभएतापनि भारतीय सेना, नेपाली सेना, प्रहरी तथा अन्य वैदेशिक रोजगारी यस समुदायका आम्दानीका

मुख्य स्रोत मानिन्छन् । साफा, कर्मठ, मिलनसार र बहादुर मगरहरुको बसोबास भएको यस गाउँमा चिसो हावापानी रहेको छ । अवसर धान, गहुँ, मकै, कोदो अन्नबालीको रुपमा हुने मुख्य खेती हुन् । आलु, सिमी, बोडी, लसुन, प्याज, भटमास आदि तरकारी खेतीको रुपमा लगाउने गरिन्छ । कक्षा (१-५) सम्मको १ प्रा.वि. रहेको यो गाउँमा प्रत्यक घरमा धारा सहितको स्वच्छ खानेपानी छ र प्रत्येक घरमा शौचालयको सुविधा र विद्युतको पनि व्यवस्था रहेको छ ।

हिन्दु धर्मालम्बीहरुको रुपमा रहेमा यहाँका मगरहरु हिन्दु परम्परा अनुसार नै विभिन्न संस्कारहरु गर्दछन् र चाडपर्वोत्सवहरु मनाउँछन् । रोदी बस्ने सालैजो गाउने परम्परा हालसम्म पनि विद्यमान छ । शैक्षिक स्थिति कमजोर देखिए पनि साक्षरता प्रतिशत उच्च देखिन्छ । (गा.वि.स. को वस्तुगत विवरण, २०६९)

## ४.२ उत्तरदाताका सामाजिक, आर्थिक विशेषताहरु

पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ का मगर समुदायका सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्न खोजिएको प्रस्तुत शोधपत्रमा यस समुदायमा रहेका कुल ९९ मगर परिवारमा रहेका ९९ वटा घरमुली उत्तरदाता रहेका छन् । उत्तरदाताहरुका सामाजिक, आर्थिक विशेषताह निम्नानुसार छन् :

### ४.२.१ जनसङ्ख्या

कुनै निश्चित तोकिएको ठाउँ र समयमा बसोबास गर्ने सम्पूर्ण मानिसको सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । कुनै खास स्थानमा निश्चित समयमा बसोबास गरेका मानिसको सम्पूर्ण सङ्ख्या सो स्थानको जनसङ्ख्या हो । प्रस्तुत अध्ययनमा लिङ्ग अनुसारको जनसंख्या र उमेर अनुसारको जनसङ्ख्याको बनावट निम्नानुसार देखिन्छ ।

#### ४.२.१.१ लिङ्ग अनुसारको उत्तरदाताको परिवारको जनसंख्याको स्थिति

जनसङ्ख्यालाई लिङ्ग अनुसार वर्गीकरण गरिएको छ वा कुनै ठाउँ वा क्षेत्रको जनसङ्ख्यालाई महिला र पुरुष गरी बेग्लाबेग्लै गणना गरियो भने उक्त जनसङ्ख्यालाई लिङ्ग अनुसारको जनसङ्ख्याको बनावट भनिन्छ । उत्तरदाताका परिवारमा लिङ्ग अनुसारको जनसङ्ख्याको बनोट यस प्रकार छ :

तालिका ४.१ लिङ्गअनुसारको उत्तरदाताको परिवारको जनसङ्ख्याको स्थिति

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | २६७ | ४९.४५ |
| महिला | २७३ | ५०.५५ |
| जम्मा | ५४० | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिकाअनुसार कुल ९९ परिवारका ९९ जना उत्तरदाताका परिवारमा लिङ्ग अनुसार जनसङ्ख्याको बनावटलाई हेर्दा पुरुषको जनसङ्ख्या २६७ जना अर्थात्४९.४५% र महिलाको जनसङ्ख्या प्रतिशत पुरुषकोभन्दा १.१०% बढी देखिन्छ ।

### ४.२.१.२: उमेर अनुसारको उत्तरदाताको परिवारको जनसङ्ख्याको स्थिति

जनसङ्ख्या विभिन्न उमेर समूहमा रहेका मानिसको प्रतिशतबाट बनेको हुन्छ । जनसङ्ख्याको उमेरअनुसारको बनावट भनेको कुनै ठाउँ, क्षेत्र वा देशको उमेरअनुसारको संरचना
हो । प्रस्तुत अध्ययनमा मगर समुदायको उमेर अनुसारको उत्तरदाताको परिवारको जनसङ्ख्याको स्थिति निम्नानुसार देखिन्छ ।

४.२: उमेर अनुसारको उत्तरदाताको परिवारको जनसङ्ख्याको स्थिति

| उमेर समूह | जनसङ्ख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| ०-५ वर्ष | ४४ | ३४ | ७८ | १४.४५ |
| ५-१६ वर्ष | ६७ | ५८ | १२५ | २३.१५ |
| १६-६० वर्ष | १५० | १६६ | ३१६ | ५८.५१ |
| ६० वर्ष माथि | १२ | ९ | २१ | ३.९ |
| जम्मा | २७३ | २६७ | २४० | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार कुल ९९ घरधुरीमा गरिएको सर्वेक्षणमा उमेर समूह अनुसार उत्तरदाताका परिवारको कुल जनसङ्ख्या ५४० मध्ये (०-५) वर्ष उमेर समूहका महिला ४४ र पुरुष ३४ गरी ७८ जना वा १४.४५%, (५-१६) वर्ष उमेर समूहका महिला ६७ र पुरुष

५८ गरी जम्मा १२५ जना वा २३.१५%, (१६-६०) वर्ष उमेर समूहका महिला १५० जना र पुरुष १६७ जना गरी जम्मा ३१६ जना वा ५८.५१% र ६० वर्षभन्दा माथिको उमेर समूहका महिला १२ र पुरुष ९ गरी जम्मा २१ जना वा ३.९% रहेको पाइयो । जसअनुसार सबैभन्दा बढी % (१६-६०) वर्षका उमेर समूहको र कम जनसङ्ख्या प्रतिशत ६० वर्ष माथिको उमेर समूहमा पाइयो ।

### ४.२.२ लिङ्ग

जैविकीय रुपमा पुरुष र स्त्री जाति छुट्याउनुलाई लिङ्ग भनिन्छ । उत्तरदाता घरमुलीको लिङ्गको अवस्था यस्तो देखिन्छ ।


तालिका ४.३ उत्तरदाताको लिङ्गको अवस्था

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ८१ | ८१.९ |
| महिला | १८ | १८.१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

कुल ९९ परिवारका ९९ घरमुली उत्तरदाताको लिङ्गको अवस्थालाई हेर्दा तालिका ४.३ अनुसार पुरुष घरमुली हुने परिवार सङ्ख्या ८१ र महिला घरमुली हुने परिवार संख्या १८ वटा देखिन्छन् यसरी पुरुष घरमुली उत्तरदाता हुनेको प्रतिशत महिला घरमुलीको भन्दा ६३.८% ले बढी देखिन्छ । जसको वृत्त चित्र तल उल्लेख गरिएको छ ।

चित्र नं ४.१ उत्तरदाताको लिङ्गको अवस्था



### ४.२.३ परिवारको प्रकार

परिवार सामाजिक संरचनाको आधारभूत सामाजिक संस्था हो । परिवार सामाजिक सम्बन्धको जगमा अडिएको हुन्छ, जहाँ साधारणतया लोग्ने, स्वास्नी र तिनका छोराछोरी कम्तीमा पनि रहेका हुन्छन् । कुनै वंशनाममा आधारित पाँच सात पुस्तासम्मका सदस्यहरु एकै ठाउँमा रहेमा त्यसलाई वृहत परिवार र साधारणतया तिन पुस्तासम्मका परिवारका सदस्यसँगै रहन्छन् र तिनीहरुको भान्छा एउटै छ र पैत्रिक सम्पत्ति संगोलमा छ भने संयुक्त परिवार भनिन्छ । लोग्ने, स्वास्नी र तिनका विवाह नभएका छोराछोरीसँगै भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । कुल ९९ उत्तरदाताका मगर परिवारको प्रकार निम्न देखिन्छ ।

तालिका ४.४: उत्तरदाताका परिवारको प्रकार

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ६३ | ६३.६४ |
| संयुक्त | ३६ | ३६.३६ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.४ अनुसार कुल ९९ घरधुरीका ९९ उत्तरदाताका परिवारमध्ये एकल परिवार हुने उत्तरदाताको सङ्ख्या ६३ वा ६३.६४%, संयुक्त परिवार हुनेको सङ्ख्या ३६ वा ३६.३६% र वृहत परिवार हुनेको सङ्ख्या शुन्य देखिन्छ । यसरी यस मगर समुदायमा पारिवारिक ढाँचा एकल परिवारतर्फ उन्मुख भएको देखिन्छ ।

### ४.२.४ परिवारको आकार

परिवारमा रहेका सदस्य संख्याले परिवारको आकार निर्धारण गर्दछ । प्रस्तुत अध्ययनमा परिवारको आकारको विवरण निम्न देखिन्छ ।

तालिका ४.५: उत्तरदाताको परिवारको आकार

| आकार | संख्या | प्रतिशत |
|---|---|---|
| २-४ | २४ | २४.२ |
| ४-८ | ७३ | ७३.८ |
| ८ भन्दा माथि | २ | २.० |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.५ अनुसार उत्तरदाताको परिवारको आकारलाई हेर्दा २देखि ४ जना सम्म परिवारका सदस्य रहने उत्तरदाताको संख्या २४ जना, ४ देखि ८ जना सम्म परिवारका सदस्य रहने परिवार संख्या ७३ जना तथा ८ जना भन्दा माथि परिवार संख्या रहने उत्तरदाताको संख्या २ जना देखिन्छ । जस अनुसार ४ देखि ८ जना सम्म परिवार संख्या भएका उत्तरदाताको प्रतिशत सबैभन्दा उच्च देखिन्छ ।

## बैयक्तिक अध्ययन १

*मेरो नाम लाल बहादुर थापामगर हो । म हाल ६५ वर्षको भए मेरी एक श्रीमति, तिन छोरा र दुई छोरी छन् । हाल मेरो परिवार सङ्ख्या १७ जनाको छ । दुई छोरीको विवाह भईसकेको छ भने छोरा बुहारी तथा नाति नातीनी गरि १७ जनाको संयुक्त परिवार रहेको छ । मैले औपचारिक शिक्षा लिएको छैन । छोराहरु मध्ये दुई जनाले एस.एल.सि. पास र एक जनाले ८ पास गरेपछि म जस्तै तिन जना छोराहरु पनि भारतिय सेनामा भर्ती भए । म पेन्सन निस्केको पनि २५ वर्ष भइसक्यो । हाल म कृषि र पशुपालन व्यवसाय गर्दछु । मेरो बुवा आमाले यहि पेशाले मलाई हुर्काएकोले म रहुञ्जेल खेत बारी बाँझो नछाड्ने अठोत गरेको छु । हाम्रो परिवार यति ठुलो भए पनि छोराहरुको यस गाऊँमा बसोबास रहेको छैन् । छोराहरु मधेसतिर नै घर बनाएर बसोबास गरेका छन् । वर्षमा एक पटक पालैपालो गरेर भेट्न आउछन् । हामीलाई पनि लिएर जान खोज्छन् तर हामी बुढा बुढीलाई यो थलो छाड्ने मन छैन् । म स्वस्थ छु र हाल सम्म कुनै रोगले छोएको छैन् । त्यसैले जेन तेन बुढीले पकाएको खाएर ज्यालामा भए पनि कृषि पेशा गरिरहेको छु । मलाई छोराहरुको पैसा चहिदैन । उनीहरुले राम्रो गरेदेखि मेरो पेन्सनले हामरीलाई खान पुग्छ । स्वच्छ हावा पानीको कारणले यो ठाउ मलाई अति मन पर्छ । एउटी नानिनी पनि साथमा छे । यहि विद्यालयको कक्षा ६ मा पढ्छे । म हिन्दु धर्म मान्दछु र हिन्दु धर्म परम्परा अनुसारनै चाडपर्व र सस्कारहरु गर्दछु आजकल विदेश गरउका युवाहरुले पनि गाऊँमा धेरै परिवर्तन हरु ल्याएका छन् । भेषभुषा, मनोसञ्जन जस्ता विविध पक्षमा परिवर्तन आएको छ । विवाह पनि हामिले भने अनुसार गर्न मान्दैनन् । तर यो गाऊँमा सहयोग र मित्रता छ । युवाहरु देशविदेश लाग्छन् प्राय म जस्ता उमेर ढल्केका वृद्धहरुको मात्र बसोवास छ । आफ्नो जन्मभूमिलाई विर्सनु हुदैन र जहा गए पनि हामी यसै गाऊँमा मिलेर यहि गाऊँको विकास गर्नुपर्छ भन्ने युवाहरुलाई भन्न चाहान्छु ।*

### ४.२.५ शौचालयको स्थिति

परिवार र समुदायलाई सभ्य बनाउने, वातावरणीय स्वास्थ्यको पहिलो ाधार शौचालय मानिन्छ । यस मगर समुदायका ९९ उत्तरदाताका परिवारमा १००% नै शौचालयको सुविधा भएको देखिन्छ । हरेक घरमा सिट सहितको पक्की शौचालयर पानीको व्यवस्था भएको वातावरणीय प्रदुषणको असर नपर्ने शौचालय भएको पाइन्छ ।

### ४.२.६ अन्नबाली, तरकारीबाली

कृषि प्रधान देश नेपालमा विभिन्न प्रकारका अन्नबाली, तरकारी बाली, नगदे बाली तथा दलहन बाली लगाइन्छ । यस मगर समुदायका ९९ उत्तरदाताहरुको कृषि प्रणालीमा लगाइने बालीहरुलाई बुझ्दा अन्नबालीको रुपमा धान, मकै, गहुँ, कोदो, जौँ, आदि बाली प्रमुख रुपमा लगाउने गरेको पाइयो । तरकारी बालीको रुपमा आलु खेतीका अतिरिक्त गोलभेडा खेती, काउली, बन्दा, हरियो सागपात आदि लगाउने गरेको पाइयो । नगदेबालीको पमा अदुवा, बेसार, प्याज, लसुन, अलैची आदिको खेती गरेको देखिन्छ भने दलहन बालीको रुपमा मास, भटमास, सिमी, बोडी आदिको खेती गरेको देखिन्छ । सिँचाइको अभाव, भिरालो भू-बनोट तथा चिसो हावापानीको प्रतिकुलताले यहाँको कृषि प्रणालीबाट हुने उत्पादन सन्तोषजनक देखिदैन । उन्नत बिऊको अभाव, किटनाशक औषधीको अपर्याप्तता तथा रासायनिक मलको अभाव यहाँको कृषि उत्पादनलाई असर पार्ने अन्य तत्वहरु हुन् । यस समुदायमा फलफूल खेती लगाएको पाइदैन । छिटफुट रुपमा सुन्तला विरुवा देखिए पनि यस समुदायमा कुनै पनि कृषि बालीले व्यवसायिकता प्राप्त गर्न सकेको देखिदैन ।

उत्तरदाताका परिवारमा कुन-कुन अन्न किनबेच हुन्छ ? भन्ने पक्षलाई हेर्दा १००% परिवारमा धान/चामल किन्ने पाइयो भने बेच्ने सवालमा मकै, आलुलाई २० उत्तरदाताले बेच्ने गरेको पाइयो ।

### ४.२.७: भाषा

भाषा विचारको आदान प्रदान गर्न प्रयोग गरिने माध्यम हो । नेपालमा बसोबास गर्ने सयौँ जाति/जनजातिहरुले राष्ट्रभाषाको रुपमा नेपाली भाषालाई प्रयोग गर्दछन् भने आफ्नो जातभित्र मातृभाषाको पनि प्रयोग गर्दछन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२३ भाषाहरु मातृभाषाको रुपमा बोलिन्छन् । जसमध्ये नेपाली भाषालाई मातृभाषा मान्नेको प्रतिशत ४४.६ छ जुन सबैभन्दा उच्च हो । मगर भाषालाई मातृभाषा मान्नेको प्रतिशत ३

देखिन्छ जुन भाषा आठौँ स्थानमा रहेको छ । यस अध्ययनमा उत्तरदाताको भाषाको स्थिति लाई हेर्दा ९९ उत्तरदाताहरु मध्ये सत प्रतिशतले नै आफ्नो भाषा भएको बताए तर भाषा प्रयोगको स्थिति शुन्य देखिन्छ । आफ्नो मातृभाषा मगर हो भन्ने जान्दाजान्दै पनि यहाँका मगर जातिहरुमा भाषाको प्रयोग नगर्नुका कारणहरुमा भाषामा कमजोर भएर, अरुले नबुभ्ने भएर, भाषा जान्दैनजानेर जस्ता कारणहरु देखिन्छन् । मगर भाषा मन नपराउने नभेटिए पनि यस समुदायमा मगर भाषाको प्रयोग देखिदैन र पाइँदैन । भाषा सम्बन्धी गहिरो अध्ययन गर्दा यहाँका पूर्वजका मगरहरु यो भाषा नजान्ने, नबोल्ने तर विवाह गरेर अन्यत्रबाट ल्याइएका श्रीमतीहरु यो भाषा जान्ने भेटियो ।

### ४.२.८ सामाजिक संरचना

स्थान, घटना, कार्य विश्लेषणका आधारमा कुनै जाति विभिन्न थर, उपथरमा विभाजित हुने प्रक्रिया सामाजिक संरचना हो । यस समुदायमा मगर जातिको सामाजिक संरचना यस्तो देखिन्छ ।

तालिका ४.६:उत्तरदाताको सामाजिक संरचनाको स्थिति

| थर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| थापा मगर | ६५ | ६५.७ |
| राना मगर | ३४ | ३४.३ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार उत्तरदाताका थरहरुको सामाजिक संरचनालाई हेर्दा यस समुदायमा थापा मगर थर हुने उत्तरदाता परिवार संख्या ६५ वटा तथा राना मगर थर हुने उत्तरदाताका परिवार संख्या ३४ वटा देखिन्छ । यस समुदायमा राना मगरभन्दा थापा मगर थर हुनेको परिवार संख्या करिब दोब्बर छ ।

### ४.२.९ घरायसी कार्यमा छोराछोरीको भूमिका

वर्तमान नेपाली समाजमा घरायसी कामकाजमा स्त्रीर पुरुषलाई फरक फरक कामको जिम्मा दिएको देखिन्छ । महिलाहरु प्रायः घरभित्रको काममा सीमित भएको पाइन्छ भने पुरुषहरु घर बाहिरको काममा व्यस्त भएको देखिन्छ । प्रस्तुत अध्ययनमा मगर

समुदायमा रहेका उत्तरदाताको परिवारमा घरायसी काममा छोरा वा छोरी मध्ये कसको भूमिका बढी देखिन्छ भन्ने बुझ्दा निम्न तथ्य फेला पऱ्यो ।

तालिका ४.७: उत्तरदाताका परिवारको छोरा छोरीको घरायसी कार्यमा भूमिका

| सदस्य | भूमिका बढी हुनेको संख्या | प्रतिशत |
|---|---|---|
| छोरा | ४ | ४ |
| छोरी | ९५ | ९६ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.७ अनुसार यस समुदायका उत्तरदाताका परिवारको घरायसी कार्यमा छोरीको भूमिका प्रवल रहने र घरायसी कार्यमा छोरीलाई बढी लगाउने उत्तरदाताको सङ्ख्या ९५ र घरायसी कार्यमा छोरालाई बढी लगाउने परिवार संख्या ४ रहेको छ । यहाँका मगर समुदायमा छोरीलाई घरायसी काममा बढी लगाउनेको प्रतिशत छोराको भन्दा ९२% ले बढी देखिन्छ ।

### ४.२.१० धर्म

धर्म शब्द 'धृ' धातुबाट धारण गर्नु भन्ने अर्थमा प्रयोग भएको छ । धारणयोग्य कुरा नै धर्म हो । आचार विचार र आचरण शुद्धिको आधार धर्म हो । हिन्दु धर्मलाई प्राचीन सनातन धर्म मानिए पनि हिन्दु, बौद्ध, इस्लाम, इसाई यहुदी, कन्फुसियस, बोन आदि विश्वका प्रमुख धर्महरु हुन् । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरु शत प्रतिशतले नै हिन्दु धर्म अपनाउने देखिन्छ । यहाँका मगर जातिमा हिन्दु धर्म र परम्परा अनुसार नै संस्कार गरेको देखिन्छ । ब्रह्मण पुरोहितबाट हिन्दु धर्मका मान्यतालाई शिरोधार्य गरी धार्मिक कार्यक्रम गर्ने शतप्रतिशत उत्तरदाताहरु देखिन्छन् ।

### ४.२.११ घरको बनावट

व्यक्ति वा परिवारको आश्रयस्थल घर हो । घरमा नै परिवारको सामूहिक बसोबास हुन्छ । घरको बनावटलाई हेर्दा सिमेन्ट, रोडा, छड प्रयोग गरी बनाइएका घरहरु पक्की घर, ढुङ्गा माटो प्रयोग गरी बनाइएका घरहरु कच्ची घर मानिन्छन् । यस समुदायमा उत्तरदाताहरुको हालको घरको बनावट १००% नै कच्ची देखिन्छ । तथापी घरको बनावटलाई हेर्दा उत्तरदाताका घरको बनावट निम्नानुसार देखिन्छ ।

तालिका ४.८: उत्तरदाताको घरको बनावटको स्थिती

| बनावट | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ढुङ्गा, कर्कटपाताको प्रयोग | ९२ | ९३ |
| ढुङ्गा खरको | ३ | ३ |
| अन्य | ४ | ४ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार ९९ उत्तरदातामध्ये ढुङ्गा र कर्कटपाताको प्रयोग गरी बनाइएका घरहरुको संख्या ९२ वटा, ढुङ्गा र खरको प्रयोग गरी बनाइएका घरहरुको संख्या ३ वटा तथा ढुङ्गा र कर्कटपाता प्रयोग गरी, भित्ताहरुमा सिमेन्ट पोतिएका घरको पिँढीमा र सुरु तलाका भित्री कोठाहरुमा सिमेन्ट लगाइएका अन्य भित्र राखिएका घरहरुको संख्या ४ वटा पाइन्छ । पुर्ख्यौली घरको बनावटलाई बुभ्दा ९९% घरहरु ढुङ्गा र खरको प्रयोग गरिएका कच्ची घरहरु भएको पाइयो । आर्थिक अवस्था सुदृढ हुँदै गएकाले घरको बनावटमा परिवर्तन भएको पाइयो ।

### ४.२.१२.शिक्षा

व्यक्ति, परिवार, समाज र देशविकासको पहिलो पूर्वाधारको रुपमा रहेको शिक्षाले नै मानिसको सर्वाङ्गीण विकास गर्न सक्छ । शिक्षा सामाजिक विकासको एक प्रक्रिया हो र यो मानवीय व्यवहार परिवर्तनको मुख्य तत्व पनि हो । यस अध्ययनमा उत्तरदाताको शैक्षिक स्तर निम्न देखिन्छ ।

तालिका ४.९: उत्तरदाताको शैक्षिक स्तरको स्थिती

| शैक्षिक स्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १९ | १९ |
| १-५ सम्म/साक्षर | ५३ | ५४ |
| ५-१० | १९ | १९ |
| १० भन्दा माथि | ८ | ८ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.९ अनुसार उत्तरदाताको शैक्षिकस्तरलाई हेर्दा घरमुलीका रुपमा रहेका उत्तरदाता मध्ये निरक्षर उत्तरदाता १९ जना, साक्षर उत्तरदाता ५३ जना, ५-१० कक्षा सम्म अध्ययन गरेका उत्तरदाता १९ जना तथा १० कक्षा भन्दा अध्ययन गरेका उत्तरदाताको संख्या ८ जना देखिन्छ । यसरी यस समुदायमा उत्तरदाताको शैक्षिक स्थितिलाई हेर्दा साक्षर उत्तरदाताको प्रतिशत उच्च देखिन्छ ।

यस समुदायमा उत्तरदाताका परिवारको शैक्षिक स्तरलाई हेर्दा निम्न देखिन्छ ।

तालिका ४.१० उत्तरदाताका परिवारको शैक्षिक स्थिति

| कक्षा | महिला | पुरुष | जम्मा | कुल जनसंख्याको प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १-५सम्म | ४३ | ३७ | ८० | १४.८१ | ३३.६२ |
| ६-८ | ३६ | २२ | ५८ | १०.७४ | २४.३१ |
| ९-१० | ३५ | ४६ | ८१ | १५ | ३४.०३ |
| ११-१२ | ७ | ५ | १२ | २.२२ | ५.०४ |
| कलेज | ३ | ४ | ७ | १.२९ | ३ |
| जम्मा | १२४ | ११४ | २३८ | ४४ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१० अनुसार उत्तरदाताका परिवारको कुल जनसंख्या ५४० मध्ये २३८ जना मात्र विभिन्न तहमा अध्ययनरत भएका वा अध्ययन गरेका देखिन्छन् । जसमध्ये १-५ कक्षा सम्म अध्ययन गरेका ८० जना, ६- ८ सम्म अध्ययन गरेका ५८ जना, ९-१० कक्षा सम्म अध्ययन गरेका ८१ जना, ११-१२ कक्षा अध्ययन गरेका संख्या ७ तथा कलेज तह अध्ययन गरेकाको संख्या ३ जना देखिन्छ । जसमध्ये प्राथमिक तह (१-५) कक्षा अध्ययन गर्नेको प्रतिशत उच्च देखिन्छ ।

### ४.२.१३. शिक्षामा वार्षिक लगानी रकम

उत्तरदाताका परिवारको शिक्षामा वार्षिक लगानी रकम हेर्दा यस्तो देखिन्छ ।

तालिका ४.११: उत्तरदाताका परिवारको शिक्षामा वार्षिक लगानी रकमको स्थिती

| रकम रु मा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५००० भन्दा कम | ३९ | ३९.४ |
| १५०००- २५००० | २७ | २७.३ |
| २५०००-३५००० | २४ | २४.३ |
| ३५०००-४५००० | ६ | ६ |
| ४५००० भन्दा माथि | ३ | ३ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.११ अनुसार यस समुदायमा शैक्षिक स्थिति न्युन हुनाको कारण बारे बुझ्न वार्षिक शैक्षिक लगानी रकमलाई हेर्दा वार्षिक रुपमा रु १५००० भन्दा कम शिक्षामा लगानी गर्ने उत्तरदाताको संख्या ३९, रु १५००० देखि २५००० सम्म वार्षिक रुपमा शिक्षामा लगानी गर्ने उत्तरदाताको संख्या २७, रु २५००० देखि ३५००० सम्म लगानी गर्नेको संख्या २४, रु ३५००० देखि ४५००० सम्म लगानी गर्नेको संख्या ६ तथा रु ४५,००० भन्दा माथि वार्षिक रुपमा लगानी गर्ने उत्तरदाताको संख्या ३ देखिन्छ । यसरी वार्षिक रकम रु १५००० भन्दा कम लगानी गर्नेको प्रतिशत उच्च देखिन्छ । लगानीका कारण पनि शैक्षिक स्तर न्यून भएको पाइन्छ ।

### ४.२.१४ उत्तरदाताका बच्चाहरुले पढ्ने विद्यालयको प्रकार

यस समुदायमा १ सरकारी प्रा.वि रहेको र गा.वि.स. मा १ निजी प्रा.वि. स्तरको विद्यालय सञ्चालन भएको देखिन्छ । उत्तरदाताका परिवारका वच्चाहरु अध्ययन गर्ने विद्यालयको प्रकारलाई हेर्दा यस्तो स्थिति देखिन्छ ।

तालिका ४.१२: उत्तरदाताका बच्चाहरुले पढ्ने विद्यालयको प्रकारको स्थिती

| प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ८८ | ८८.९ |
| निजी | ११ | ११.१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१२ अनुसार कुल ९९ जना उत्तरदातामध्ये ८८ जना उत्तरदाताले आफ्ना बच्चाहरुलाई सरकारी विद्यालयमा पढाउने गरेको पाइयो भने ११जना उत्तरदाताले बच्चाहरुलाई निजी विद्यालयमा पढाउने गरेको पाइयो । यस समुदायमा सरकारी विद्यालयमा पढाउने उत्तरदाताको प्रतिशत उच्च देखिन्छ ।

### ४.२.१५ चाड पर्व तथा संस्कार

अनेकतामा एकता, सांस्कृतिक विविधता भएको हाम्रो देश नेपालमा सामाजिक, साँस्कृतिक तथा धार्मिक दृष्टिले अभिप्रेरित भएका विभिन्न चाडपर्वहरु ब्रतोत्सवहरु एवम् जात्राहरु मनाईन्छन् । यस मगर समुदायमा रहेका उत्तरदाताका परिवारमा मनाईने चाडपर्वहरुमा नयाँ वर्ष, कृष्णाष्टमी पर्व, तीज, विजयादशमी, तिहार, बालाचतुर्दशी, माघी पर्व, शिवरात्री पर्व, फागु पूर्णिमा, चैते दशैं आदि पर्दछन् । हिन्दु परम्परा अनुसार नै यहाँको मगर समुदायमा यी चाड पर्वहरु मनाइन्छन् ।

जन्म देखि मृत्युसम्म धार्मिक भावना एवं मनोरञ्जनका दृष्टिले विभिन्न संस्कारहरु सम्पन्न गर्ने गरिन्छ । नेपालमा विभिन्न जातजातिहरुको जातकर्मसंस्कार, विवाह संस्कार तथा मृत्यु संस्कारको परम्परा र प्रचलन पृथक पृथक देखिन्छ । यस समुदायमा बस्ने मगर जातिहरुको जात कर्मसंस्कार, नामाकरण संस्कार, हिन्दु धर्मावलम्बीहरुको जस्तै छ । वच्चा जन्मदा आफ्नो थर भित्र ९ दिन सुतक बार्ने र ११ दिनमा नामाकरण गर्ने प्रचलन देखिन्छ । बच्चा जन्मेको ६ महिनामा अन्नप्राशन गराउने चलन छ भने उपनयन गर्ने चलन यस समुदायमा देखिँदैन ।

हिन्दु परम्परा अनुसार नै ब्राम्हण पुरोहितबाट बिबाह संस्कार सम्पन्न गर्ने यहाँको मगर समुदायमा मामाचेली, फूपुचेला बिबाह वढी प्रचलनमा देखिन्छ । तथापि मागी बिबाह र प्रेम बिबाह पनि वढ्दो क्रममा छ । मृत्यु संस्कारलाई हेर्दा यहाँका मगर समुदायको अन्त्येष्टी संस्कार ब्राम्हण, क्षेत्रीको सँग मेल खान्छ । पवित्र नदीमा लगी लासलाई जलाउने गरिन्छ भने १३ औं दिन सम्म पिण्डदान गरी १३ औं दिनमा हिन्दु परम्परा अनुसार नै चोखिने चलन छ ।

### ४.२.१६ भेषभुषा एवम् बस्त्राभुषण

यस क्षेत्रका मगर समुदायमा भेषभुषा एवम् गर गहनाको प्रयोगलाई हेर्दा पुरुषहरु कछाड, धोती, भोटो, सुरुवाल, टोपी, पटुका, स्टकोट आदि लगाउँछन् भने महिलाहरुले

चोलो, गुन्यु, पटुका, मखमलको घलेक, मजेत्रो आदी बस्त्र लगाएको पाइन्छ । गरगहनाको रुपमा पुरुषले औंठी लगाएको देखिन्छ भने महिलाहरुले शिरफुल, बुलाकि, कर्णफूल, सिक्री, हार, तिलहरी, छडके तिलहरी, रैया, वाला तथा चुराहरु लगाएको देखिन्छ । आधुनिकता सँगै युवा पुस्तामा भने भेषभुषाको प्रचलनमा भने विविधता र नयाँ पन देखिन्छ ।

### ४.२.१७ खानपिन एवम् मनोरञ्जन

चिसो हावा पानीमा रहेका यहाँका मगर समुदायका मानिसहरु अन्नका परिकारहरुमा भात, रोटी, दाल, तरकारी र ढिडो सेवन गर्ने भेटिन्छ । धान, मकै, गहूँ, कोदो यहाँका मुख्य अन्न बालीहरु हुन भने तरकारीको रुपमा प्राय घरमै लगाइएका आलु सागपात, गुन्द्रुक, काउली, सिमी, बोडी, भट्मासको प्रयोग गर्दछन् । यी खाद्यान्नका अतिरिक्त दुध दहि, घ्यू जस्ता पौष्टिक पर्दाथको सेवन गर्ने देखिन्छ भने विशेष चार्ड पर्वहरुमा जाँड रक्सी समेत पिउने प्रचलन रहेको पाइन्छ । मासुको रुपमा खसी, बाखा, कुखुरा, हाँस, परेवाको प्रयोग गर्ने यहाँका मगर परिवारमा विवाह, जन्म तथा अतिथि सत्कार लगायत दसै तिहार जस्ता मुख्य चार्ड पर्वमा रक्सी अनिवार्य हुने पाइयो ।

छुट्टै सांस्कृतिक विशेषता बोकेका यहाँका मगर जातिहरु विभिन्न चार्ड पर्व अतिथि सत्कार, जन्म संस्कारहरुमा मनोरञ्जन गर्ने गर्दछन् । रोधी बस्ने परम्परा हालसम्म पनि कार्यमै छ भने सालैजो, यानीमाया, गित गाउने मारुनी नाँच नाच्ने प्रचलन पनि कायमै रहेको बताउँछन् । समयको परिवर्तन सँगै खानपान तथा मनोरञ्जनका साधन र तरिकामा पनि हाल आएर धेरै परिवर्तन भएको यहाँका उत्तरदाताहरुको भनाइ देखिन्छ ।

### ४.२.१८ पेशा

सामान्यतया कुनै व्यक्ति वा परिवारले दैनिक जीवन यापन गर्न, गुजारा चलाउन, आर्थिक उपार्जन गर्न अपनाउने माध्यम तरीका वा व्वसायलाई पेशा भनिन्छ । पेशाले व्यक्तिको सामाजिक आर्थिक अवस्थामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सामान्यतया नेपालमा कृषि, सेवा व्यवसाय, वाणिज्य व्यवसाय गरी ३ प्रकारका पेशाहरु सञ्चालनमा रहेका देखिन्छन् । (निरौला, २०६३) तथापी नेपालमा कृषि, पशुपालन, व्यापार, सैनिक सेवा, बैदेशिक रोजगार लगायत थुपै पेशाहरु अवलम्वन गरिएको देखिन्छ । मुख्य र सहायक पेशा गरी पेशा अवलम्बन गरेको पनि पाइन्छ । यस अध्ययन क्षेत्रमा मुख्य पेशाको विवरण निम्नानुसार छ ।

तालिका ४.१३: उत्तरदाताको परिवारको मुख्य पेशाको स्थिति

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४५ | ४५.४५ |
| बैदेशिक रोजगार | १४ | १४.१४ |
| सैनिक सेवा | ३५ | ३५.३५ |
| अन्य | ५ | ५ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१३ अनुसार कुल ९९ जना उत्तरदातामध्ये कृषिलाई मुख्य पेशाको रुपमा अवलम्बन गर्ने उत्तरदाताको संख्या ४५, बैदेशिक रोजगारलाई मुख्य पेशाको रुपमा अवलम्न गर्नेको संख्या १४, सैनिक सेवालाई अपनाउने उत्तरदाताको संख्या ३५ तथा सिकर्मी, डकर्मी, ज्याला मजदुरी जस्ता अन्य पेशालाई मुख्य पेशाको रुपमा अवलम्बन गर्ने उत्तरदाताको संख्या ५ रहेको देखिन्छ। यसरी ४५.४५ प्रतिशतले अवलम्बन गर्ने गरेको मुख्य पेशा कृषि नै यस समुदायको मुख्य पेशा देखिन्छ।

यस समुदायमा मुख्य पेशाको अतिरिक्त सहायक पेशा पनि अवलम्बन गरेको पाइयो यस अध्ययन क्षेत्रका मगर परिवारहरुले अपनाएका सहायक पेशाहरुको स्थिति यस प्रकार छ।

तालिका ४.१४ : उत्तरदाताका परिवारको सहायक पेशाको स्थिति

| सहायक पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| पशुपालन | ६८ | ६८.७ |
| व्यापार | ३ | ३ |
| सिकर्मी, डकर्मी | २१ | २१.३ |
| ज्याला मजदुरी | ७ | ७ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१४ अनुसार कुल ९९ जना उत्तरदातामध्ये सहायक पेशाको स्थितिलाई हेर्दा पशुपालनलाई अपनाउने उत्तरदाताको संख्या ६८, व्यापारलाई सहायक पेशाको रुपमा

अपनाउनेको संख्या ३, सिकर्मी, डकर्मी लाई अपनाउनेको संख्या २१ तथा ज्याला मजदुरीलाई सहायक पेशा अपनाउने उत्तरदाता परिवार संख्या ७ रहेको देखिन्छ । यसरी यस समुदायमा सहायक पेशाको रुपमा पशुपालन गर्नेको प्रतिशत (६८.७) उच्च देखिन्छ ।

## बैयक्तिक अध्ययन २

*मेरो नाम पूर्ण बहादुर राना मगर हो म हाल ३५ वर्षको भए मेरो एक बुवा ६५ वर्ष र आमा ६० वर्षको हुनुहुन्छ । मेरो एक छोरा ७ वर्षको र छोरी एउटी ३ वर्षकी छन् । मेरो परिवार संयुक्त परिवार हो । मेरो बुवा भारतिय सेनामा पूर्व कार्यरत पेन्सनर हुनुहुन्छ । हाम्रो परिवारमा भएका म एक छोरा र मेरी बहिनी मध्ये बहिनीको विवाह भएसकेको छ । मेरो छोरा सरकारी विद्यालयमा कक्षा २ मा अध्ययन गर्दछ । मेरो बुवा भारतिय सेनामा कार्यरत भए पनि हाम्रो मुख्य पेशा कृषि थियो हाल म नेपाली सेनामा कर्यरत छु । बुवाको आग्रह बमोजिम मैले एस.एस.सी. पास भए पछि आफ्नै देशमा जागिर गर्नुपर्छ भन्ने मान्यताले सेनामा भर्ति भए । उहाँहरुको उमेर ढल्दै गएपछि घरका आर्थिक क्रियाकलापहरु मेरो काधमा सुम्पेर हाल म घर मुलीको रुपमा रहेको छु । कृषि पेसा गर्ने परिवार घरमा नभएकाले मेरी श्रीमतिले बुवा आमा र बाल बच्चाको हेरविचार गर्नुपर्ने भएकोले कृषि तथा पसुपालन व्यावसाय हामिले छोडिसकेका छौं । तथापि एक भैसीँ र थोरै खेत कमाएका छौ र यो पनि धान्न मुस्किल परिरहेको छ ।*

*बुवाको पेन्सन र मेरो तलवबाट सानो परिवार रामै सँग चलिरहेको छ जेन तेन खर्च र आम्दानीको अनुपात सन्तुलित छ । बच्चाहरुलाई राम्रो सँग पढाउने मेरो इच्छा छ । गाऊमा राम्रो विद्यालयको अभावले बजार तिर प्रवेश गर्ने इच्छा भएर पनि बुवा आमाको कारणले उहाहरुलाई छाड्न सकिएन् । गाऊमा घर राम्रै छ । पानी, शौचालय विद्युतको पनि सुविधा छ । विस्तारै विस्तारै गाऊँमा पनि विकास बढ्दै गएको, चेतनाको स्तर उठ्दै गएको देखिन्छ । ग्रामिण समुदायमा पनि सामाजिक परिवर्तनहरु हुदै गएका छन् । देश विदेशबाट नौला नौला विधि र तरिका भित्रिएर हाम्रो मगर समुदायमा पनि नयाँ नयाँ आयाम हरु प्रचलनमा आए आजकल मामा चेली, फुपु चेला विवाह भन्दोभबढि प्रेम विवाह हुन थाल्यो । सालैजो गाउने गितको सट्टा युवाहरु विदेशी गितमा नाच्ने गर्दछन् आफ्नो संस्कृति विर्सनु चाहि राम्रो होइन् । मलाई मगर जनजाती भएकोमा गर्व लाग्छोकिनकी मगर सोझा, मिलनसार, कर्तव्य प्रेमि र बहादुर हुन्छन् ।*

### ४.२.१९ पशुपालन

यस मगर समुदायम सहायक पेशाको रुपमा उच्च प्रतिशत देखिएको पशुपालन व्यवसायको स्थिती निम्नानुसार देखिन्छ।

तालिका ४.१५: उत्तरदाताको पशुपालनको स्थिती

| पशुपंक्षिको बिबरण | पाल्ने घरधुरी संख्या | पशुको जम्मा संख्या |
|---|---|---|
| भैंसी | ९९ | २७३ |
| गोरु | ४३ | ८० |
| बाखा | ८२ | ३१२ |
| कुखुरा | ५८ | २२० |
| परेवा | ६ | २९ |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१५ अनुसार उत्तरदाताको पशुपालनको स्थितीलाई हेर्दा भैंसी पाल्ने उत्तरदाताको संख्या सतप्रतिशत देखिन्छ भने ९९ परिवारमा जम्मा भैंसीको संख्या २७३ देखिन्छ । गोरु पाल्ने उत्तरदाताको संख्या ४३ तथा गोरुको कुल संख्या ८० देखिन्छ । बाखापालन गर्ने परिवार संख्या ८२ र बाखाको कुल संख्या ३१२ देखिन्छ। कुखुरा ५८ घरमा पालन गरेको देखिन्छ जसको कुल संख्या २२० छ। त्यस्तै परेवा पालन गरेका उत्तरदाताको संख्या ६ भेटिन्छ भने परेवाको संख्या २९ देखिन्छ। पशुपालनको स्थितिलाई हेर्दा भैंसीपालन गर्ने उत्तरदाताको प्रतिशत सतप्रतिशत देखिन्छ।

### ४.२.२० रोजगार

उत्तरदाताका परिवारका सदस्यहरु नेपालभित्र, भारतमा वा अन्य देशहरुमा बैदेशिक रोजगारीका लागि गएका देखिन्छन् । उत्तरदाताका परिवारको रोजगारीको स्थिती यसप्रकार छ।

तालिका नं ४.१६: उत्तरदाता र उत्तरदाताका परिवारको रोजगारको स्थिति

| रोजगार शिर्षक | **संख्या** | | | |
|---|---|---|---|---|
| | उत्तरदाता | प्रतिशत | उत्तरदाताको परिवार | प्रतिशत |
| नेपाली सेना, प्रहरी | ८ | १२.१ | ११ | १४.४७ |
| भारतीय सेना | ९ | १३.६ | १२ | १५.८ |
| बैदेशिक रोजगार | १९ | २८.८ | २३ | ३०.२६ |
| पेन्सनर | ३० | ४५.५ | ३० | ३९.४७ |
| जम्मा | ६६ | १०० | ७६ | १०० |

घरधुरी सर्बेक्षण, २०७१

तालिका ४.१६ अनुसार कुल ९९ उत्तरदातामध्ये ६६ उत्तरदाताका परिवार बिभिन्न रोजगारमा संलग्न देखिए । जसअनुसार ८ जना उत्तरदाताका परिवारका ११ जना सदस्य नेपाली सेना/प्रहरीमा कार्यरत देखिन्छन् । त्यस्तै ९ जना उत्तरदाताका १२ जना सदस्यहरु भारतीय सेनामा कार्यरत देखिन्छन् । त्यस्तै १९ जना उत्तरदाताका २३ जना सदस्यहरु बैदेशिक रोजगारका सिलसिलामा बिदेश गएका पाइन्छज् भने ३० जना उत्तरदाताका ३० जना सदस्यहरु भारतीय भू.पू. पेन्सनरका रुपमा देखिन्छन् ।

## बैयक्तिक अध्ययन ३

*मेरो नाम तेज बहादुर थापामगर हो । म हाल ५४ वर्षको भए मेरा २ छोरा २ बुहारी र एक नाति गरी ६ जनाको परिवार छ । म साक्षर मात्र हु । एक छोराले एस.एल.सी. पास एक छोराले ८ पास र बुहारीले दश पास गरेकीछन् र नाति २ कक्षामा सामुदायिक विद्यालयमा अध्ययनरत छ । जेठो छोरा वैदेशिक रोजगारमा पाँच वर्ष बिताएर हाल कृषि पेशा गर्दै छ । कान्छो छोरा वैदेशिक रोजगारको शिलशिलामा कतारमा कार्यरत छ । मेरो वर्तमान पेशाको रुपमा कृषि र सहाएक पेशाको रुपमा सिकर्मी डकर्मी अपनाएको छु । मेरो बुवाको पेशा कृषि थियो । पुरानो घुमाउरो घरको बनावटमा अत्यन्त कष्टप्रद जीवनको गुजारा चलाउँदा आम्दानीको खासै राम्रो स्रोत नभएकाले मैले पढ्न पाएको थिइन । म २० वर्षको भएपछि भारतमा गई अस्थाई नोकरी १५ वर्ष गरे र छोराहरुलाई पढाए । मेरी श्रीमति हाल छैनन् । उनको मृत्यु भएको ३ वर्ष भयो । कृषि पेशामा मात्र आश्रृत भएर जीविका चलाउन निकै*

*अपठ्यारो भयो । र यहिँ सिकर्मी डकर्मी काम सिकेको हु । हाल यस बाट पनि राम्रै आम्दानी भएको छ ।*

*विदेश गएर कमाएको पैसाले केही राम्रो घर, शौचालय र खानेपानीको प्रवन्ध मिलाएको छु महगिं बढ्दै गएको छ । खेति किसानी गरेर मात्र जिवीका चलाउन निकै गाह्रो छ । ग्रामिण भेगमा त्यति राम्रो खेती हुदैन । सिंचाई, मल विउको अभाव छ त्यसैले यहाँका मानिसहरु सधै वैदेशिक रोजगारमा निर्भर छन् र वैदेशिक रोजगार रहर नभएर वाध्यता भएको छ । विदेशमा गयो २/४ पैसा कमायो अनि यहिँ आएर केहि गर्यो यो हाम्रो परिवारको पनि परिस्थिति र विवसता हो म हिन्दु धर्म मान्दछु र हिन्दु परम्परा अनुसारकै संस्कार र चाडपर्वहरु मनाउछु । देश विदेश घुमेर आएका छोराहरुले धेरैजसो हाम्रो प्राचिन रहन सहन खानपिन र भेषभुषामा परिवर्तन ल्याईसकेका छन् मगर भाषा भए पनि हाम्रो परिवार र गाऊमा यो भाषा आउदैन र बोलिदैन् । मेरी बुहारी भने स्याङ्जा बाट विवाह गरेर ल्यायकि र माइतमा बोलेकी हुनाले बोल्न जान्दछिन् । हाल यहाँको विवाह पद्धतिमा पनि परिवर्तन आएको छ । मेरो छोराको पनि प्रेम विवाह हो । गाऊँमा राम्रो विकास भैइदिए हामीजस्ता किसानहरुले जीवन धान्न सजिलो हुने थियो ।*

## बैयक्तिक अध्ययन ४

*मेरो नाम जोगमाया थापामगर हो । म हाल ५९ वर्षकी भए मेरो एक श्रीमान ३ छोरा १ छोरी २ बुहारी २ नाति र तिन नातिनी गरी जम्मा १३ जनाको संयुक्त परिवार छ । मेरो श्रीमान भारतिय सेनामा भुपु पेन्सनर हुनुहुन्छ । र उहाँ ६५ वर्षको हुनुहुन्छ । साथै शारीरिरक रुपमा अस्वस्थ हुनुहुन्छ । उहाँ भारतिय सेनामा कार्यरत हुदा मैले सामान्य निवेक गरी कृषि पेशा अपनाएर बस्थे हाल १ छोरा भारतिय सेनामा कार्यरत छ । २ छोराहरु क्रमस बि.ए. र कक्षा ११ मा अध्ययनरत छन् । अहिले हाम्रो मुख्य पेशा केही पनि छैन् । यहि पेन्सनर छोराको आम्दानीमा घर खर्च चलेको छ । छोरा बुहारी काम गर्न सक्ने भए पनि उनिहरु कृषि पेशाको रुपमा खेत बारीमा काम गर्न रुचाउदैनन् । अहिले हामीले अलि अलि भएको खेत बारी पनि अर्कैलाई कमाउन दिएका छौ । एक भैसीँ पालेका छौ । बजारबाट खाद्यान्न ल्याएर खान्छौ पढाईमा पनि खर्च हुन्छ । पेन्सनले र छोराको कमाईले आम्दानी र खर्च सन्तुलित जस्तै भएको छ । गाऊँमा बस्न छोराहरु मन गर्दैनन् यहाँ दुःख गर्न सकिदैन् दुःख जति जरेपनि खान पुग्दैन आम्दानीका राम्रा स्रोतहरु छैनन् । त्यसैले हामी अन्यत्र जानु पर्छ भन्ने छोराहरुको सोच देखिन्छ । तर हामी मानेका छैनौ । हाम्रो सास*

*रहुञ्जेल बावु बाजेका सम्पति  ठानेर हामीले यहाको पैत्रीक सम्पति नबेच्ने भनेका छौ । गाऊँमा नै बस्न रमाइलो लाग्छ । सबै चिनेका आफन्त, इस्टमित्र यहि छन् । उमेर पनि ढल्किसक्यो । घर पानी बिजुली सबैको सुविधा छ । मौसम पनि राम्रो छ । मेरो श्रीमान पनि यहिँ बस्न रुचाउनहुन्छ । दुई छोराले राम्रो सँग पढेर नेपालमा नै जागिर खान पाए राम्रो हुन्थ्यो भन्ने सोच हामी बुढा बुढीको छ । कति भारत मात्रै जाने के गर्ने यहाँ राम्रो जागिर पाईदैन भन्छन, हामीलाई त यही गाऊँ प्यारो लाग्छ ।*

### ४.२.२१ आम्दानी

कुनै व्यक्ति वा परिवारमा सञ्चालन हुने विभिन्न पेसाका आधारमा आउने मासिक वा वार्षिक रकम सामान्यतया उक्त व्यक्ति वा परिवारको आम्दानी हो । आर्थिक उपार्जनका लागि देश, विदेशमा गई रोजगार प्राप्त गरेका वा ग्रामीण भेगमा नै विभिन्न पेसा व्यवसायको रुपमा रोजगारी प्राप्त गरेका यहाँका मगर समुदायका ९९ उत्तरदाताहरुको रोजगारबाट मासिक आम्दानीको स्थिती यस प्रकार छ ।

तालिका ४.१७: रोजगारबाट हुनुपर्ने मासिक आम्दानी सम्बन्धी उत्तरदाताको विवरण

| मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५००० | ३४ | ३४.३५ |
| ५०००-१०००० | २० | २०.२० |
| १००००-१५००० | १५ | १५.१५ |
| १५,०००-२०००० | १५ | १५-१५ |
| २००००भन्दा बढी | १५ | १५-१५ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१७ अनुसार कुल ९९ उत्तरदाता मध्ये मासिक आम्दानी रु. ५,००० हुनेको संख्या ३४ वटा रु. (५०००-१०,०००) सम्मा मासिक आम्दानी हुनेको संख्या २० वटा, रु. ( १०,०००-१५०००) सम्म मासिक आम्दानी हुने उत्तरदाताको संख्या १५ वटा रु. (१५,०००-२०,०००) सम्म आम्दानी हुने उत्तरदाता १५ वटा र रु. २०,०००भन्दा बढी मासिक आम्दानी हुने उत्तरदाताको संख्या १५ देखिन्छ ।

### ४.२.२२ आम्दानीले धान्न पुग्ने महिना

कुल ९९ उत्तरदाताको परिवारमा परिवारको आम्दानीले वार्षिक रुपमा कति महिनासम्म धान्न पुग्छ ? भन्ने प्रश्नमा निम्न तथ्याङ्क भेटियो ।

तालिका ४.१८: उत्तरदाताका परिवारको आम्दानीले धान्न पुग्ने महिना

| महिना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-३ | ४१ | ४१.५ |
| ४-६ | १५ | १५.१ |
| ७-१० | ३१ | ३१.३ |
| ११-१२ | १२ | १२.१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

तालिका ४.१८ अनुसार कुल ९९ उत्तरदाताका परिवारको वार्षिक आम्दानीले कति महिनासम्म धान्न सक्ने भन्ने अध्ययनमा (१-३) महिनासम्म धान्न सक्ने परिवार सङ्ख्या ४१ वटा, (४-६) महिनासम्म धान्न सक्ने परिवार सङ्ख्या १५ वटा (७-१०) महिनासम्म धान्न सक्ने परिवार सङ्ख्या ३१ वटा तथा (११-१२) महिना खान पुग्ने परिवार सङ्ख्या १२ वटा देखिन्छन् । यसरी यस मगर समुदायमा आम्दानीको स्तर निकै कम देखिन्छ जसले वार्षिक रुपमा परिवारको गुजारा चलाउन गाह्रो भएको छ ।

### ४.२.२३ खर्च शिर्षक

परिवारमा दैनिक मासिक वा वार्षिक रुपमा कुनै निश्चित कार्यको प्रयोजनका लागि रकम खर्च हुने गर्दछ । शिक्षा, स्वास्थ्य, खाना, चाडपर्व, रोजगार आदि केही खर्च शिर्षक हुन् । यस मगर समुदायका उत्तरदाताका परिवारको वार्षिक खर्च सबैभन्दा बढी हुने शिर्षक निम्नानुसार देखिन्छ ।

तालिका ४.१९ उत्तरदाताको परिवारमा सबैभन्दा बढी खर्च हुने शिर्षकको स्थिती

| शिर्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खाना | ६३ | ६३.६३ |
| औषधी | ८ | ८.०८ |
| शिक्षा | ५ | ५.०५ |
| चाडपर्व | २ | २.०५ |
| रोजगारी | २१ | २१.२१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिकाअनुसार कुल ९९ उत्तरदाता मध्ये सबैभन्दा बढी खानामा खर्च हुने उत्तरदाता संख्या ६३ जना, औषधीमा खर्च हुनेको संख्या ८ जना, शिक्षामा खर्च हुनेको संख्या ५, चाडपर्वमा बढी खर्च हुने उत्तरदाताको संख्या २ तथा रोजगारीका लागि बढी खर्च हुने उत्तरदाताको संख्या २१ देखिन्छ । यसरी यस मगर समुायमा सबैभन्दा बढी खर्च हुने शिर्षक खाना भएको स्पष्ट हुन्छ ।

### ४.२.२४: आम्दानी, खर्चको अनुपात

कुनै पनि व्यक्ति, परिवार, समुदाय वा देशको सामाजिक, राजनैतिक, साँस्कृतिक स्थिति उनीहरुको आर्थिक स्थितिमा निर्भर गर्दछ । आर्थिक स्थितिको उच्चताले परिवार र समुदायलाई सबल बनाउनसक्छ र आत्मनिर्भर पनि बन्न सक्छ । आर्थिक पक्षले समाजका अन्य सबै पक्षलाई असर गरिरहेको हुन्छ । प्रस्तुत अध्ययनमा कुल ९९ उत्तरदाता रहेका मगर परिवारको वार्षिक रुपमा आम्दानी खर्चको स्थिति हेर्दा यस प्रकार देखिन्छ ।

तालिका ४.२० उत्तरदाताको वार्षिक आम्दानी र खर्चको स्थिति

| स्थिति (वार्षिक) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आम्दानी खर्च सन्तुलित | ८ | ८ |
| आम्दानीभन्दा खर्च बढी | ८० | ८०.९ |
| खर्चभन्दा आम्दानी बढी | ११ | ११.१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथीको तालिका अनुसार यस मगर समुदायका ९९ उत्तरदाता परिवारमध्ये आम्दानी र खर्चको वार्षिक स्थितिलाई हेर्दा आम्दानी र खर्च सन्तुलित देखिने परिवार संख्या ८, आम्दानी भन्दा खर्च बढी हुने परिवार संख्या ८० तथा खर्चभन्दा आम्दानी बढी हुने परिवार संख्या ११ देखिन्छ । आर्थिक स्थितिमा यहाँको मगर समुदाय कमजोर देखिन्छ जहाँ आम्दानीभन्दा खर्च बढी हुनेको प्रतिशत अत्यन्त उच्च ८०.९% छ ।

### ४.२.२५ बचत रकमको सञ्चय

आर्थिक अवस्था सबल हुने परिवार वा व्यक्तिले बचत रकमलाई विभिन्न रुमा परिचालन गरी सञ्चित गर्ने गर्दछन् । यस अध्ययनमा उत्तरदाताहरुले बचत रकमको सञ्चय गर्ने माध्यम निम्न अपनाउने भेटियो ।

तालिका४.२१: उत्तरदाताको बचत रकमको सञ्चय गर्ने माध्यम

| सञ्चय गर्ने माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बैंक | ६ | ५४.५ |
| जग्गा जमिन खरिद | ३ | २७.३ |
| ब्याजको रुपमा लगानी | २ | १८.२ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार कुल ९९ उत्तरदातामध्ये ११ उत्तरदाताले मात्र रकम बचत हुने बताउनुभयो । उक्त बचत रकमलाई सञ्चित गर्ने तरिकामा बैंकमा राखेर सञ्चय गर्ने उत्तरदाताको संख्या ६ जना, जग्गा जमिन खरिद गरी सञ्चय गर्नेको संख्या ३ जना तथा ब्याजको रुपमा लगानी गरी सञ्चय गर्ने उत्तरदाताको संख्या २ देखिन्छ ।

### ४.२.२६ बचत रकम सञ्चय गर्नाको कारण

बचत रकम विभिन्न प्रयोजनार्थ सञ्चय कुल ९९ उत्तरदातालाई बचत रकमको सञ्चयको कारणबारे प्रश्न गर्दा निम्न तथ्य फेला पऱ्यो ।

तालिका ४.२२: उत्तरदाताको बचत रकमको सञ्चयको प्रयोजन

| प्रयोजन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छोरा छोरीको उच्च शिक्षा | ५ | ४५.५ |
| जग्गा जमिन खरिद | २ | १८.२ |
| अन्य | ४ | ३६.३ |
| जम्मा | ११ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिकाअनुसार कुल ९९ जना उत्तरदाता मध्ये ११ जनाले मात्र बचत रकम सञ्चय गर्ने र उक्त रकम सञ्चय गर्नाको प्रयोजनबारे बुझ्दा छोराछोरीको उच्च शिक्षाको लागि रकम सञ्चित गर्ने उत्तरदाताको संख्या ५, जग्गा जमिन खरिद गर्न सञ्चय गर्ने उत्तरदाताको संख्या २ तथा अन्य स्वास्थ्य, रोजगार, विवाह आदिको प्रयोजनार्थ रकम सञ्चय गर्नेको संख्या ४ देखिन्छ । अतः यस समुदायमा छोराछोरीको उच्च शिक्षाको लागि रकम सञ्चित गर्नेको संख्या बढी छ ।

### ४.२.२७ जग्गा जमिन

कृषिको रुपमा खेती गर्न जग्गा जमिनको आवश्यकता पर्दछ । अन्नबाली, तरकारीवाली लगायत काठ, दाउरा, पशुपालन समेतको लागि जग्गा जमिन हुनु आवश्यक छ । क्षेत्रफलको हिसाबले उत्तरदाताको जग्गा जमिनको स्थिति निम्नानुसार देखिन्छ ।

तालिका ४.२३: उत्तरदाताको जग्गा जमिनको स्थिति

| जमिनको क्षेत्रफल (रोपनी) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५ | ७ | ७ |
| ५-१० | १० | १० |
| १०-१५ | २८ | २९ |
| १५-२० | ३३ | ३३ |
| २० भन्दा माथि | २१ | २१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार कुल ९९ उत्तरदाता मध्ये ५ रोपनीसम्म जमिन हुने उत्तरदाताको संख्या ७, (५-१०) रोपनी सम्म जमिन हुनेको संख्या १०, (१०-१५) रोपनी सम्म जमिन हुनेको संख्या २८, (१५-२०) रोपनी सम्म जमिन हुने उत्तरदाताको संख्या ३३ तथा २० रोपनी भन्दा माथि जमिन हुने उत्तरदाताको संख्या २१ देखिन्छ। यसर्थ (१५-२०) रोपनी सम्म जमिन हुने मगर परिवारको प्रतिशत अन्यको भन्दा उच्च रहेको छ।

### ४.२.२८ उत्तरदाताको आर्थिक स्रोतको परिवर्तन

विगत १० वर्षदेखि हाल सम्मको यस समुदायका उत्तरदाताहरुको आर्थिक स्रोतको परिवर्तनको स्थितिलाई बुझ्दा निम्न तथ्य पाइयो

तालिका ४.२४: उत्तरदाताको आर्थिक स्रोतको परिवर्तनको स्थिति

| स्रोत परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भयो | ३३ | ३३.४ |
| भएन | ८ | ८ |
| सामान्य परिवर्तन | ५८ | ५८.६ |
| जम्मा | ९९ | १०० |

घरधुरी सवेक्षण २०७१

माथिको तालिका अनुसार यस समुदायका ९९ उत्तरदाताका विगत १० वर्षदेखि हालसम्मको आर्थिक स्रोतमा परिवर्तनभयो वा भएन भनेर हेर्दा ३३ उत्तरदाताहरुको आर्थिक स्रोतमा परिवर्तन भयो। ८ जना उत्तरदाताहरुको आर्थिक स्रोतमा कुनै परिवर्तन नभएको र ५८ उत्तरदाताको आर्थिक स्रोतमा सामान्य परिवर्तन भएको पाइयो। यहाँ परिवर्तन भन्नाले आर्थिक स्रोतमा सामान्य परिवर्तन भएको पाइयो। यहाँ परिवर्तन भन्नाले आर्थिक स्रोतको सकारात्मक परिवर्तन हो र यस समुदायमा ९२% उत्तरदाताको आर्थिक स्रोत परिवर्तन भएको देखिन्छ।

# अध्याय पाँच

# उत्तरदाताको सामाजिक, आर्थिक अवस्थामा वर्तमान पेशाले पारको प्रभावको विश्लेषण

वर्तमान समाज परिवर्तनको उपज हो । समाज विकासको क्रममा विभीन्न सामाजिक सँस्कृतिहरुको थालनी, निरन्तरता र परिमार्जन हुदै अगाडी बढ्न् क्रममा आधुनिक समाजको जन्म हुन गएको हो । विज्ञान र प्रविधीको विकासले सिङ्गो सामाजिक, साँस्कृतिक तथा आर्थिक संरचना नै प्रभावित भएको देखिन्छ । यसरी समाजको विकास र विस्तार अगाडी बढेको छ । वर्तमान समाज परिवर्तनको उपज हो र समाज सामाजिक प्रक्रियाको परिवर्तित स्वरुप हो । समाज आफैमा सिङ्गो र परिपूर्ण अवधारणा होइन । यो त विभिन्न सामाजिक एकाइहरुको योग हो । यीनै सामाजिक संरचनाका विभीन्न पक्षहरुका बारेमा तिनीहरुको विगतको अवस्थिति र वर्तमानको स्वरुप लाई विश्लेषण गर्नुपर्दछ । (आचार्य,२०६०)

सामाजिक, आर्थिक परिवर्तनको कारक तत्व मध्ये पेशा एउटा महत्वपूर्ण तत्व हो । पेशाले व्यक्ति, परिवार तथा समाजको सामाजिक आर्थिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न भएको प्रस्तुत अध्ययनमा उत्तरदाताले अपनाएका विगतका पेशा र हालका पेशाको विवरणका आधारमा पेशा परिवर्तनबाट उनीहरुको सामाजिक आर्थिक अवस्थामा पारको प्रभावलाई विश्लेषण गर्न खोजिएको छ ।

## ५.१ पेशा परिवर्तन

कुनैव्यक्ति वा परिवारको मुख्य आम्दानी पेशाबाट हुने गर्दछ। पेशालाई मुख्य र सहायक गरी अपनाउने गरिन्छ । समय परिवर्तन सँगै आम्दानिका श्रोतहरु खोज्दै जाने क्रममा पेशा परिवर्तन पनि हुने गर्दछ। यस्तो परिवर्तन मुख्य पेशा वा सहायक पेशा दुवैमा हुन सक्छ । प्रस्तुत अध्ययनमा विगत ५ वर्ष देखि हालसम्मको ५ वर्षको अन्तरालमा उत्तरदाताको मुख्य पेशाको स्थिति यस्तो देखिन्छ ।

तालिका नं. ५.१ उत्तरदाताको मुख्य पेशामा आएको परिवर्तन स्थिति

| पेशागत विवरण | उत्तरदाताको पेशागत संलग्नता | | | |
|---|---|---|---|---|
| | पहिले | | अहिले | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कृषि | ६६ | ६७ | ४५ | ४६ |
| सैनिक सेवा | १८ | १८ | ३५ | ३५ |
| वैदेशिक रोजगार | ५ | ५ | १४ | १४ |
| सिकर्मी, डकर्मी/ज्याला मजदुरी | १० | १० | ५ | ५ |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.१ अनुसार विगत ५ वर्षमा उत्तरदाताको पेशाको परिवर्तनलाई हेर्दा सबै पेशामा परिवर्तन भएको देखिन्छ। पहिले ६६ परिवारको मुख्य पेशा कृषि थियो भने हाल ४५ परिवारमा देखिन्छ। त्यस्तै सैनिकलाई विगत ५ वर्ष अगाडी मुख्य पेशा मान्ने उत्तरदाता १८ थिए भने हाल ३५ जना देखिन्छन्। वैदेशिक रोजगारलाई मुख्य पेशा मान्ने ५ जनाबाट हाल १४ जनामा परिवर्तन भएको देखिन्छ भने सिकर्मी डकर्मी तथा ज्यालामजदुरीलाई ५ वर्ष पहिले मुख्य पेशा मान्नेउत्तरदाता १० थिए भने हाल उक्त सङ्ख्या ५ देखिन्छ, यसरी भएको पेशा परिवर्तनले आर्थिक सामाजिक क्षेत्रमा पारको प्रभाव यस प्रकार देखिन्छ।

## ५.२ सामाजिक प्रभाव

यस समुदायमा वर्तमान पेशाले सामाजिक जिवनका विभीन्न संरचनाहरु परिवारको प्रकार, परिवारको आकार, घरको वनावट, धर्म, शौचालयको प्रयोग, वातावरणिय सरसफाई र चेतना, शिक्षा, चाडपर्व  र संस्कार आदि पक्षमा पारेको प्रभाव यस प्रकार देखिन्छन्। यो प्रभाव र र परिवर्तन ५ वर्षको समयावधिमा लिइएको छ।

### ५.२.१ परिवारको प्रकार

यस समुदायका उत्तरदाताहरुको विगत र वर्तमानको परिवारका प्रकार निम्न देखिन्छ।

तालिका नं. ५.२: उत्तरदाताको परिवारको प्रकारको परिर्वतनको स्थिति


| प्रकार | विगत | | वर्तमान | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| एकल | ३० | ३० | ६३ | ६३.६४ |
| संयुक्त | ६९ | ७० | ३६ | ३६.३६ |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१


तालिका ५.२ अनुसार विगतमा एकल परिवार भएका उत्तरदाताको सङ्ख्या ३० र हाल ६३ देखिन्छ । त्यस्तै संयुक्त परिवार हुनेको सङ्ख्या विगतमा ६९ र हालमा ३६ देखिन्छ । यसर्थ यस समुदायमा एकल परिवार तर्फ परिवारको प्रकार बढ्दै गएको देखिन्छ । जसलाई तल वृत्त चित्रबाट अझ प्रष्ट पारिएको छ ।

**चित्र नं. ५.१ उत्तरदाताको परिवारको प्रकारको परिर्वतनको स्थिति**

**विगत**




**वर्तमान**




## ५.२.२ परिवारको आकार

परिवारमा रहने सदस्य संख्याको आधारमा परिवारको आकार निर्धारण गरिन्छ । विगत ५ वर्षमा उत्तरदाताका परिवारको आकारको परिवर्तनको स्थिति निम्नानुसार छ ।

तालिका नं. ५.३ उत्तरदाताका परिवारको आकारको परिवर्तनको स्थिति

| आकार | विगत | | वर्तमान | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २–४ | ११ | ११ | २४ | २४.२ |
| ४–८ | ६९ | ७० | ७३ | ७३.८ |
| ८ भन्दा माथि | १९ | १९ | २ | २ |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.३ अनुसार अदालतका पेशा परिवर्तन सँगै आकारमा पनी परिवर्तन भएको देखिन्छ। (४४) जना परिवार हुनेको सङ्ख्या ५ वर्ष अघी ११ थियो भने हाल (२-४) परिवार हुनेको सङ्ख्या ५ वर्ष अघी ११ थियो भने हाल २४ जना देखिन्छ। त्यस्तै (४-८) जना सम्म परिवार सङ्ख्या हुने उत्तरदाताको सङ्ख्या  विगतमा ६९ थियो भने हाल ७३ देखिन्छ। त्यस्तै ८ जना भन्दा बढि परिवार सङ्ख्या  हुने उत्तदराता पहले १९ थिए भने हाल २ जना मात्र देखिन्छ। यसरी यस समुदायमा परिवारको आकार घट्दै गएको र जनसङ्ख्या नियन्त्रण सम्बन्धि चेतनाको विकास हुदै गएको देखिन्छ।

### ५.२.३ घरको बनावट

मानिसको मुख्य वासस्थान घर हो। घर पक्की तथा कच्ची दुबै प्रकारको हुने गर्दछन्। विगत ५ वर्षको अन्तरालमा उत्तरदाताको घरको बनावटको परिवर्तनको स्थिति यस प्रकार छ।

तालिका नं. ५.४ उत्तरदाताको परिवारको घरको वनावटको परिवर्तनको स्थिति

| वनावट | विगत | | वर्तमान | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ढुङ्गा, खरको प्रयोग | ७१ | ७२ | ३ | ३ |
| ढुङ्गा, कर्कटपाता | २६ | २६ | ९२ | ९३ |
| ढुङ्गा कर्कटपाता र सिमेन्टको प्रयोग | १ | १ | ४ | ४ |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.४ अनुसार विगत र वर्तमानमा घरको वनावट लाई हेर्दा कच्ची तर ढुङ्गा र खरको प्रयोग गरी बनाइएका घरहरु भएका उत्तरदाताको सङ्ख्या ७१ थियो तर हाल यो सङ्ख्या ३ देखिन्छ । त्यस्तै ढुङ्गा र कर्कट पाताको प्रयोग गरि वनाइएका घरहरु विगत ५ वर्षमा २७ वटा थिए भने हाल ९२ वटा देखिन्छ । त्यस्तै ढुङ्गा, कर्कटपाता तथा सिमेन्टको प्रयोग गरि बनाइएका घरहरु विगतमा भएका उत्तरदाताहरुको सङ्ख्या १ थियो भने हाल ४ वटा घरहरु मा सिमेन्टको प्रयोग गरिएको पाइन्छ । पेशाको परिवर्तन सँगै घरको बनावटमा पनी आधुनिकता भित्रीएको देखिन्छ ।

### ५.२.४ चाडपर्व तथा संस्कार

यस समुदायका हिन्दु धर्मालम्वीहरुले मनाउने चाडपर्वहरु मनाइन्छन् । र हिन्दु परम्परा अनुसारनै संस्कारहरु सम्पन्न गरिनछ भन्ने उत्तरदाताको भनाइ पाइन्छ । विगत ५ वर्षको अन्तरालमा पेशाले पारेको प्रभावलाई हेदा भने चाडपर्व र संस्कारहरुमा आधुनिकता भित्रीएको पाइन्छ । चाडपर्वमा खाद्यान्नको परिकार र मनाउने तरिका फरक बन्दै गएको पाइन्छ । भने हिन्दुसंस्कार अन्तर्गत जन्म संस्कारमा आधुनिकता भित्रीएको र यस्तो संस्कार मनाउदा आधुनिक गित र नाँच प्रस्तुत गर्ने प्रचलन बढ्दै गएको देखिन्छ ।

### ५.२.५ भेषभुषा र रहनसहन

विगत र वर्तमानको यस समुदायको भेषभुषा र रहन सहनको परिवर्तनको स्थिति लाई शत प्रतिशत उत्तरदाताहरुले स्विकार्छन । परम्परागत भेषभुषाको रुपमा रहेका पुरुषका कछाड धोती, भोटो, सुरुवाल, पटुका, भाङग्राको प्रयोग घट्दै गइरहेको छ भने युवापुस्तामा त्यसको प्रयोग शुन्य देखिन्छ । त्यस्तै महिलाले विगतमा लगाउने गुन्यु, मखमलको घलेक, चोलो पनी हाल घट्दो क्रममा देखिन्छ । यसरी आधुनिक समाजको रहनसहनमा घुलमिल भएर आएका वा आधुनिकीकरणको प्रभाव परेका युवापुस्ता बाट यहाँका विगतका भेषभुषा र रहनसहन बढि प्रभाावित बनेको देखिन्छ ।

### ५.२.६ शौचालय

एउटा परिवारको मुख्य आवश्यकताको रुपमा रहने शौचालय वातावरणीय सरसफाइको मूल सूचक मात्र नभएर सभ्यताको चिनारी पनि हो । विगत ५ वर्षको अन्तरालालमा उत्तरदाताको शौचालयको परिवर्तनको स्थिति यस प्रकार छ ।

तालिका ५.५ उत्तरदाताको शौचालयको परिवर्तनको स्थिति

| प्रकार | विगत | | वर्तमान | |
|---|---|---|---|---|
| | सङख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कच्ची | २३ | | – | – |
| पक्की | ७६ | | ९९ | १०० |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.५ अनुसार उत्तरदाताको ५ वर्ष अघि कच्ची शौचालय हुने सङ्ख्या २३ थियो र पक्की शौचालय हुनेको सङ्ख्या ७६ थियो भने हाल कच्ची शौचालय हुनेको सङ्ख्या देखिदैन र शौचालयको पूर्ण सुविधा भएको शत प्रतिशत उत्तरदाताहरु देखिन्छन् । यसरी पक्की शौचालयको बढ्दै गइरहेको देखिन्छ ।

### ५.२.७ वातावरणीय स्वास्थ्य र चेतना

यस समुदायमा रहेका सबै उत्तरदाताहरुले वातावरणिय स्वास्थ्यमा धेरै परिवर्तन भएको बताउछन् पूर्ण सरसफाई, शौचालयको प्रयोग र सरसफाई लाई विगत र वर्तमान विच तुलना गर्दा धेरै सकारात्मक परिवर्तनहरु भएको पाइन्छ । फोहोर गाउँ सफा गाउँमा परिवर्तन हुदैछ र सामाजिक एकताले समुदायिक विकास हुन्छ भन्ने चेतनाको विकास विगतमा नभएको तर हाल उक्त चेतनाको विकास भएको पाइन्छ । त्यसको परिणामस्वरुप विगत ५ वर्षको अन्तरालमा घर घरमा सफा पिउने पानीको धारो गाउँका विचमा र चोकमा फोहोर थुपार्ने ड्रम देख्न सकिन्छ । आमा समुह र युवा क्लवको गठन गरि सामुदायिक विकास तथा स्वरोजगारका क्षेत्रमा अग्रसर रहेको पाइन्छ ।

### ५.२.८ शिक्षा

विगत ५ वर्षमा उत्तरदाताको परिवारमा भएको शैक्षिक परिवर्तनको स्थितिलाई हेर्दा शैक्षिक परिवर्तन भएको सत प्रतिशत उत्तरदाताको भनाइ देखिन्छ । विगतमा छोरालाई रोजगारीका लागि भर्ती गर्ने परम्परा रहेको थियो भने हाल कलेजमा पढ्नेको सङ्ख्या बढ्दै गएको देखिन्छ । त्यस्तै छोरीलाई नपढाउने परिवार प्रशस्त देखिन्थे भने हाल छोरीलाई अनिवार्य पढाउने सङ्ख्या शत प्रतिशत देखिन्छ । यसरी यस समुदायमा शैक्षिक स्तर विस्तारै बढ्दै गएको छ भन्न सकिन्छ । र शैक्षिक लगानी पनि वृद्धि हुदै गएको पाइन्छ ।

## ५.३ आर्थिक प्रभाव

उत्तरदाताको पेशा परिवर्तनले उनीहरुको आर्थिक जीवनमा पनि प्रभाव पारको देखिन्छ । पेशाले व्यक्ति, परिवार तथा समुदायको आर्थिक स्थितिमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले यस अध्ययनमा यस मगर समुदायमा रहेका उत्तरदाताहरुको वर्तमान पेशाले विगत ५ वर्षको अन्तरालमा आर्थिक स्थितिका विभिन्न पक्षहरु जग्गा जमिन, आम्दानी, प्रविधिको उपयोग आदिमा पारेको प्रभाव निम्न देखिन्छ ।

### ५.३.१ जग्गा जमिन

विगत देखि वर्तमान सम्मको ५ वर्षको अन्तरालमा उत्तरदाताको वर्तमान पेशाको कारणले जग्जा जमीनको क्षेत्रफलमा भएको परिवर्तनको स्थिती यस्तो देखिन्छ ।

तालिका ५.६: उत्तरदाताको जग्गा जमीनको परिवर्तनको स्थिति

| क्षेत्रफल | विगत | | वर्तमान | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| ५ रोपनी सम्म | २३ | २३.३ | ७ | ७ |
| (५-१०) रोपनी | १३ | १३.१ | १० | १० |
| (१०-१५) रोपनाी | ३० | ३०.४ | २८ | २८ |
| (१५-२०) रोपनी | २४ | २४.२ | ३३ | ३४ |
| २० रोपनी भन्दा माथि | ९ | ९ | २१ | २१ |
| जम्मा | ९९ | १०० | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.६ अनुसार उत्तरदाताको वर्तमान पेशाले विगत ५ वर्षमा जग्गा जमीनको स्थितिमा प्रभाव पारेको देखिन्छ । पहिले ५ रोपनी सम्म जमीन हुने उत्तरदाताहरु २३ थिए भने हाल ७ जना देखिन्छन् । त्यस्तै (५-१०) रोपनी सम्म जमीनहुने उत्तरदाता ५ वर्ष पहिले १३ जना देखिन्छन भने हाल १० जना देखिन्छन् । त्यस्तै (१०-१५) रोपनी सम्म जमीन हुने उत्तरदाता पहिले ३० जना देखिन्छन भने हाल २८ जना देखिन्छन् । त्यस्तै ५ वर्ष पहिले ( १५-२०) रोपनी जमीन हुने उत्तरदाता २४ जना देखिन्छन भने हाल यो सङ्ख्या ३३ जना देखिन्छ । र २० रोपनी भन्दा माथि जमीनहुने उत्तरदाता ५ वर्ष पहिले ९ जना देखिन्छन

भने हाल २१ जना रहेका छन् । यसरी पेशा परिवर्तन सँगै जग्गा जमीन किन बेचको प्रभाव परेको पाइन्छ ।

### ५.३.२ आम्दानी

कुनैपनि ब्यक्ति वा परिवारमा मासिक वा वार्षिक रुपमा प्राप्त हुने रकम आम्दानी हो । आम्दानिले उसको आर्थिक स्थितिमा प्रभाव पार्ने गर्दछ । उत्तरदाताको वर्तमान पेशाले ५ वर्ष देखि हाल सम्म आम्दानीमा परिवर्तन भएको वा नभएको स्थिति यस्तो देखिन्छ ।

तालिका ५.७: उत्तरदाताको वर्तमान पेशाले आम्दानीमा ल्याएको परिवर्तनको स्थिति

| आम्दानीमा परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भयो | ८९ | ८९.९ |
| भएन | १० | १०.१ |
| जम्मा | ९९ | १०० |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.७ अनुसार उत्तरदाताको वर्तमान पेशाले विगत ५ वर्षको अन्तरालमा आम्दानीमा परिवर्तन भयो भन्ने उत्तरदाता ८९ देखिन्छन् भने कुनै परिवर्तन भएन भन्ने उत्तरदाताको सङ्ख्या १० जना देखिन्छ । समुदायमा भएको परिवर्तन सकारात्मक परिवर्तन हो । यसरी पेशा परिवर्तन सँगै आर्थिक आम्दानी परिवर्तन भएका उत्तरदातको प्रतिशत उच्च देखिन्छ ।

### ५.३.३ प्रविधिको प्रयोग

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । दिन प्रतिदिन वैज्ञानिक आविस्कारहरुको प्रयोगको बढ्दोक्रमले मानव जीवन सहज बन्दै गएको छ । नेपालको ग्रामिण भेगमा पनि सुचना तथा संचार प्रविधिका साधनहरुको उपयोग बढ्दै गईरहेको देखिन्छ । यस अध्ययनमा उत्तरदाताको विगत ५ वर्षको अन्तरालमा प्रविधिको परिवर्तनको स्थिति यस प्रकार रहेको छ ।

तालिका ५.८: उत्तरदाताको वर्तमान पेशाले प्रविधिको प्रयोगमा आएको परिवर्तनको स्थिति

| साधन | प्रयोगको स्थिति | | | |
|---|---|---|---|---|
| | विगत | | वर्तमान | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| मोवाइल | ९२ | ९३ | ९९ | १०० |
| टेलिभिजन | ७ | ७ | ४३ | ४३.४ |

घरधुरी सर्वेक्षण २०७१

तालिका ५.८ अनुसार उत्तरदाताहरुको वर्तमान पेशाले प्रविधिको प्रयोगमा ५ वर्षको अन्तरालमा परिवर्तन भएको देखिन्छ । जस अनुसार ५ वर्ष पहिले मोवाइल प्रयोग गर्ने उत्तरदाता ९२ जना थिए भने हाल ९९ जना नै देखिन्छन् । त्यस्तै टेलिभिजन प्रयोगकर्ता उत्तरदाताको सङ्ख्या ५ वर्ष पहिले ७ थियो भने हाल ४३ जना देखिन्छन् । यसरी यस समुदायमा विज्ञान र प्रविधिको प्रभाव बढ्दै गएको देखिन्छ । यी विविध परिवर्तनलाई हेर्दा यस समुदायमा वर्तमान पेशाले सामाजिक आर्थिक पक्षका विभिन्न संरचनाहरुमा प्रभाव पारेको पाइन्छ र यो समुदाय सामाजिक परिर्वतनको प्रक्रियामा अगाडि बढिरहेको स्पस्ट हुन्छ ।

# अध्याय छ

# सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझावहरु

पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ का मगर समुदायको सामाजिक आर्थिक स्थितिमा वर्तमान पेशाले पारेको प्रभाव शिर्षकमा गरिएको यस अध्ययनका सारांश, मुख्य प्राप्तिहरु, निष्कर्ष तथा सुझावहरु निम्नानुसार छन् ।

## ६.१ सारांश

मगर समुदायको वर्तमान पेशाले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव विषयमा प्रस्तुत अध्ययन गरिएको हो ।

यस अध्ययन क्षेत्रमा वसोवास गर्ने मगर समुदायको सामाजिक आर्थिक अवस्था कस्तो छ ? उनीहरु कस्ता कस्ता पेशा अपनाउछन् ? वर्तमान पेशाले उनिहरुको सामाजिक आर्थिक जिवन पद्धतिमा कस्तो प्रभाव पारिरहेको छ ? भन्ने समस्याहरु लिएर प्रस्तुत अध्ययन गरिएको हो । यस क्षेत्रमा वसोवास गर्ने मगर समुदायको हाल सम्म कुनै अध्ययन नभएको पाइएकोले यस क्षेत्रका मगर समुदायको अध्ययन गर्ने तिव्र उत्सुकता जागृत भई भविष्यमा हुने जनजातीय अध्ययनलाई समेत थप सहायक सामग्री बन्ने महत्वका साथ प्रस्तुत अध्ययन गरिएको हो । यस क्षेत्रमा वसोवास गर्ने मगर समुदायको सामाजिक आर्थिक अवस्था पत्ता लगाउने तथा उनीहरुले अवलम्वन गरका वर्तमान पेशाले उनीहरुको सामाजिक आर्थिक स्थितिमा पारेको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको थियो । यस अध्ययनलाई पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. १ मा वसोवास गर्ने मगर समुदाय भित्र मात्र सिमित राखिएकोले समग्र नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा वसोवास गर्ने मगर समुदायमा सामान्यीकरण नहुन सक्छ प्रस्तुत अध्ययनलाई ओजस्वी बनाउन अनवधारणागत, सैद्धान्तिक तथा पूर्व साहित्यहरुको समिक्षा गरिएको थियो । मगर जाती सम्बन्धि विभिन्न अवधारणागत साहित्यहरुको समिक्षा गरिएको थियो भने संरचनागत-प्रकार्यात्मक सिद्धान्त, आधुनिकिकरण जस्ता सामाजिक परिवर्तनका सिद्धान्तहरुको समिक्षाका साथै मगर जाती सँग सम्बन्धित विभिन्न पूर्व साहित्यहरुको समिक्षा गरिएको थियो । यस अध्ययन क्षेत्रमा रहेका ९९ वटा उत्तरदाता मध्ये शत प्रतिशतलाईनै जनगणना विधिबाट अन्वेषणात्मक तथा वर्णनात्मक ढाँचामा प्रस्तुत अध्ययन गरिएको थियो । प्राथमिक तथा

द्वितिय स्रोत बाट मात्रात्मक र गुणात्मक तथ्याङ्कहरु संकलन गरि प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तरवार्ता अनुसूची, अवलोकन र घटना अध्ययन जस्ता महत्वपूर्ण विधिहरु अवलम्वन गरिएको थियो । अनुसन्धानकर्ता स्वयमले स्थलगत सर्वेक्षण गरि जनगणना विधिबाट अन्तरवार्ता अनुसूचीको माध्यमले प्राथमिक तथ्याङ्क संकलन गरिएकोले प्रस्तुत अध्ययनमा विश्वसनियता र वैद्यता भएको पुष्टि हुन्छ । तथ्याङ्क संकलन पश्चात आवश्यकता अनुसार तथ्याङ्कहरुको प्रस्तुतिकरण र विश्लेषण गरि प्रस्तुत अध्ययनलाई पूर्णता दिईएको छ ।

**मुख्य प्राप्तिहरु**

यस पर्वत जिल्ला थापाठाना गा.वि.स वडा नं. १ खुमका मगर समुदायको वर्तमान पेशाले सामाजिक, आर्थिक स्थितिमा पारेको प्रभाव एक अध्ययनका मुख्य प्राप्तिहरु यस प्रकार छन् ।

- यस समुदायमा रहेका कुल ९९ घर परिवारमा जम्मा जनसङ्ख्या ५०४ देखियो जस मध्ये पुरुषको जनसङ्ख्या २६७ (४९.४५%) र महिलाको जनसङ्ख्या २७३ ( ५०.५५%) पाइयो । पुरुष भन्दा महिलाको जनसङ्ख्या १.१% बढि पाइयो ।
- उमेर अनुसार जनसङ्ख्याको स्थितिलाई हेर्दा सबैभन्दा बढि जनसङ्ख्या १६-६० उमेर समुहका ५८.५१% (३१६) जना र सबभन्दा कम जनसङ्ख्या ६० वर्ष माथिका ३.९% (२१) जना देखियो ।
- कुल ९९ उत्तरदातामा एकल परिवार भएका उत्तरदाता ६३ र संयुक्त परिवारको ढाँचा भएका उत्तरदाता ३६ पाइयो एकल परिवार तर्फ यहाँको मगर समुदाय उन्मुख भएको देखिन्छ ।
- परिवारको आकार हेर्दा ४-८ परिवार सङ्ख्या भएका उत्तरदाता सबैभन्दा उच्च ७३.८ % देखिन्छ भने ८ भन्दा बढी परिवार सङ्ख्या भएका उत्तरदाताको सङ्ख्या सबैभन्दा कम देखिन्छ ।
- परिवारको मुख्य पेशाको रुपमा कृषिलाई अपनाउने उत्तरदाता सबैभन्दा बढी ४५ जना र अन्य पेशा सिकर्मी डकर्मी, ज्याला मजदुरी अपनाउने उत्तरदाताको सङ्ख्या सबैभन्दा कम ५ जना देखिन्छ ।

- सहायक पेशाको रुपमा पशुपालन सबैभन्दा बढि ६८.७% देखिन्छ भने ज्याला मजदुरी सबैभन्दा कम ७% देखिन्छ । भैसीँ पालन शत प्रतिशत परिवारमा देखिन्छ ।
- शत प्रतिशत उत्तरदाताको घरमा पानीको धारा, शौचालयको सुविधा र विद्युतको सुविधा रहेको देखिन्छ ।
- उत्तरदाताको परिवारको रोजगारीको स्थितिलाई हेर्दा कुल ७६ जना रोजगारीमा संलग्न रहेको देखिन्छ । जस मध्ये भारतिय सेना र पेन्सनरको सङ्ख्या सबै भन्दा उच्च ४२ जना छ भने नेपाली सेना प्रहरीमा कार्यरतको सङ्ख्या न्यून (११) जना देखिन्छ ।
- उत्तरदाताहरु शत प्रतिशतलेनै हिन्दु धर्म मान्ने देखिन्छ । हिन्दु धर्मालम्वीहरुका चाडपर्वनै यस समुदायका प्रमुख चाडपर्वहरु हुन । र यस समुदायमा गरिने सबै सस्कारहरु हिन्दु परम्परा अनुसारनै ब्राम्हण पुरोहितबाट गरेको देखिन्छ ।
- शिक्षाको स्थिती त्यति सवल देखिदैन् । साक्षर (१-५) कक्षा सम्मका उत्तरदाताको प्रतिशत उच्च ५४% देखिन्छ ।
- उत्तरदाताका परिवारको शैक्षिक स्थिति हेर्दा कक्षा (९-१०) सम्म अध्ययन गरेकाको प्रतिशत जम्मा प्रतिशतको सबैभन्दा उच्च ३४.०३% छ भने सबैभन्दा कम कलेज तहमा अध्ययन गरेका ३% देखिन्छन् ।
- वार्षिक रुपमा अन्न उत्पादनको स्थितिले खान पुग्ने महिनालाई हेर्दा सबै भन्दा बढि (१-३) महिना सम्म खान पुग्ने उत्तरदाता ४१ जना भेटिन्छन भने सबै भन्दा कम (११-१२) महिना सम्म खान पुग्ने को सङ्ख्या १२ देखिन्छ ।
- आर्थिक स्थितिलाई हेर्दा आम्दानी भन्दा खर्च बढि हुने उत्तरदाताको प्रतिशत उच्च (८०.९%) र सबै भन्दा कम प्रतिशत (८%) खर्च भन्दा आम्दानी बढीहुने उत्तरदाताहरुको देखिन्छ ।
- शत प्रतिशत उत्तरदाताले मातृभाषाको रुपमा नेपाली भाषा प्रयोग गर्ने देखिन्छ । यस समुदायमा मगर भाषा प्रचलन मा देखिदैन ।
- मामाचेली फूपू चेला विवाहलाई प्राथमिकता दिने यस समुदायमा प्रेम विवाह मागि विवाहको प्रचलन पनि बढ्दै गएको पाइयो ।

- पितृसत्तात्मक परिवार भई लैङ्गीक विभेदको स्थिति देखिएपनि उत्तरदाताको परिवारमा महिलाको स्थान र भुमिका प्रवल रहेको पाइयो ।
- विगत ५ वर्षको अन्तरालमा पेशा परिवर्तन गर्ने उत्तरदाताहरुको सङ्ख्या उच्च देखिन्छ । कृषिबाट वैदेशिक रोजगार तर्फ यहाँको पेशा उन्मुख भएको देखिन्छ ।
- वर्तमान पेशाले सामाजिक आर्थिक स्थितिमा प्रभाव पारेको छ  भन्ने मान्ने उत्तरदाता शत प्रतिशत देखिन्छन् ।
- बिशेष गरि वर्तमान पेशाले उत्तरदाताको परिवार एकल परिवार तर्फ उन्मुख भएको, आम्दानी वृद्धि भएको घरको वनावट परिवर्तन भएको, परिवारको आकार सानो हुदै गएको, जग्गा जमिनको स्थिति परिवर्तन भएको पाइयो ।
- विश्वव्यापिकरण, औद्योगिकिकरण तथा आधुनिकिकरणको प्रभाव यहाँका मगर समुदायमा पनि परेको पाइयो । प्राचिन परम्परा रहन सहन, भेषभुषा र मनोरञ्जन क्रमस परिवर्तन हुदै गएको शत प्रतिशत उत्तरदाताको भनाइ पाइयो ।

## ६.२ निष्कर्ष

मगर समुदायको वर्तमान पेशाले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव एक अध्ययन शिर्षकमा प्रस्तुत शोधग्रन्थ तयार पारिएको छ । जनगणना विधीबाट कुल ९९ उत्तरदाता समक्ष उनीहरुको सामाजिक, आथिकएक स्थिति पत्ता लगाई वर्तमान पेशाले उनीहरुको सामाजिक, आर्थिक, अवस्थामा पारेको प्रभाव पत्ता लगाउने उद्देश्य लिई अन्तरवार्ता अनुसूची, अवलोकन तथा वैयक्तिक अध्ययन जस्ता प्राथमिक तथ्याङ्क संकलनका विधी अपनाई प्रस्तुत अध्ययन गरिएको हो । हाल सम्म यस मगर समुदायमा कुनै अध्ययन भएको नपाइएकोले अध्ययन गर्ने तिव्र उत्सुकता जागृत भई भविष्यमा कुनै जनजातिय अध्ययनका लागि समेत सहायक सामाग्री वन्न सक्ने औचित्यता लाई मध्यनजर राख्दै उक्त क्षेत्रको सीमा निर्धारण गरी यो अध्ययन प्रस्तुत गरिएको हो ।

यस मगर समुदायमा कुल जनसङ्ख्या ५०४ रहेको पाइयो जसमा महिलाको प्रतिशत १.१% बढि छ । उमेर अनुसारको जनसङ्ख्या हेर्दा (१६-६०) वर्ष उमेर समुहका सबैभन्दा बढि ५८.५१% देखिन्छन् । एकल परिवार ढाँचा भएका को उच्च प्रतिशत पाइन्छ । मुख्य पेशाको रुपमा कृषि देखिन्छ भने सहायक पेशाको रुपमा पशुपालनको प्रतिशत उच्च देखिन्छ । शौचालय, खानेपानी र विद्युतको राम्रो सुविधा भएको यस समुदायमा शैक्षिक

स्थिति कमजोर देखिन्छ । कलेज तहमा अध्ययन गरेका ७ जना छन भने (९-१०) कक्षा अध्ययन गरेका सबैभन्दा बढि ८१ जना पाइयो रोजगारको स्थितिलाई हेर्दा कुल ७६ जना नेपाल भित्र वा बाहिर रोजगारमा संलग्न रहेको पाइयो जस भित्र भुपु पेन्सनर समेत पर्दछन ढुङ्गा र कर्कट पाताको प्रयोग गरी बनाईएका घरहरुको प्रतिशत उच्च पाइने यस समुदायमा मातृभाषाको रुपमा नेपाली भाषाको प्रयोग गर्ने पाइयो । राना मगर र थापा मगर गरि दुई थरहरुको बसोवास भएको यस समुदायमा हिन्दु धर्म मान्ने शत प्रतिशत उत्तरदाता पाइयो भने हिन्दु धर्म र परम्परा अनुसारका विभिन्न चाडपर्वहरु मनाउने र संस्कारहरु अवलम्वन गर्ने गरेको पाइयो । यस समुदायमा आर्थिक स्थिति तयति सवल देखिएन वार्षिक आम्दानी भन्दा खर्च बढि हुने उत्तरदाता सबै भन्दा बढि ८०.९% देखियो विगत ५ वर्षको अन्तरालमा पेशा परिवर्तन गर्ने उत्तरदाताको प्रतिशत पनि उच्च देखिन्छ । पेशा परिवर्तन सँगै औद्योगिकिकरण, आधुनिकीकरणको प्रभावले सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तन भएको पाइयो । विशेष गरी वर्तमान पेशाले उनीहरुको परिवारको आकार घट्दै गएको परिवारको ढाँचा एकल परिवार तर्फ उन्मुख भएको घरको वनावटमा नयाँपन आएको मनोरञ्जन तथा चाडपर्व मनाउने तरीकामा आधुनिकता भित्रिएको, आम्दानी बृद्धि भएको, जग्गा जमिनको स्थितिमा परिवर्तन भएको तथा प्रविधिको प्रयोगको स्थिति उच्च भएको पाईयो ।

## ६.३ सुझावहरु

प्रस्तुत शोधपत्रमा मगर समुदायको वर्तमान पेशाले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावलाई मुख्य विषयवस्तु बनाइ प्रस्तुत अध्ययन गरिएको हो । यस समुदायमा रहेका सामाजिक आर्थिक पक्षहरुको अध्ययन र विश्लेषण गर्न पाउदा आफैमा अत्यन्त गौरवान्वित हुदै अध्ययन क्षेत्रका सबै उत्तरदाता एवम् सहयोगी हात प्रति आभार व्यक्त गर्दछु अन्तमा यस मगर गाऊँलाई सामाजिक आर्थिक रुपले सवल बनाई नेपालकै एक नमुना गाउको रुपमा परिचित गराउन अध्ययनको क्रममा दुर्वल देखिएका पक्षहरु प्रति सकारात्मक परिवर्तनको चाहना र विश्वास राख्दै निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- जनसङ्ख्याको स्थिति उच्च देखिएकोले जनसङ्ख्या नियन्त्रणका उपाय अवलम्वन गर्नुपर्ने देखिन्छ ।

- मुख्य पेशाको रुपमा देखिने कृषिमा व्यवसायीकरण गर्नुपर्ने देखिन्छ भने सहायक पेशाको रुपमा रहेको पशुपालनलाई पनि व्यवसायीक बनाई आत्मनिर्भर बन्नुपर्ने देखिन्छ ।
- शैक्षिक स्थितिलाई बढाउँनुपर्ने देखिन्छ । विद्यालय तहमा कक्षा छोड्ने दर उच्च भएकाले यसलाई हटाउनुपर्ने देखिन्छ ।
- लाहुरे प्रथालाई उच्च प्राथमिकता दिने मगर समुदायले स्वरोजगारका अन्य क्षेत्रमा पनि पाइला बढाउनुपर्ने देखिन्छ ।
- परम्परागत मगर संस्कृति झल्कने गित तथा नाचलाई निरन्तरता दिई संस्कृति जीवित राख्नुपर्ने देखिन्छ ।
- मातृभाषाको रुपमा मगर भाषाको प्रयोग शुन्य देखिएकोले मगर भाषा लोप हुने स्थितिमा जान सक्दछ अतः मगर भाषाको सिकाई र प्रयोगको सुरुवात गर्नुपर्ने देखिन्छ ।
- नेपालको सरकारी एवम् गैरसरकारी सेवामा नगन्य मात्रामा प्रवेश गरेका यहाँका मगर युवायुवतीहरुले स्वदेशका सरकारी गैरसरकारी सेवामा आफुलाई बढि संलग्न बनाउनुपर्ने देखिन्छ ।
- सामाजिक आर्थिक रुपले समुदायलाई सवल बनाउन आर्थिक स्थिति सवल भएका र दुर्वल भएका मगर परिवार विच आपसी सदभाव, सहयोग र मित्रताको घनिष्ट सम्बन्ध राखी सामुदायिक विकासमा अग्रसर हुनुपर्ने देखिन्छ ।

## सन्दर्भ ग्रन्थ सूची

अधिकारी, भोलानाथ (२०६८), *कास्की जिल्ला, लेखनाथ नगरपालीका,* ढुङ्गे पाटनका पुन मगरहरुको संस्कृतिको अध्ययन (शोधपत्र) ।

आचार्य, बलराम (२०६०), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* नेशनल बुक सेन्टर, भोटाहिटी काठमाण्डौं ।

आचार्य, बाबुराम (२०६०), *प्राचिनकालको नेपाल,* अन्तराष्ट्रियमञ्च छापाखाना,काठमाण्डौं ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ।

आले, दूर्गा बहादुर (२०६८), जनआन्दोलन २०६२।०६३ मा कास्की जिल्लाका मगरहरुको भूमिका (शोधपत्र) ।

केन्द्रीय तथ्यांक बिभाग (सन् २०११) को प्रतिवेदन ।

खत्री, प्रेम कुमार(२०५८), *नेपालका धार्मिक मत र सामाजिक संरचना,* एम.के. पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स, काठमाण्डौं ।

खत्री,मान बहादुर (२००५), बाग्लुङ जिल्ला, अर्गाल गा.वि.स.का मगरहरुको सामाजिक, आर्थिक क्रियाकलापको अध्ययन (शोधपत्र) ।

गा.वि.स. वस्तुगत विवरण, थापाठाना (२०६९) ।

गुरुङ, हर्क (१९९६), *Ethnic demography of Nepal,*पैरवी प्रकाशन, काठमाण्डौ ।

गौतम, टिकाराम (२०६०), *सामाजिक एवं सांस्कृतिक परिवर्तन र विकास सम्बन्धी दृष्टिकोणहरु,* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

घिमिरे, बलराम (२०६०), *अर्घाखाँची जिल्ला ढिकुर गाविस, गौचरका मगरहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन* (शोधपत्र) ।

चेम्जोङ ईमानसिंह (२०५०), *मगर जाति, मगर जो पत्रिका,* वर्ष १, अंक १, दार्जिलिङ भारत

जोशी, मिनु (२०५९), *स्याङ्जा जिल्ला तीनदोवाटो गाविसका मगरहरुको सामाजिक,* आर्थिक,संस्कृतिक अवस्थाको अध्ययन (शोधपत्र) ।

जिल्ला विकास योजना पर्वत (२०६८/०६९)

निरौला, खगेन्द्र (२०६२), *नेपाल परिचय,* रत्न पुस्तक भण्डार काठमाण्डौं ।

पाण्डेय, मधुसुधन (२०६३), *नेपालका जनजातिहरु,* पैरवी प्रकाशन, काठमाण्डौं नेपाल ।

पुन, खिमबहादुर (२०६८), *बाग्लुङ जिल्लामा अध्ययनरत मगर भाषी विद्यार्थीहरुको नेपाली वाक्यगठनमा त्रुटिहरुको अध्ययन* (शोधपत्र) ।

बराल मगर, केशरजङ्ग (२०५०), पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं ।

बिष्ट, डोर बहादुर (२०५५), सबैजातको फूलवारी, साझा प्रकाशन, काठमाण्डौ ।

बुढा मगर, बमकुमारी (२०६५), आझेलमा परेका मगरहरु, लिसार, वर्ष ७, अंक ३,

बुढा मगर, हर्ष बहादुर (२०५३), किराँत वंश र मगर, दिपतारा अफसेट प्रेस, काठमाण्डौ ।

भट्टराई, ज्ञानेश्वर (२०७०), वृहद् ज्ञानकोष, आशिष पुस्तक भण्डार, काठमाण्डौं ।

मगर संघको विधान, (२०४९) ।

राना, चन्द्र कुमारी (२००५), पाल्पा जिल्लाका मगर जातिको एक अध्ययन (शोधपत्र) ।

लामिछाने, कमलचन्द्र (२०६६), कास्की जिल्ला भुरुङ तातोपानी गाविसका मगरजातिको सामाजिक, आर्थिक पक्षको अध्ययन (शोधपत्र) ।

शर्मा, जनकलाल (२०५८), हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाण्डौ ।

सिवाल, बिष्णु (२०६७), All in one सामान्य ज्ञान, सुवि प्रकाशन प्रा.लि. काठमाण्डौ ।

सुवेदी, गोपाल कृष्ण (२०६७), तनहुँ जिल्ला, सिद्धार्थ उ.मा.वि.मा अध्ययनरत मगर छात्राको शैक्षिक अवस्था एक अध्ययन (शोधपत्र) ।

सुवेदी, शिखरनाथ (सन् १९११), थरगोत्र प्रवरावली ।

Ahamad, M.(1994), *Sociology of Development*, Vishwa Publication, New Delhi.

Francis, M.(1992), *Modern Sociological Theory*, Oxford University Press- India.

Maclver & C.H. page (1996). *Society an Introductory Analysis*, Macmillian, India Limited, Eight Edition.

Morre, Wilbert E. (1994). *Social Change*, Perntice Hall of India, New Delhi.

Smelser, Neil J.(1993), Sociology, Prentice hall of India(Pv.) Ltd.

# अनुसूची १

## अन्तरवार्ता अनुसुची

मिति :

१. घरमुलीको नाम :

उमेर : लिङ्ग :

शिक्षा : धर्म : पेशा

खानेपानीको सुविधा : छ/छैन

विजुलीको सुविधा छ/छैन

२. पारिवारिक विवरण :

| सि.न. | उमेर | लिङ्ग | शिक्षा | पेशा | धर्म | घरमुलीको नाम |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

३. तपाईको परिवारको ढाँचा कस्तो छ ?

क) एकल ख) संयुक्त ग) वृहत

४. तपाईको परिवारको मुख्य पेशा के हो ?

क) कृषि　　ख) पशुपालन　ग) व्यापार　घ) वैदेशिक रोजगार　ङ) सेना

५. तपाईको परिवारको फुर्ख्यौली आम्दानीको स्रोत के हो ?

क) कृषि　ख) पशुपालन　ग) व्यापार　घ) वैदेशिक रोजगार　ङ) सेना

६. तपाईको परिवारको सहायक पेशा के हो ?

क) पशुपालन　ख) कृषि　ग) व्यापार　घ) वैदेशिक रोजगार　ङ) अन्य

७. तपाईको परिवारको आम्दानीले वार्षिक कति महिनासम्म धान्न सक्छ ?

क) १-३　ख) ४-६　ग) ७-१०　घ) ११-१२

८. तपाईको परिवारको सदस्यको मुख्य पेशा के होस भन्ने चाहानुहुन्छ ?

क) छोरा =　ख) छोरी =

९. तपाईको रोजगारबाट मासिक कति आम्दानी होस भन्ने चाहानुहुन्छ ?

क) ५०००　ख) ५०००-१००००　ग) १००००-१५०००　घ)१५०००-२००००

१०. तपाईको परिवारमा सबैभन्दा बढी खर्च कुन शिर्षकमा हुने गर्दछ ?

क) खाना　ख) औषधि　ग) शिक्षा　घ) चाडपर्व

ङ) रोजगारीका लागी

११. हाल आर्थिक अवस्था कस्तो छ ?

क) आम्दानी खर्च सन्तुलित　ख) आम्दानी भन्दा खर्च बढी

ग) खर्च भन्दा आम्दानी बढी

१२. तपाईको परिवारमा बचेको पैसा कसरी संचय गर्नुहुन्छ ?

क) बैंकमा　ख) जग्गा जमिन खरिद　ग) व्याजको रुपमाा लगानी

१३. तपाई पैसाको बचत किन गर्नुहुन्छ ?

क) छोराछोरीको उच्च शिक्षा　ख) जग्गा जमिन खरिद गर्न　ग) अन्य

१४. तपाईको पुर्ख्यौली घरको बनावट कस्तो थियो ?

क) कच्ची　ख) पक्की

१५. शौचालयको सुविधा ?

क) छ　　　　　　　　　　ख) छैन

१६. हाल घरको वनावट कस्तो छ ?

क) ढुङ्गा, कर्कट पाताको प्रयोग　ख) ढुङ्गा खरको प्रयोग　　ग) अन्य

१७. कृपया तपाईको जग्गा जमिनको विवरण दिनुहोस् ।

| खेत | क्षेत्रफल | वारी/पाखो | क्षेत्रफल | अन्य जग्जा जमिन |
|---|---|---|---|---|
| | | | | |

१८. हाल उक्त जग्गा किनवेचमा कुनै परिवर्तन भयो ? कस्तो परिवर्तन भयो ? किनेको भए कहाँ कति छ ?

क) पैत्रीक थलोमा कति (　　)　　　　ख) अन्य कति (　　)

ग) बेचेको भए कति (　　)

१९. तपाई हाल कस्ता अन्न र तरकारीहरु उब्जाउनुहुन्छ ?

| अन्नको नाम | हो/होइन | तरकारी, फलफूलको नाम |
|---|---|---|
| धान | | हरियो सागपात |
| मकै | | बोडी/सिमी/चना/केराउ |
| गहुँ | | आलु |
| कोदो | | मास |
| जौ | | अन्य |

२०. तपाईको घरमा भएका पशु र चराहरुको नाम दिनुहोस् ।

| पशुको नाम | सङ्ख्या | चराको नाम | सङ्ख्या |
|---|---|---|---|
| भैंसी | | हाँस | |
| गाई/गोरु | | कुखुरा | |
| बाख्रा | | परेवा | |
| | | | |

२१. कृषिबाट मात्र उब्जेको अन्नले वार्षिक कति महिना खान पुग्छ ?

क) ३-६　　　　ख) ६-९　　　　ग) ९-१२

२२. तपाई कुन कुन अन्न र कुन कुन तरकारी बेच्नुहुन्छ ?

अन्न :

तरकारी :

२३. विगतबाट वर्तमानसम्ममा आर्थिक स्रोतमा परिवर्तन भयो ?

क) भयो ख) भएन ग) सामान्य भयो

२४. वैदेशिक रोजगारले तपाईको जीवन पद्दतिमा परिवर्तन ल्यायो ?

क) ल्यायो ख) ल्याएन

२५. तपाईको परिवारमा शिक्षाको स्थितिको विवरण दिनुहोस् ।

| सदस्यको नाम | घरमुलीसँगको नाता | शिक्षा | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२५. तपाईको परिवारमा वार्षिक कति रकम शिक्षामा खर्च गर्नु पर्दछ ?

..........................................................................

२६. तपाईको परिवारका छोराछोरी सरकारी तथा निजी कुन विद्यालयमा अध्ययनरत छन् ?

क) छोरा : सरकारी/निजी सङ्ख्या :

ख) छोरी : सरकारी/निजी सङ्ख्या :

२७. घरयासी काममा छोरा र छोरी कसलाई बढी लगाउनुहुन्छ ?

क) छोरा ख) छोरी

२८. तपाईको समुदायमा शिक्षित र अशिक्षित परिवार भएका मगरहरुको बीचमा कुनै अन्तर छ ?

क) छ ख) छैन

२९. तपाईको परिवारमा मनाउने चाडपर्वहरुको नाम दिनुहोस् ।

| महिना | चाडपर्व |
|---|---|
| वैशाख | |
| जेष्ठ | |
| असार | |
| श्रावण | |
| भाद्र | |
| आश्विन | |
| कार्तिक | |
| मंसिर | |
| पौष | |
| माघ | |
| फल्गुन | |
| चैत्र | |

३०. तपाईको परिवारमा मासु र रक्सी अनिवार्य हुने चाडपर्वहरु कुनै छन् ? भए कुन कुन हुन् ?

क)　　　　　　　　　　　ख)　　　　　　　　　　　ग)

३१. तपाई मासुको रुपमा कुन पशु / चरा प्रयोग गर्नुहुन्छ ?

क) पशु :

ख) चरा :

३२. तपाईको आफ्नै भाषा छ ?

क) छ　　　　　　　　　　ख) छैन

३३. तपाईको परिवारमा विगत र वर्तमानमा भेषभुषाको रुपमा केके प्रयोग गर्नुहुन्छ ?

| विगत | |
|---|---|
| पुरुषले प्रयोग गर्ने कपडा, गहना | महिला प्रयोग गर्ने कपडा, गहना |
| | |
| वर्तमान | |
| पुरुषले प्रयोग गर्ने कपडा, गहना | महिला प्रयोग गर्ने कपडा, गहना |
| | |

| | |
|---|---|
| | |

३४. तपाई विगतमा कुन कुन प्रविधीको प्रयोग गर्नुहुन्थ्यो ?

क) मोबाइल ख) टि.भी ग) इन्टरनेट घ) कम्प्यूटर

३५. हाल कुन कुन प्रविधीको प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

३६. तपाई विगतमा मनोरञ्जनका साधनको रुपमा के प्रयोग गर्नुहुन्थ्यो ?

क) रोदीघर ख) गीत गजल प्रतियोगिता ग) रेडियो घ) टि.भी.

३७. वर्तमान के प्रयोग गर्नुहुन्छ ?

क) क्लव कार्यक्रम ख) रोदीघर ग) टि.भी., फिल्म घ) आमा समुह

३८. वाद्यवादनका साधनमा विगत र वर्तमानमा के के प्रयोग गर्नुहुन्छ ?

| साधन | विगत | वर्तमान |
|---|---|---|
| | हो/होइन | हो/होइन |
| १. मुरली<br>२. मादल<br>३. हार्मोनियम<br>४. खैजरी, मुजुरा<br>५. गितार, ड्रमसेट | | |

३९. हाल कस्तो प्रकारको गीत गाउनुहुन्छ ?

क) सोरठी ख) यानीमाया ग) सालै जो घ) भजन ङ) आधुनिक

४०. विगतमा भएका प्राचिन मगर परम्पराहरु परिवर्तन भए कि भएनन् ?

क) भए ख) भएनन्

४१. अतिथि सत्कारको रुपमा के प्रयोग गर्नुहुन्छ ?

क) सामान्य दाल भात ख) मासु, रक्सी ग) गीत गाएर घ) अन्य

४२. तपाईको परिवारमा जन्म मृत्यु संस्कारमा विगत र वर्तमानमा कुनै फरक छ ?

| जन्म संस्कार | विगत | वर्तमान | मृत्यु संस्कार | विगत | वर्तमान |
|---|---|---|---|---|---|
| सुत्केरी वार्ने दिन | | | | | |
| जन्म दिन मनाउने | | | | | |
| छैठौं गर्ने | | | | | |
| अन्नप्राशन | | | | | |
| न्वारन | | | | | |
| | | | | | |

४३. तपाईको परिवारमा कस्तो विवाह पद्दति कायम छ ? कस्तो विवाहलाई प्राथमिकता दिनुहुन्छ ?

क) मामाचेला फुपुचली ख) मामाचलेली फुपुचेला ग) प्रेम

घ) चोरी ङ) मागी विवाह

प्राथमिकता................................

४४. विवाहमा दाइजो प्रथा अनिवार्य छ ?

क) छ ख) छैन

४५. तपाईको परिवारमा लैंगीक असमानता छ, छैन ?

क) छ ख) छैन

४६. तपाईको परिवारमा विगतको रहनसहनमा केही परिवर्तन आयो ?

क) आयो ख) आएन

४७. तपाईको समुदायबाट कत्तिको सहयोग प्राप्त हुन्छ ?

क) पुरै ख) अलिअलि ग) सहयोग छैन

४८. समुदायको विकास कार्यमा जनसहभागिता कस्तो रहन्छ ?

क) उल्लेखनीय ख) आंशिक ग) वादविवाद

४९. विकास निर्माण कार्यमा तपाई चन्दा इच्छुक हुनुहुन्छ ?

क) छु ख) छैन

५०. तपाईको समुदायमा रहेको मुख्य विकृति के छ ?

क) देहव्यापार ख) मदिरासेवन ग) लागू पदार्थ दुर्व्यशन घ) झगडा

५१. तपाईको समुदायमा सरकारी/गैरसरकारी क्षेत्रबाट कुनै सहयोग भएको छ कि छैन ?

क) छ ख) छैन

५२. तपाई आफूलाई जनजाति भएकोमा कस्तो लाग्छ ?

क) ठिक ख) बेठीक

५३. तपाईको परिवारको रोजगारको स्थितीको विवरण दिनुहोस् ।

| रोजगार | सङ्ख्या |
|---|---|
| नेपाली सेना / प्रहरी | |
| भारतिय सेना | |
| वैदेशिक रोजगार | |
| पेन्सन | |
| अन्य | |

सहयोगका लागि धन्यवाद

घरमूलीको हस्ताक्षर

# अनुसूची २

## बैयक्तिक अध्ययनको प्रयोजनार्थ तयार पारिएको
## प्रश्नावली

**नाम :** **उमेर :** **लिङ्ग :**
**शिक्षा :** **धर्म :** **पेशामा संलग्न परिवार संख्या :**
**परिवारको ढाँचा :** **छोरा छोरीको पेशाको चाहना (छोरा) :**
**छोरी :**

१. तपाईको आर्थिक अबस्था कस्तो छ ?

क) आम्दानी खर्च सन्तुलित ख) आम्दानी बढि ग) खर्च बढि

२. तपाईको परिवारको शिक्षाको स्थिती कस्तो छ? कस्तो विद्यालयमा छोराछोरी अध्ययन गर्दछन् ?

छोरा : छोरी :

३. तपाईको घरको बनावटमा कस्तो परिवर्तन भयो ?

पहिले : हाल :

४. तपाईको जग्गा जमिनको स्थिती कस्तो छ? विगतबाट केही परिवर्तन भयो ?

क) खेत ख) बारी ग) पाखो घ) जग्गा

परिवर्तन भयो ☐ भएन ☐

५. कृषि बाट उब्जेको अन्नले बार्षिक रुपमा कति महिना खान पुग्दछ?

क) १-३ ख) ३-६ ग) ६-९ घ) ९-१२

६. तपाईको सहायक पेशा के हो?

क) कृषि ख) पशुपालन ग) बैदेशिक रोजगारी घ) ब्यापार

ङ) अन्य

७. विगतबाट हालसम्म आर्थिक स्थितीमा परिवर्तन भयो ?

भयो ☐ भएन ☐

८. घरयासी काममा छोराछोरी मध्य कसलाई बढि लगाउनुहुन्छ ?

छोरा ☐ छोरी ☐

९. तपाईको समुदायमा विगत देखी बर्तमान सम्म रहनसहन भेषभुषा र परम्पराहरुमा परिवर्तन भए? तपाईलाई यस्तो परिवर्तन ठिक लाग्छ?

क) भए ☐ ख) भएन ☐ ग) ठिक ☐

घ) बेठिक ☐

१०. तपाई आफ्नो मातृभाषा जान्नुहुनछ?

जान्दछु ☐ जान्दिन ☐

११. तपाईको परिवारमा लैङ्गिक बिभेद छ वा छैन?

छ ☐ छैन ☐

१२. सामुदायिक विकासमा तपाईको सहभागिता कस्तो छ?

सक्रिय ☐ निस्क्रिय ☐

१३. सामुदायमा रहेको कुनै विकृति देख्नुहून्छ? भए

के...............................................

१४. तपाईको परिवारमा रोजगारीको स्थितीको विवरण दिनुहोस् ।

क) छोरा : ख) छोरी :

१५. तपाईको परिवारको पशुपालन को विवरण दिनुहोस् ।

..............................................................................................................

.......................................................................

१६. तपाईलाई सामाजिक परिवर्तन कस्तो लाग्छ?

राम्रो ☐ नराम्रो ☐

१७. तपाईको समुदायमा सामाजिक परिवर्तन भएको ठान्नुहुन्छ ?

ठान्दछु ☐ ठान्दिन ☐

*'सहयोगको लागि धन्यवाद '*

__________________

**सूचना दिने ब्यक्तिको हस्ताक्षर**